

# सुरु भयो सुपर टिन ब्लोअप कन्टेस्ट

**साप्ताहिक समाचार**

काठमाडौं- साप्ताहिकको यो अंकको मध्यपृष्ठमा प्रकाशित किशोरी 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७' की प्रतिस्पर्धी हुन् । नेपालमा आयोजना हुने गरेका सौन्दर्य प्रतियोगिताहरूमा नौलो किसिमको यो प्रतिस्पर्धालाई हामी 'ब्लोअप कन्टेस्ट' पनि भन्न सक्छौं । साप्ताहिकको मध्यपृष्ठमा आजदेखि १३ सातासम्म १३ जना प्रतिस्पर्धी किशोरीको तस्बिर प्रकाशित हुनेछ । साप्ताहिक तथा इमामी फेयर एन्ड टिनको संयुक्त आयोजनामा भैरहेको यो प्रतियोगिताका लागि काठमाडौं उपत्यकालगायत विराटनगर, धरान, इटहरी, पोखरा, नारायणघाट, बुटवल आदि स्थानबाट समेत झन्डै ५ सय किशोरीले आवेदन पठाएका थिए । तीमध्येबाट १३ जना अन्तिम छनौटमा परेका हुन् । १३ जनालाई कुपन्डोलस्थित फेम फेसन तथा केचे रेडिमेड बुटिकबाट फोटोसेसनका लागि पहिरन उपलब्ध गराइएको छ भने काठमाडौं मलस्थित नील डेभिड्स सैलुनबाट हेयर स्टाइलको सुविधा प्रदान गरिएको छ । सरोज पाण्डेको मेकअपमा चर्चित ग्ल्यामर फोटोग्राफर राजीव श्रेष्ठले उनीहरूको आकर्षक तस्बिर खिचिरहेका छन् । १३ सातासम्म मध्यपृष्ठमा प्रकाशित किशोरीमध्येबाट अन्त्यमा 'इमामी फेयर एन्ड टिन-सुपर टिन २००७' को उपाधि एक जनाले प्राप्त गर्नेछिन् । छनौट भएका मोडलहरू यस प्रकार छन्– शशी खड्का (काठमाडौं), संगीता श्रेष्ठ (काठमाडौं), समिरा गैरेल (विराटनगर), सुजाता कार्की (काठमाडौं), रोशा बस्नेत (मोरङ), दीपिका महर्जन (काठमाडौं), अर्पणा लामा (काठमाडौं), आँचल सिलवाल (ललितपुर), मेषा न्याइँच्याइँ (भक्तपुर), आसरा भट्टराई (ललितपुर), तोयषा राजकर्णिकार (काठमाडौं), रक्षा खड्का (काठमाडौं) तथा कोमल हिराचन (पोखरा) । प्रकाशित ब्लोअपका थप तस्बिर हरेक साता वेबसाइट नेटनशा डटकममा हेर्न पाइनेछ ।

## प्रतिभा र सुन्दरता मापनमा

# बालप्रतियोगिताहरू

■ रोजिन शाक्य

राजधानीस्थित विभिन्न विद्यालयमा अध्ययनरत ६ देखि १२ वर्ष उमेर समूहका सयभन्दा बढी विद्यार्थी, हिजोआज आ-आफ्नो विद्यालयको पठनपाठनपछि पनि व्यस्त देखिन्छन् । कोही काठमाडौं जेसिजको आयोजनामा हुन लागेको लिटिल लेडी ट्यालेन्ट सोका लागि तयारी गरिरहेका छन् भने कोही नेप्लिज फेसन होमको लिटिल मिस नेवाःका लागि आफ्नो प्रतिभा निखार्दैछन् । कोही ग्यालेक्सी मोडलिङ एजेन्सीले सञ्चालन गर्ने लिटिल प्रिन्स एन्ड प्रिन्सेजमा उपाधि जित्ने दाउमा देखिन्छन् ।

बितेको दुई महिनामा राजधानीमा लिटिल मिस्टर एन्ड मिस नेपाल, मास्टर स्टार, किड्स हन्ट, किड्स मास्टर एन्ड मिस तथा हेटौंडामा लिटिल लेडी ट्यालेन्ट सो तथा पोखरामा लिटिल फेयरी एन्ड लिटिल प्रिन्स शीर्षकमा बालबालिकासँग सम्बन्धित सौन्दर्य तथा प्रतिभा मापन गर्ने प्रतिस्पर्धा सम्पन्न भैसकेका छन् ।

सन् १९८८ देखि निरन्तरता पाएको लिटिल लेडी टचालेन्ट सोसँगै सन् २००३ देखि बालकहरूको प्रतिस्पर्धा 'मास्टर नेपाल' कार्यक्रमले पनि निरन्तरता पाइरहेको छ । सन् २००३ मै नेप्लिज फेसन होमले किड-क्विन शीर्षकमा बालिकाहरूसँग सम्बन्धित प्रतिस्पर्धा प्रारम्भ गरेको थियो ।

सन् २००५ सम्म आइपुग्दा बालबालिकासँग सम्बन्धित प्रधिस्पर्धाको आयोजनामा काठमाडौं जेजिस तथा नेप्लिज फेसन होमका अतिरिक्त द एरो मोडलिङ एजेन्सी, जित हाम्रो, ड्रिम एरा आदि संस्थाले पनि हात हाले ।

### अनुभव आ-आफ्नै

सन् २००३ मा किड-क्विन शीर्षकमा पहिलो कार्यक्रम आयोजना गर्ने नेप्लिज फेसन होमका प्रबन्ध निर्देशक फुफु तेञ्जिङ शेर्पाको दृष्टिमा बालबालिकासँग सम्बन्धित प्रतियोगिताहरू संख्यात्मक रूपमा बढ्नु अनुचित होइन तर आयोजनाको उद्देश्यमा विचलन आउनु हुँदैन । आयोजनाको व्यावसायिक पक्ष एकातिर रहे पनि

बाँकी पृष्ठ २१ मा



## क्यासेट

### प्लेयर्स




गीतकार योगेन्द्रमणि दाहालका शब्दहरूमा चार जना गायकले स्वर भरेको नयाँ गीतिसंग्रह 'प्लेयर्स' श्रोतामाझ आएको छ। म्युजिक डटकमले बजारमा ल्याएको यो गीतिसंग्रहमा गायक सुगम पोखेल, दीपेशकिशोर भट्टराई, दीपक लिम्बू तथा सरोज दत्तले स्वर प्रदान गरेका छन्। आठवटा गीत संग्रहित प्लेयर्समा प्रत्येक गायकले दुई-दुईवटा गीत गाएका छन्। संग्रहका सबै गीतमा गायक दीपेशकिशोर भट्टराईको संगीत सुन्न पाइन्छ।

### साइनो




गायक सबु थापाको एकल गीतिसंग्रह 'साइनो' दर्शक-श्रोतामाझ आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा राम थापा र तारादेवीले गाएको वनकाली माइ ....गीतलाई थापाले रिमिक्स भर्सनमा प्रस्तुत गरेका छन्। संग्रहमा शब्द रचना प्रदीप गुरुङ, उर्दिप जोशी, राजेन्द्र भण्डारी, राइजर ब्यान्ड/सबु थापा र प्रतापको छ भने रिमिक्सबाहेक सबै गीतको संगीत गायक स्वयंको छ। संग्रहमा आठवटा गीत समावेश छन्।

### मणि




गीतकार नारदमणि पौड्यालको एकल गीतिसंग्रह 'मणि' दर्शक-श्रोतामाझ आएको छ। सुरताल म्युजिकले बजारमा ल्याएको यो संग्रहमा उदितनारायण झा, आनन्द कार्की, आनी छोइङ डोल्मा, यम बराल, जगदीश समाल, माण्डवी त्रिपाठी, रामकृष्ण ढकाल, दीपक लिम्बू, अन्जना गुरुङ, रूपक डोटेल तथा साधना सरगमको स्वर सुन्न पाइन्छ भने यसको संगीत शक्ति बल्लभ, न्ह्यु बज्राचार्य, आलोकश्री तथा सुरेश अधिकारीले दिएका हुन्। संग्रहमा १० वटा गीत समावेश छन्।

## रंगमञ्च

-'शान्तिका लागि नाट्य अभियान', 'शान्ति सम्झौतामा के छ ?' भन्ने मूल नाराका साथ 'शान्ति शान्ति' नामक सडक नाटक लिएर आएका कुसुम नाट्य समूह, काठमाडौंका कलाकारहरूले करिब एक घण्टा सडक नाटकको माध्यमबाट शान्ति सम्झौतामा भएका कुरा धनकुटेली जनतालाई बुझाउने प्रयास गरे। कुनै प्रचार-प्रसारविना नै एक्कासि धनकुटा आइपुगेका उक्त नाट्यसमूहका कलाकारहरू भने राष्ट्रमा स्थापित भैसकेका टेलिभिजनको पर्दामा अभिनय गर्ने कलाकारहरूको बाहुल्यता थियो। देशव्यापी रूपमा अभियान लिएर सडक नाटकको माध्यमद्वारा जनतालाई शान्ति-सम्झौतामा भएका कुरा बताउन देशव्यापी रूपमा हिँडेको कुरा नाटकका लेखक तथा निर्देशक वैकुण्ठ भण्डारीले साप्ताहिकलाई बताए। देशका २० जिल्लाका ३३ स्थानमा उक्त नाटक प्रदर्शन गरिने र हालसम्म १२ जिल्लाको १८ स्थानमा सडक नाटक प्रदर्शन गरिसकिएको निर्देशक भण्डारीले बताए।

**भिषा काफ्ले**

-छुट्टीको समय रमाइलो गरेर बिताउने विभिन्न कलेजका १५ विद्यार्थी यतिखेर नाट्ययात्रा लिएर सुदूर पश्चिम पुगेका छन्। दण्डहीनताको अन्त्य गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सक्रिय गराउने उद्देश्य राखेको यो समूहले हत्याहिंसाका विरुद्ध नाटकमार्फत शान्ति सन्देश प्रवाह गर्नेछ। 'जीवन समय' शीर्षकको यो सडक नाटकले शान्ति सुव्यवस्था कायम गराउन असफल हुँदै गएको सरकारलाई व्यंग्य गर्छ। महेन्द्रनगरबाट प्रारम्भ भएको यो यात्रा लमही पुगेर टुङ्गिनेछ।

-नेपाल प्रज्ञा-प्रतिष्ठानले असारमा आयोजना गर्ने भनिएको राष्ट्रिय नाटक महोत्सव वर्षाको कारण देखाउँदै अनिश्चित समयका लागि स्थगित गरिएको छ। यस पटकसमेत गरी दोस्रो पटक नाटक महोत्सव स्थगित भएको हो। गत वैशाखमा आयोजना गर्ने भनिएको महोत्सव विभिन्न कारण देखाएर असारका लागि सारिएको थियो। त्यसबेला केहीले महोत्सव वहिष्कार गरेको समेत बताएका थिए। नाटक महोत्सवमा भाग लिन करिब पाँच दर्जन नाट्यसमूहले आफ्नो नाम र नाटक दर्ता गराइसकेका छन्।

-आरोहण नाट्यसमूहले पुरानो बानेश्वरस्थित गुरुकुलमा पर्सि आइतबारदेखि प्रा.डा. अभि सुवेदीद्वारा लिखित नाटक 'अग्निको कथा' मञ्चन गर्ने भएको छ। त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीले परीक्षामा राम्रो अंक नआएको भन्दै अंग्रेजी विभागमा आगो लगाइएको घटनामा तत्कालीन विभागीय प्रमुख प्राध्यापक डा. सुवेदीले तयार पारेको उक्त नाटकलाई नाट्यकर्मी सुनिल पोखरेलले निर्देशन गरेका थिए।

-मोफसलका नाट्य समूह पनि आफ्नो नाट्ययात्रामा सक्रिय छन्। गत साता पश्चिम नेपालका चार नाट्यसमूहले लोकतन्त्र र संविधानसभाको विषयमा जनचेतनामूलक सडक नाटक प्रस्तुत गरे। आरोहण-गुरुकुलका वरिष्ठ नाट्यकर्मी सुनील पोखरेलका अनुसार एसआरडीसी पाल्पा, कालिका नाट्य समूह कपिलवस्तु, भीमशान्ति समूह राजापुर बर्दिया, नारी उत्थान समूह नेपालगञ्जले आ-आफ्नै क्षेत्रमा नाटक मञ्चन गरेका हुन्।

## ग्यालरी

-नेपाली कलालाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउने उद्देश्य राखेर एक दर्जन युवाले चित्रकला प्रदर्शनी गरेका छन्। गत शनिबार प्रारम्भ भएको उक्त प्रदर्शनीको आयोजना चिल्ड्रेन आर्ट प्रोजेक्टले गरेको हो। आगामी साउन १५ गतेसम्म चल्ने प्रदर्शनीबाट उठेको रकम नगरकोट, पनौती तथा काठमाडौंका अनाथगृहमा रहेका बालबालिकालाई चित्रकला सिकाउन खर्च गरिनेछ। प्रदर्शनीमा मञ्जु स्यौला, सपना शाह, अनिल महर्जन, उदय कर्माचार्य, राजन महर्जन, राज के. प्रजापति, प्रमित ढकाल, सुजन डंगोल, आभूषण दुवाल 'भूषण', सचिन युगल श्रेष्ठ, सन्तोष श्रेष्ठ तथा मेखबहादुर लिम्बूका चित्रहरू राखिएका छन्।

-कलाकार एरिना ताम्राकारको छैटौं एकल चित्रकला प्रदर्शनी गत आइतबारदेखि दरबारमार्गस्थित द आर्टसपमा प्रारम्भ भएको छ। 'महिलाको ऐना' शीर्षक राखिएको उक्त प्रदर्शनीमा महिलासँग सम्बन्धित २० वटा चित्र समावेश छन्। महिलाले मनको चेतनारूपी ऐनाले आफूलाई चिन्न सक्नुपर्ने सन्देश चित्रहरूले प्रवाह गरेको कलाकार ताम्राकारले बताइन्।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता त्यति राम्रो छैन। सुरुमा रोग एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। स्वास्थ्य गडबड रहनेछ। व्यवसायबाट लाभ प्राप्त भए पनि घरेलु समस्याले सताउनेछ। रिसको वेग बढ्नेछ। आइतबार, सोमबार तथा मंगलबार मन प्रसन्न रहने एवं यात्रा हुने योग छ। अध्ययनमा सफलता मिल्नेछ। कार्यसिद्धिका लागि गोपनीयता अपनाउनुहोला।

### वृष

प्रतिकूलताको सामना गर्नुपरे पनि काममा सफलता प्राप्त हुनेछ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला। बौद्धिक कार्यमा सफलता मिल्नुका साथै अध्ययनमा सुधार आउनेछ। यात्रा हुने योग छ भने पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ। सफलताका लागि संयम अपनाउनुहोला।

### मिथुन

आफन्तहरूको उचित सहयोग मिल्नेछ। नयाँ मित्रको आगमन होला। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। तपाईंप्रति अरूको विश्वास पनि बढ्नेछ। बुधबार तथा बिहीबार रोग तथा शत्रु बढ्ने योग छ। खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

### कर्कट

सुरुमा पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। मान-सम्मान पनि मिल्नेछ। आफन्तहरूबाट उचित सहयोग प्राप्त हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति बलियो हुनेछ। अध्ययनमा पनि सफलता पाइनेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### सिंह

बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। काममा सफलता मिल्नेछ। मान-सम्मान पनि पाउनुहोला। आफन्तहरूबाट उचित सहयोग पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। अरूको विश्वास सजिलै जित्न सफल हुनुहोला खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### कन्या

सुरुमा मान-सम्मान मिल्नेछ। भोज-भतेरमा संलग्न हुनुपर्ला। नयाँ कामको थालनी हुनसक्छ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। यात्राको अवसर जुट्नेछ। अध्ययनमा खासै सफलता मिल्ने देखिँदैन। अरूबाट राम्रो सहयोग प्राप्त होला, धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ।

### तुला

सुरुमा खर्च, चिन्ता एवं विवाद बढ्नेछ। काममा अवरोध आउला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि मान-सम्मान एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव बढ्ने तथा काममा सफलता मिल्ने योग छ। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई नकार्न सकिँदैन।

### वृश्चिक

साता सुधारोन्मुख रहनेछ। सुरुमा आम्दानीका साथै बौद्धिकता बढ्नेछ। मान-सम्मान पनि मिल्नेछ। भोज-भतेरमा सामेल हुन पाइनेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइबार तथा सोमबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ।

### धनु

सुरुमा मान-सम्मान मिल्नेछ। काममा पनि सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कसैमाथि भरोसा गर्नु उचित हुँदैन। व्यापारमा सोचेभन्दा बढी फाइदा हुनेछ। अध्ययनमा पनि सफलता मिल्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। घरेलु समस्याले पनि सताउन सक्छ।

### मकर

सुरुमा भाग्य वृद्धि हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। तीर्थयात्रा वा विदेश यात्राको सम्भावना छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्यमा समस्या देखा पर्ने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला। आफन्तहरूबाट टाढै रहनुमै तपाईंको भलो छ।

### कुम्भ

स्वास्थ्य कमजोर रहनेछ। सानो काममा पनि सफलता पाउन मुस्किल पर्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि भाग्य बलियो हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ भने मान-सम्मान पनि पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ।

### मीन

सुरुमा व्यवसाय बढ्नेछ। भेटघाटमा रमाइलो पनि होला। मन प्रसन्न रहनेछ। अध्ययनमा सुधार आउनेछ। धर्मकर्ममा मन जानेछ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। शत्रु पराजित हुनेछन्। आइतबार, सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

## यो साताको पञ्चाङ्ग

साउन ५ गते : देवपाटन गंगामाई रथयात्रा, सूर्यपूजा, ६ गते : बीपी स्मृति दिवस, ७ गते पुष्पलाल स्मृति दिवस, ९ गते हरिशयनी एकादशी, १० गते : चतुर्मास व्रतारम्भ

## साता संक्षेप

असार २९– बाग्लुङ र डोटीमा भीषण पहिरो, २७ को मृत्यु, १६ घाइते, ५ बेपत्ता ।

- आर्थिक वर्ष ०६३/६४ को बजेट प्रस्तुत, एक वर्षमा कुल खर्च १ खर्ब ६९ अर्ब रुपैयाँ खर्च हुने अनुमान ।
- नेपालको जनसंख्या २ करोड ६० लाख पुगेको तथ्यांक सार्वजनिक ।
- असार ३०– यो वर्ष कृषिमा पहिलो तुलनामा दुईतिहाइ बजेट बढाइयो, शिक्षा तथा स्वास्थ्यमा क्रमशः २९ अर्ब तथा २३ अर्ब छुट्याइयो ।
- राजदरबारलाई नाम नतोकीकन साढे १२ करोड रुपैयाँ छुट्याइएको अर्थमन्त्रीको खुलासा, उक्त रकम सहमतिकै आधारमा आएको दावी ।

असार ३१– ट्रकको ठक्करबाट प्राध्यापकको मृत्युपछि बुटवल तनावग्रस्त, दुई दिनदेखि यातायात ठप्प हुँदा हजारौं यात्रु अलपत्र ।

- गृहमन्त्रीद्वारा तराईका सशस्त्र समूहलाई१५ दिनभित्र वार्तामा आउन अल्टिमेटम, वार्तामा नआउनेलाई कडा कारबाही गरिने ।
- बाग्लुङमा गएको पहिरोमा पर्नेको सङ्ख्या २५ पुग्यो, धनगढीमा पहिरोकै कारण ५ को मृत्यु ।

असार ३२– निर्वाचन आयोगद्वारा ११ दललाई निर्वाचन चिह्न प्रदान, माओवादीलाई हँसिया हतौडा चिह्न ।

- कैलाली तथा दार्चुलामा बस दुर्घटना, ९ को मृत्यु, ४ बेपत्ता, २२ घाइते ।
- सरकार-एडीबी वार्ता सकारात्मक, मेलम्चीका लागि चाँडै सुरुङ निर्माणका लागि टेन्डर खोलिने ।
- मेलम्चीमा वाईसीएल तथा गाउँलेबीच भिडन्त, १२ घाइते ।

साउन १– जनसेना प्रमाणीकरणमा विवाद, अनमिनले माओवादी सेनालाई निःशस्त्र बनाउन खोजेको प्रचण्डको आरोप, माओवादीले सर्त राखेको अनमिनको गुनासो ।

- नेविसंघ प्रजातान्त्रिकको अध्यक्षमा कल्याण गुरुङ निर्वाचित ।
- नेपालमा जिन बैंक स्थापना, अब कृषि क्षेत्रमा प्रयोग हुने सबै किसिमका बीउबिजन नेपालमै उत्पादन गरिने ।
- असार मसान्तसम्म सेयर मूल्य अकासियो, स्टक एक्सचेन्ज खुलेयताकै सबैभन्दा उच्च ।

साउन २– मन्त्रिपरिषद्को निर्णय पद्धतिप्रति बाममन्त्रीहरूद्वारा असहमति व्यक्त, आठ दलको सहमतिमा सरकार नचलेको आरोप ।

- तराईका ३ सय ६६ गाविस सचिवविहीन, सरुवा माग्नेको ओइरो ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

कसले भन्यो मंसिरमा संविधानसभा हुन सक्दैन भनेर ? निर्वाचन आयोगको प्राविधिक कुराका निम्ति मंसिर अझै पनि प्रशस्त छ । केही असन्तुष्ट पक्षलगायत मधेसी फोरमहरूसँग वार्ता पनि सुरु भैसकेको छ । आठ राजनैतिक दलका बीचमा सहमति निर्माण गर्नेबित्तिकै मंसिरमा चुनाव असम्भव छैन ।

**गगन थापा, युवा नेता, नेपाली काङ्ग्रेस**

तराईमा कतै चुरे भावर, कतै मधेसी टाइगर, कतै कोब्राजस्ता समूह सञ्चालन हुन थालेका छन् । यी सबै समूहले गर्ने हिंसाको उद्देश्य अन्ततः संविधानसभाको निर्वाचन बिथोल्नु नै हो । यदि संसद्बाट गणतन्त्र घोषणा नहुने हो भने यी समूहले संविधानसभाको निर्वाचन हुन दिँदैनन् । किनभने यी सबैको संरक्षणमा कतै न कतै राजतन्त्र छ ।

**डा. बाबुराम भट्टराई, नेता, नेकपा (माओवादी)**

प्रचण्ड, बाबुरामहरूले अरूलाई दोष देखाएर आफू उम्कन्छु भन्नै पर्दैन । संविधानसभा, गणतन्त्र– यी देखाउने दाँत मात्र हुन् । उनीहरू त सामन्तवादको उन्मूलन गर्नसमेत तयार छैनन् । अहिले प्रचण्डहरूले संविधानसभाको निर्वाचनमा जतिसुकै चासो देखाए पनि त्यो गोहीको आँसुभन्दा फरक छैन ।

**रवीन्द्र श्रेष्ठ, माओवादीबाट निष्कासित नेता**

अहिलेका सांसद मनोनीत हुन् । मनोनीत व्यक्तिले संसद्बाटै गणतन्त्रको घोषणा गरौं भन्नु गैरप्रजातान्त्रिक कुरा हो । संविधानसभाबाट चुनिएका व्यक्तिले सक्रिय राजतन्त्र, सेरेमोनियल, बेबी किङ वा गणतन्त्र जुन निर्णय गर्छन्, त्यो प्रजातान्त्रिक हुन्छ र त्यसलाई सबैले मान्नु पनि पर्छ । हाम्रो दलको पनि यस्तै मान्यता छ । हामी संसद्बाट गणतन्त्रको घोषणा गर्नुहुँदैन भन्ने पक्षमा छौं ।

**केशरबहादुर विष्ट, महामन्त्री, राष्ट्रिय जनशक्ति पार्टी**

नेपालीमा नाच्न नजान्ने आँगन टेडो भन्ने उखान बहुप्रचलित छ । संविधानसभा बिथोल्न राजदरबार लागेको भन्ने आरोप पनि त्यस्तै हो । आफूले गर्छु भनेको काम बेलामा गर्न नसक्ने अनि दोष अरूलाई दिने प्रवृत्ति आठ दलले त्याग्नुपर्छ । अब मंसिर ६ गते निर्वाचन गर्न शान्ति-सुरक्षाको वातावरण मिलाउने कि दरबारलाई दोष दिने, त्यो दलहरूले सोच्नुपर्छ ।

**डा. प्रकाशचन्द्र लोहनी, नेता, राष्ट्रिय जनशक्ति पार्टी**

सम्पादकीय

# सार्थक वार्ताका लागि

सरकारले निर्वाध रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गराउन र विगत केही वर्षदेखि मुलुकमा देखा परेको अराजक स्थितिको अन्त्यका लागि मुलुकका विभिन्न भागमा सक्रिय सशस्त्र विद्रोहीहरूलाई वार्तामा आउन गरेको आह्वान स्वागत योग्य छ। तर यस्तो आह्वानसँगै सरकारले वार्तामा नआउने पक्षका विरुद्ध कठोर सुरक्षा कारबाही गर्ने धम्की पनि दिनुले कतै मुलुक हिंसात्मक द्वन्द्वको अर्को चरणमा प्रवेश गर्ने त होइन ? भन्ने प्रश्नसमेत खडा भएको छ। मुलुकमा शान्ति स्थापना गर्नु कुनै पनि सरकारको पहिलो दायित्व हो। विगतमा सशस्त्र हिंसात्मक विद्रोह गरेका माओवादीहरूविरुद्ध सरकारले सशस्त्र प्रतिरोधको असफल प्रयोगपछि शान्ति वार्तामार्फत माओवादीहरूलाई मुलुकको मूलधारको राजनीतिमा फर्काइएको उदाहरण आफैँसँग हुँदाहुँदै पनि अहिले सरकारले अन्य सशस्त्र विद्रोहीविरुद्ध सुरक्षा कारबाही चलाउने धम्कीसमेत दिनुलाई कतिपय राजनैतिक विश्लेषकहरूले आलोकाँचो राजनीतिको संज्ञा दिएका छन्।

वार्ता सबै किसिमका राजनैतिक समस्यालाई टुंगोमा पुऱ्याउने एउटा बलियो माध्यम हो भन्ने कुरा धेरै पटक धेरै ठाउँमा धेरै किसिमले प्रमाणित भैसकेको छ। यति हुँदाहुँदै पनि सरकारले विभिन्न सशस्त्र विद्रोही समूहहरूसँग मुलुकका वर्तमान समस्याहरूलाई निकास दिन सुरक्षा कारबाहीको धम्की किन दिनुपऱ्यो ? अहिले मुलुक यही प्रश्नको सेरोफेरोमा वैचारिक बहस तथा मन्थनमा जुटेको छ। निश्चय पनि सशस्त्र कारबाहीले कुनै पनि विद्रोहलाई निकास दिन सकेको उदाहरण हामीसँग छैन। यस्तो स्थितिमा कुनै पनि सशस्त्र कारबाहीले विद्रोहको आगो निभाउनुभन्दा थप फैलिने इन्धनको काम गर्नेछ। यो कुरा सरकारले पक्कै पनि बुझेको हुनुपर्छ। संविधानसभाको निर्वाचनको पूर्वसन्ध्यामा यस्तो सशस्त्र कारबाही हुन सक्ने संकेत दिनुले कतै सरकार संविधानसभाको निर्वाचनलाई अझ पछाडि धकेल्ने गृहकार्य त गरिरहेको छैन भन्ने प्रश्नसमेत उठेको छ।

अहिलेको अवस्थामा मुलुकलाई सबै किसिमका गतिरोधबाट निकास दिन सरकारले सबैखाले असहमत पक्षहरूसँग सार्थक वार्ताका लागि ठोस पहल गर्नुपर्छ। वार्तामा बस्ने कुनै पनि पक्षले आफूलाई उदार रूपमा प्रस्तुत गर्न सक्नुपर्छ। त्यसो हुन सक्यो भने मात्रै वार्ताले ठोस प्रतिफल दिन सक्छ। तसर्थ सरकारले यस्तो वार्ताको पहल गर्दा वार्तामा बस्ने पक्षहरूसमक्ष सशस्त्र कारवाहीको चेतावनी दिनु हुँदैन। यदि त्यसो गरिने हो भने वार्ता नहुन सक्छ। किनभने विद्रोहीहरूले आफ्नो कुरा सुनाउन र मनाउनकै लागि हतियार बोकेका हुन्। त्यस्तो हतियारलाई बिसाउन अर्को हतियार प्रयोगको धम्की कुनै पनि अवस्थामा व्यावहारिक हुन सक्दैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

चिठीपत्र

## यातायात व्यवस्थापन र सडक दुर्घटना

हाम्रो नेपालमा अन्य देशभन्दा भिन्न नियमअनुसार यातायात सञ्चालन भैरहेको छ, जसका कारण दैनिक दुर्घटना भैरहेका छन्, दुर्घटनामा मर्नेहरूको संख्या पनि बढ्दो क्रममा छ। यातायात दुर्घटनामा कमी ल्याउन कहीं-कतैबाट खोजी, चिन्तन-मनन, गोष्ठी, तालिम आदि केही पनि भए-गरेको पाइँदैन, न त सरकारी नियम-कानुन नै सन्तोषप्रद छ न त कुनै जिम्मेवारी नै छ, त्यसैले यात्रुहरू मरेका मऱ्यै छन्।

सरकारले नियम-कानुनबाट निर्दिष्ट गरी यातायात समितिहरूलाई सजग गराउन सक्ने ठाउँ प्रशस्त छन्। नेपालको भू-बनौटको स्थिति हेर्दा डाँडाकाँडा, पाखा पखेरा, खोलानालाहरूमा यातायात सञ्चालन गर्दा हुने दुर्घटनामा लापरबाही र मानवीय कमजोरी बढी जिम्मेवादर देखिन्छ ?

यातायात राष्ट्रनिर्माणको पूर्वाधार पनि हो भने धेरैका लागि रोजगारी प्राप्त हुने सेवामूलक व्यवसाय पनि हो। यातायातका विभिन्न ठूला-साना गाडी सञ्चालन गर्दा विभिन्न समितिहरूबाट आ-आफैं भाडादर निर्धारण गरिएका छन्। भाडामा समानता पनि छैन। गाडीहरू बाटोमा नियमविपरीत प्रतिस्पर्धा गर्छन्, सोही क्रममा दुर्घटना हुन्छ। २० वर्ष पुगेका गाडीहरू पनि रद्द गरिएका छैनन्, बस ट्रकहरू सञ्चालन भैरहेकै छन्। बढी तीव्र गतिमा हिंड्नु, बढी यात्रु राख्नु र छतमा मानिस तथा बढी लगेजहरू राख्नु इत्यादि पनि दुर्घटनाका कारण हुन्।

दुर्घटनालाई न्यूनीकरण गर्न ठूला-साना नयाँ-पुराना गाडीहरूको स्तर कायम गरी कडाइका साथ टाईम कार्ड लागू गरिनुपर्छ। पक्की, कच्ची बाटोहरूमा बाटोको स्तर हेरी गति नियन्त्रण गर्नुपर्छ। टाइम कार्ड लागू गर्ने अनि बीच-बीचमा प्रहरी चौकीहरूमा जाँच गरी टाइम उल्लेख गर्दै पठाए दुर्घटना कम हुनसक्छ।

**–पुण्यप्रसाद बराल, पोखरा**
**(पुरस्कृत पत्र)**

## ध्यानाकर्षण

वर्तमान सरकार जनआन्दोलनबाट स्थापित भए पनि यसले जनआन्दोलनको भावनालाई सम्बोधन गर्न सकेको छैन। हरेक नेपाली नागरिकले निःशुल्क र अनिवार्य शिक्षा तथा निःशुल्क स्वास्थ उपचार, व्यक्तित्व विकासमा समान अवसर पाउनुपर्छ एवं शिक्षालाई रोजगारीसँग जोड्नुपर्छ भन्ने जनआन्दोलनको भावना हो। शिक्षामा निजीकरणको अर्थ गरिब जनताका छोराछोरीलाई शिक्षाबाट वञ्चित गराउनु हो। बर्सेनि हजारौं युवा शिक्षाका निम्ति विदेशिएका छन्। यसबाट देशलाई ठूलो आर्थिक घाटा भैरहेको छ। यसप्रति सरकार, राजनैतिक दलहरू, बुद्धिजीवी, शिक्षक, विद्यार्थी लगायत सबै पक्ष सचेत हुनुपर्ने देखिन्छ। हरेक नेपालीका छोराछोरीले निःशुल्क रूपमा आफूले चाहेको विषयमा उच्च शिक्षा हासिल गर्न पाउने एवं व्यक्तित्व विकासमा लाग्ने समान अवसर पाउने व्यवस्था हुनुपर्छ।

शिक्षण संस्थामा जबरजस्ती तालाबन्दी एवं अनिश्चितकालीन बन्द आदि जस्ता गतिविधिले भविष्यका कर्णधार मानिने विद्यार्थीहरू नै सबैभन्दा बढी पीडित हुन्छन्। त्यसैले शिक्षासँग सम्बन्धित न्यायोचित मागहरू पूरा गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु।

**कल्पना प्रजापति, च्याम्हासिंह, भक्तपुर**

## आवश्यकता शान्ति शिक्षाको

सारा विश्व अशान्ति र आतंकवादको चपेटामा छटपटिइरहेको वर्तमान अवस्थामा नेपालले शान्ति शिक्षालाई विद्यालय तथा उच्च शिक्षा तहमा लागू गर्नु बुद्धिमत्ता हुन्छ। किनकि शान्ति शिक्षाको माध्यमले आपसी झैझगडा र हानथाप धेरै हदसम्म कम गराउन सकिन्छ। त्यसैले सबैमा प्रेम, सत्कार्य, अहिंसा, शान्ति, विकास, भ्रातृत्व, आफन्तपनजस्ता असल गुणको विकास गराउने शान्ति शिक्षाप्रति उचित ध्यान पुऱ्याउन अब ढिला गर्नु हुँदैन।

शान्ति शिक्षाको माध्यमबाट शान्ति र भ्रातृत्वको पाठ विद्यालय र उच्च शिक्षा तहमा अनिवार्य गराउनु नै अहिलेको अशान्तिको सही उपचार एवं समाधान हो। किनकि शान्ति शिक्षाको लोकप्रियता जति-जति बढ्दै जान्छ, त्यहीअनुरूप आपसी हानथाप कम हुने निश्चित छ। होइन, आपसी झै-झगडा र हानथाप अनि पेलाहा नीति नै अपनाउने हो भने फेरि पनि अशान्ति र आतंकवाद मौलाउनेछ भने सारा विश्व-समुदाय सन्त्रास एवं नारकीय जीवन बिताउन बाध्य हुनेछ। विद्यालय र बालबालिका शान्तिक्षेत्र हुन् भन्ने अवधारणालाई मूर्तरूप दिन पनि शान्ति शिक्षाको अहम् भूमिका रहन्छ।

**–विश्वमणि अधिकारी**

## अझै सुधार हुनुपऱ्यो

सबै वर्गका नेपालीको लोकप्रिय पत्रिकाका साप्ताहिकले १३ औं वर्षमा पाइला टेकिसकेको छ। साप्ताहिक निरन्तर परिवर्तन हुँदै यहाँसम्म आइपुगेको हो। यद्यपि मध्यपृष्ठमा पुरानै शैलीले निरन्तरता पाएकाले कताकता दुःख लाग्छ, अनि सामान्य ज्ञानको पनि जानकारी प्रकाशन नहुँदा दुःखित छन् यसका लाखौं लाखौं पाठक। त्यसैले सम्पादकज्यू, हामीलाई नयाँ-नयाँ चीज चाख्न दिनुहोस्। सफलताको शुभकामना।

**–टीकाराम अर्याल, गल्कोट**

## तीतो सत्य

- जो जति सफल हुन्छ उसका उति धेरै शत्रु वा आलोचक हुन्छन्।
- दुःखको अनुभवपश्चात् मात्र सुखको पहिचान गर्न सकिन्छ।
- आफ्नो चोट र पीडाले भन्दा हामीलाई अरूको सफलताले बढी दुःखी बनाउँछ।
- राम्रो कुराको थालनी जहिले पनि एउटाबाटै हुन्छ।
- मानिसको मन र मस्तिष्क नै उसको नजिकका शत्रु हुन्।
- जिन्दगी समग्रमा परीक्षा हो, यहाँ हरेकले हर समय परीक्षा नै दिइरहेका हुन्छन्।

**आकाशचन्द्र न्यौपाने, चितवन**

- क्रान्तिको नारा लगाउन जति सजिलो छ, शान्ति ल्याउन त्यति नै गाह्रो छ।
- विचारले बन्दुक चलाउनुपर्छ, बन्दुकले विचार होइन।
- जहिले पनि हाँसेर बोल, किनकि मुस्कान प्रेमको पहिलो परिचय हो।
- उपचारको मूलतत्त्व प्रेम हो।
- नेता बन्न सजिलो छ, सक्रिय कार्यकर्ता बन्न गाह्रो।

**चन्द्र बोखिम, झापा**

- सामान्य मानिस खानका लागि बाँच्छन् तर महान् मानिस बाँच्नका लागि खान्छन्।
- काम योजनाबाट होइन संकल्पबाट गर्नुपर्छ।
- जिन्दगीलाई सकारात्मक रूपमा हेर्ने मानिसको जीवन सकारात्मक हुन्छ।

**विष्णु भुसाल, अर्घाखाँची**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## मुखाले

कुनै पनि मधेसी देश टुक्रिएको हेर्न चाहँदैनन्, उनीहरू अखण्ड नेपाल चाहन्छन्।

**डा. डम्बरनारायण यादव**
**नेता, सद्भावना पार्टी**

ठूला कुरा गर्ने माओवादी पनि अरू दलभन्दा फरक रहेनछ भन्ने कुरा थाहा पाइयो।

**स्टेला तामाङ, महिला अधिकारकर्मी**

माओवादीले विद्रोह गर्न सक्छ तर देश सम्हाल्न सक्तैन भन्ने कुरा थाहा भैसक्यो।

**वामदेव गौतम, नेता, नेकपा (माओवादी)**

संविधानसभामा दरबारिया षड्यन्त्र हुन्छ भन्ने स्पष्ट छ, त्यसैबाट बचाएर यो निर्वाचन गराउनुपर्छ।

**कृष्ण सिटौला, गृहमन्त्री**

गृहमन्त्रीले भनेजस्तै १५ दिनभित्र मधेसका हतियारधारी समूहसँग वार्ता भएन भने कडा उपाय अपनाउन बाध्य हुन्छ।

**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनःनिर्माण मन्त्री**

मधेसमा आन्दोलनरत सबैमाथि प्रतिबन्ध लगाउनुपर्छ।

**सीपी गजुरेल**
**नेता, नेकपा (माओवादी)**

आठ दलकै सहमतिमा दरबारलाई खर्च छुट्याइएको हो।

**रामशरण महत, अर्थमन्त्री**

प्रहरी र वाईसीएललाई समन्वय गरेर निर्वाचनमा जानुपर्छ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

अनमिनलाई मान्नुपर्ने माओवादीको कुनै बाध्यता छैन।

**वर्षमान पुन अनन्त**
**नेता, नेकपा (माओवादी)**

चुनावी प्रयोजनका लागि सहमतिमा सेना परिचालन गर्न सकिन्छ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

## नीति-नियम

मानिसले विचार गरेर मात्र कसैमाथि स्नेह वा द्वेष राख्नुपर्छ। एक पटक स्नेह वा द्वेष गरिसकेपछि अन्यथा गर्नुहुँदैन। अतः स्नेहीका साथ अपकार र द्वेषीको उपकार गर्नुहुँदैन किनकि यी दुवैले अनर्थ गर्न सक्छन्।

अत्यन्त क्रूरता, अत्यन्त निष्ठुरता, अत्यन्त मूर्खता, अत्यन्त नम्रता, अत्यन्त कुराकानी, अत्यन्त घमन्ड आदि कार्य कदापि गर्नुहुँदैन।

कुनै पनि विषयमा अति गर्नु नाश हुने लक्षण हो। अतः कुनै पनि विषयमा अति गर्नुहुँदैन। अत्यन्त क्रूरता देखाउनाले मानिस विरक्त हुन्छ र अत्यन्त कंजुस हुँदा मानिसले ज्यादै निन्दा गर्न थाल्छन्।

अत्यन्त नरम हुनाले उसलाई कुनै पनि मानिस पुछ्दैनन्, केही पनि होइन भन्ने सोचछन्। अति धेरै बोल्नाले अपमान गर्छन्। अत्यन्त दान गर्नाले दरिद्रता आउँछ, अत्यन्त लोभ गर्नाले संसारले हेला गर्न थाल्छ।

कसैलाई अत्यन्त आग्रह गर्नाले मानिसको मूर्खता प्रकट हुन्छ। दृष्ट आचरण गर्नाले धर्मको हानि हुन्छ भने आचारका विरुद्ध आचरण गर्दा पनि मूर्खता ठहरिन्छ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

# भ्वाइलिनको मधुर संगीत



संसारभर म्युजिक इन्स्ट्रयुमेन्टहरूको क्विन भनेर चिनिने भ्वाइलिनको मधुरता नाम अनुसारकै छ। भ्वाइलिनसँग खेल्ने मानिस निकै दक्ष हुनुपर्छ। नयाँ पुस्ताका युवतीहरू मोडलिङ्ग, फेसन, फिल्म जस्ता ग्ल्यामरस क्षेत्रतर्फ आकर्षित भैरहेको परिप्रेक्ष्यमा २१ वर्षीया कविता कार्की ढली भने विगत एक दशकदेखि भ्वाइलिन वादक जस्तो जटिल विधामा संघर्ष गरिरहेकी छिन्। संगीतकर्मी अमूल कार्की ढलीकी बहिनी कविता शब्द, संगीत, लय तथा बिटको ख्याल गर्नुपर्ने हुँदा भ्वाइलिन वादनका लागि ठूलो मेहनत गर्नुपर्ने बताउँछिन्। नेपालमा ५ देखि ७ जना मात्र व्यावसायिक भ्याइलिन वादक छन्। तीमध्ये कविता एक्ली महिला मात्र होइनन्, कम उमेरकी पनि हुन्। विगत २ वर्ष देखि आफू व्यावसायिक रूपमा भ्वाइलिन वादनमा लागेको उनी बताउँछिन्। भ्वाइलिन शिक्षिकाका रूपमा कार्यरत कविता वाद्यवादनका लागि एकेडेमिक शिक्षा नभएकाले नेपालमा यो क्षेत्रको विकास हुन नसकेको बताउँछिन्।



## साइबर गर्ल लेरिन गुरुङ

१८ वर्षीया लेरिन गुरुङले भविष्यमा चर्चित मोडल बन्ने लक्ष्य लिएकी छिन्। बुटवल दीपनगरको सम्पन्न परिवारकी कान्छी छोरी लेरिनले सुरुमा एयर होस्टेज बन्ने सपना बोके पनि गत वर्ष आफ्नी दिदी भेट्न हङकङ गएका बेला त्यहीं भेट भएका गायक दिव्य सुब्बाले मोडलिङको बखान गरेर मोडल बन्न सुझाव दिएपछि उनको सपना एकाएक परिवर्तन भयो र उनले मोडलिङको रंगीन संसारमा रमाउने निधो गरिन्। बुटवलकै एक निजी कलेजमा १२ कक्षामा अध्ययनरत लेरिनले एलिशा फिल्म्सका लागि रामकृष्ण ढकालको 'आफ्नो मात्रै' तथा दीपेश किशोर भट्टराईको 'अब माया' गीतको म्युजिक भिडियोमा मोडलिङ गरेकी छिन्। नृत्यमा उत्तिकै पारंगत लेरिनलाई पप गीतभन्दा राष्ट्रियता झल्कने लोक तथा आधुनिक गीत मन पर्छन्। ५ फुट २ इन्च उचाइ, ३६ इन्च छाती, २८ इन्च कम्मर, ४० इन्च हिप र ५० किलोग्राम तौल तथा गहुँगोरो वर्णकी फरासिली लेरिन खैरो सिल्की जिकज्याक हेयर स्टाइलमा हिंड्न मन पराउँछिन्। अहिलेसम्म ब्वाइफ्रेन्ड बनाइनसकेकी लेरिन सकभर विवाहपछि मात्रै सेक्स गर्नु उपयुक्त हुन्छ भन्छिन्। विवाह गर्ने बेला आएपछि मात्रै समझदार र जिद्दी नगर्ने युवकलाई ब्वाइफ्रेन्ड बनाउने सोच राखेकी लेरिनलाई अहिले पनि थुप्रै युवकले प्रस्ताव राखे पनि बेला आएको छैन भनेर अस्वीकार गर्ने गरेको उनी बताउँछिन्।

**–टोपराज शर्मा**
**तस्बिर : मनीष पन्थ**

## मेरो विचार

### सर्वपक्षीय सहमति आवश्यक

संविधानसभा निर्वाचनमा सामन्तवादी प्रतिगामी तत्त्वहरू, राजावादी, हिन्दू अतिवादी, राज्य चलाउने दलहरूबीचको खिचातानी, शास्त्रको तुलनामा अझै पनि शस्त्र हावी हुनु, दलहरूको कुर्सी मोह, सर्वदलीय-सर्वपक्षीय सहमतिको अभाव, लिंगीय, जातीय एवं क्षेत्रीय मागको सही व्यवस्थापन हुन नसक्नुजस्ता बाधा-अड्चन देखापरेका छन् । यस्ता बाधा अड्चनहरू निर्मूल पारी संविधानसभाको निर्वाचन निर्विघ्न सम्पन्न गर्न अहिलेसम्म भएका राजनैतिक सहमतिहरूको पूर्ण पालना हुनुपर्छ।

सरकारमा रहेका-नरहेका सबै दल, नागरिक समाज, क्षेत्रीय, जातीय तथा लिंगीय पक्षहरूसमेत एकमत भै संविधानसभाको निर्वाचन स्वतन्त्र एवं निष्पक्ष ढंगमा सम्पन्न गर्ने एउटै लक्ष्य, एउटै अठोट हुनु आवश्यक छ । राष्ट्रिय जनचेतना अभियान सञ्चालन, सरकारको दूरदर्शी व्यवस्थापन एवं समानुपातिक निर्वाचन प्रणालीका साथ सर्वपक्षीय, सर्वदलीय साझा सहमति बनाएर जान सकियो भने मात्र संविधानसभाको निर्वाचन सफल हुनसक्छ । संविधानसभाका लागि सरकारको दायित्व जातीय, भाषिक तथा लिंगीय आधारमा साझा अभियानका साथ संविधानसभामा पुग्ने यात्रा थालनी गर्नु हो भने नागरिकको दायित्व सरकारलाई गलत काम गर्नबाट रोक्न एवं राष्ट्रिय जनचेतना अभियान चलाउँदै संविधानसभामा पुग्न सरकारसँग हातेमालो गर्नु हो ।

**– दीपक घिमिरे, नवलपरासी**
**(पुरस्कृत विचार)**

### पर्याप्त जनसहभागिता हुनुपर्छ

२०४७ सालको संविधान कार्यान्वयनमा आएको केही वर्षपछि नै देशको राजनैतिक स्थिति अस्थिर हुन पुग्यो । देशको समस्या तत्कालीन संविधानबाट हल हुन नसकेपछि अहिले संविधानसभाको आवश्यकता परेको हो । संविधानसभामार्फत् बन्ने संविधान, संघात्मक वा गणतन्त्रात्मक कस्तो हुने, जनतामाथि कसले कसरी कुन प्रक्रियाद्वारा शासन गर्ने ? स्पष्ट हुन आवश्यक छ । नागरिकको अधिकार कर्तव्य कस्तो हुने ? राज्यको आय-व्यय कसरी सञ्चालन गर्ने ? निजामती कर्मचारी, सेना, प्रहरी, वैदेशिक नीति कस्तो हुनेजस्ता राज्य सञ्चालनका लागि सबै प्रक्रियाको छिनोफानो संविधानसभामार्फत् हुनुपर्छ ।

संविधानसभापछि जनताको सर्वाभौमसत्ता सहितको संविधान निर्माण हुनुका साथै आफ्ना लागि आफैले बनाएको संविधानप्रति जनताको अपनत्व र स्वामित्वको भावना हुने भएकाले नयाँ नेपाल निर्माणका लागि संविधानसभामा सबै पक्षको सहभागिता अनिवार्य छ । संविधानसभाको निर्वाचनमा समाजका सबै तह र तप्काका जनताको संलग्नता अपरिहार्य छ । पर्याप्त जनसहभागिता रहेको खण्डमा मात्र त्यसलाई जनताद्वारा बनाइएको संविधान भन्न सकिन्छ र त्यो सबैका लागि स्वीकार्य हुनसक्छ ।

**–शेरबहादुर भुजेल, दोलखा**

### समुन्नत समाज निर्माण

संविधानसभामार्फत् नयाँ नेपाल सिर्जना गरी विकासोन्मुख राष्ट्र नेपालमा राजनैतिक स्थिरताका साथै संस्कृति एवं परम्पराको संरक्षण गरी सांस्कृतिक पहिचान कायम राख्नु आवश्यक छ । त्यसैगरी नेपाललाई स्वतन्त्र, शान्त एवं समृद्ध राष्ट्र बनाउन सम्पूर्ण वर्ग, समुदाय, जातजाति, भाषा, धर्म, संस्कृति सबैलाई समानुपातिक रूपमा समेट्नुका साथै आर्थिक विकास गरी देश र जनताको जीवनशैली माथि उकास्न सक्नुपर्छ । यसका लागि सरकारले जनताको ज्ञान एवं सीपलाई देश विकासमा उपयोग गर्ने अवसर जुटाउनुपर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहमतिको मूल एजेन्डा बनिसकेको संविधानसभाको निर्वाचनका लागि राष्ट्रव्यापी जनचेतना अभियान सञ्चालन गर्नु आजको प्रमुख आवश्यकता हो ।

स्वतन्त्र, निष्पक्ष तथा संयमित रूपमा मतदान गर्न पाउने वातावरण निर्माण गरी सबैको सहभागितामा संविधानसभाको निर्वाचन सम्पन्न गरेपछि सम्पूर्ण नेपाली जनताको चाहनालाई सफल एवं उपलब्धिमूलक बनाउन सकिन्छ । यसमै देशको उन्नति एवं विकास निहित छ ।

**– राजन बज्राचार्य, ब्रह्मटोल, काठमाडौं**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस् । प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ ।**

## संविधान सभा जिज्ञासा



**पूर्णमान शाक्य**
**संवैधानिक कानुन विशेषज्ञ**

**संविधानसभा असफल भएका उदाहरण छन् कि छैनन् ? छन् भने संविधानसभा असफल भएपछि सम्बन्धित मुलुकमा हिंसा चर्किएको थियो कि थिएन ? त्यस्तो असफल संविधानसभालाई पछि कसरी व्यवस्थापन गरियो ? के नेपालमा त्यस्तो सम्भावना छ ?**

**–अनुराग शर्मा, तम्घास, गुल्मी**

**उत्तर** : विश्वमा संविधानसभाको निर्वाचन असफल भएको उदाहरण अहिलेसम्म छैन, यद्यपि संविधानसभाले बनाएको संविधान र उक्त संविधानअन्तर्गतको प्रजातन्त्र असफल भएका केही उदाहरण छन् । एउटा त्यस्तै उदाहरण पाकिस्तान हो । पाकिस्तानको संविधान संविधानसभाले बनाएको भए पनि त्यो संविधानलाई पाकिस्तानमा पटक-पटक देखा पर्ने सैनिक शासनले पटक-पटक निस्तेज गर्दै आएको छ । यसरी संविधान निस्तेज हुँदा पाकिस्तानमा हिंसा चर्किएको वा नचर्किएका उदाहरणहरू छन् । जहाँसम्म नेपालमा पनि संविधानसभा असफल हुन्छ कि भन्ने प्रश्न छ, त्यसमा के भन्न सकिन्छ भने नेपालमा संविधानसभा असफल हुने सम्भावना छैन भन्न सकिँदैन, कथम्कदाचित संविधानसभा असफल भयो भने नेपाल थप अराजकता सृजना हुनेछ र देश हिंसातर्फ मोडिनेछ । त्यो अवस्थामा हामी नेपालीहरूले लामो समयसम्म मानवअधिकारविहीन भएर तानाशाहीलाई सहनुपर्ने अवस्था आउन सक्छ ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ । पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ ।**

## कान्तिपुर समाचार डायरी

### चार हजार दुई सय कुष्ठरोगी उपचारमा

नेपालमा कुष्ठरोगीको संख्या कति छ भन्ने यकिन तथ्यांक नभए पनि हाल ४ हजार २ सय कुष्ठरोगीले उपचार गराइरहेका छन् । नेपाल कुष्ठ रोग संघका अनुसार हालसम्म १ लाख ३५ हजारभन्दा बढी नेपाली कुष्ठरोगी उपचारपछि ठीक भैसकेका छन् । संघका अनुसार नेपालमा प्रति १० हजारमा १ दशमलव ६५ प्रतिशत कुष्ठरोगी छन् ।

### अधिकांश नगरपालिका अनुदानमा निर्भर

नेपालका ५८ नगरपालिकामध्ये जम्मा १८ वटा नगरपालिका आर्थिक रूपमा सक्षम छन् भन्ने अन्य नगरपालिका आफूले गर्ने खर्चको ७० प्रतिशत अंश अनुदानमार्फत् प्राप्त गर्छन । ती नगरपालिकाहरूमध्ये २५ वटा नगरपालिका मात्र आफ्नो स्रोतमा प्रशासनिक खर्च धान्न समर्थ देखिएका छन् ।

### लोकतन्त्रपछि ३६ अर्ब सहयोग भित्रियो

लोकतन्त्र पुनर्स्थापनापछि नेपाललाई विभिन्न द्विपक्षीय तथा बहुपक्षीय दातामार्फत ३५ अर्ब ६९ करोड ३५ लाख ९० हजार रुपैयाँ बराबरको आर्थिक सहायता जुटेको छ, जसमध्ये ६ अर्ब १६ करोड २६ लाख रुपैयाँ ऋण सहयोग हो ।

### नेपालको वैदेशिक ऋण

आर्थिक वर्ष २०६२/०६३ सम्म नेपालको तीर्न बाँकी वैदेशिक ऋण २ खर्ब ३३ अर्ब रुपैयाँ रहेकोमा अन्तर्राष्ट्रिय बजारमा अमेरिकी डलरको मूल्य कमजोर भएपछि त्यस्तो ऋण २ खर्ब १० अर्बमा झरेको छ । एक अध्ययनअनुसार नेपालमा भित्रिने वैदेशिक ऋणको ७८ प्रतिशत अंश सार्वजनिक खरिददारीमा खर्च हुने गरेको छ । गत वर्ष नेपालले वैदेशिक ऋणबापत सम्बन्धित दाताहरूलाई ९ अर्ब ११ करोड रुपैयाँ सावाँ तथा ब्याजबापत भुक्तानी गरेको थियो ।

### उनासी प्रतिशत बन्दीलाई यातना

नेपालमा विभिन्न अभियोगमा पक्राउ परी बन्दी जीवन बिताइरहेकाहरूमध्ये ७९ प्रतिशतले शारीरिक तथा मानसिक यातना पाउने गरेको एक अध्ययनले देखाएको छ । यातना पीडितहरूका लागि संयुक्त राष्ट्रसंघीय दिवसका अवसरमा जारी एक तथ्यांकअनुसार नेपालमा अहिले राज्य र विद्रोही पक्षसमेतले प्रत्येक वर्ष ३ हजारभन्दा बढी नेपालीलाई विभिन्न किसिमका यातना दिने गरेका छन् ।

### वैदेशिक रोजगारमा दस लाख

सरकारी तथ्यांकअनुसार पछिल्लो १४ वर्षको अवधिमा वैदेशिक रोजगारीका लागि १० लाखभन्दा बढी बिदेसिएका छन् । व्यक्तिगत रूपमा र तेस्रो मुलुकलाई आधार बनाएर बिदेसिने नेपालीको संख्या पनि यही हाराहारीमा रहेको अनुमान छ । श्रम तथा रोजगार प्रवर्द्धन विभागको तथ्यांकअनुसार कामका लागि बिदेसिने नेपालीको संख्या अहिलेसम्म ९ लाख ३५ हजार ३ सय ४१ पुगेको छ । यसरी कामका लागि बिदेसिने नेपालीहरूको ठूलो संख्या मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स तथा दक्षिण कोरियामा छ ।

# एसएलसीपछि मनोवैज्ञानिक परामर्श

तीन वर्षअघि राम्रो स्कुलबाट प्रवेशिका परीक्षामा विशिष्ट श्रेणीमा उत्तीर्ण उन्नाइस वर्षीय आकाश सिंहलाई राम्रो कलेजमा भर्ना भएर 'ए लेभल' पढ्ने इच्छा थियो। साथीहरूसँगै 'ए लेभल' मा भर्ना भएर उनले पढ्न पनि सुरु गरे तर उनको विषय अभिभावकले चाहेको भन्दा विपरीत थियो। छोराले विज्ञानमा उच्च शिक्षा हासिल गरेको हेर्न चाहने अभिभावकले आकाशलाई प्लस टुमा लगेर भर्ना गरिदिए। आफूलाई इच्छा लागेको विषय अध्ययन गर्न नपाएपछि र साथीहरूसमेत छोड्नुपरेकाले आकाशको मानसिक तनाव बढ्दै गयो। स्कुलमा छँदा सधैं उत्कृष्ट हुने आकाशको बौद्धिक क्षमता कम हुँदै गएपछि कलेजमा शिक्षकहरूले समेत वास्ता गर्न छाडे। यिनै कारणले आकाशमा मनोवैज्ञानिक समस्या देखियो। नेपाली शैक्षिक परिवेशमा यस्तो समस्या प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विद्यार्थीमा मात्र नभै उनीहरूका अभिभावकमा पनि देखिन सक्छ। यतिखेर हजारौं विद्यार्थी तथा उनीहरूका अभिभावक यस्तै अन्यौलपूर्ण स्थितिबाट ग्रसित हुन सक्छन्।

यस वर्षको प्रवेशिका परीक्षाबाट १ लाख ८३ हजार ८ सय ११ विद्यार्थी उच्चशिक्षाको पहिलो खुड्किलो चढ्दैछन्। ती खुड्किला चढ्नु पक्कै पनि विद्यार्थी तथा उनीहरूका अभिभावकका लागि सहज हुनेछैन। उच्चशिक्षाका बाटाहरू धेरै छन्। ती बाटा भनेका आगामी दिनमा उच्चशिक्षा हासिल गर्ने क्रममा अध्ययन गर्ने विषय हुन्। त्यसैले कुन बाटोले जीवनलाई सरल ढंगबाट गन्तव्यसम्म पुऱ्याउँछ भनेर सही बाटो रोज्नु निकै कठिन काम हो।

प्रवेशिका परीक्षामा उत्कृष्ट अंक हासिल गरिसकेपछि कुन विषय पढ्ने अथवा पढाउने ? अध्ययन सुरु गरिसकेपछि विषयलाई कहिलेसम्म निरन्तरता दिने ? निकै गहन प्रश्न हो। यसको निर्णय गरिहाल्नु त्यति सहज छैन। विद्यार्थीहरूले कुन विषयमा उच्चशिक्षा हासिल गर्ने भनेर तुरुन्त निर्णय लिन सक्दैनन्। अभिभावकले पनि आफ्ना छोराछोरीलाई कुन विषयतर्फ लगाउने भनेर यकिन गर्न सक्दैनन्। यस्तो अवस्थामा अधिकांश विद्यार्थीले प्रवेशिकामा हासिल गरेको श्रेणी तथा अंकका आधारमा विषय रोज्ने गरेको पाइन्छ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरिसकेपछिको पहिलो कठिन कार्य उच्चशिक्षाको विषय छनौट हो। नेपाली परिवेशमा अझै पनि प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थीले विज्ञान विषय र बाँकी श्रेणीमा उत्तीर्ण हुनेले व्यवस्थापन र मानविकी संकायको विषय पढे हुन्छ भन्ने सोचाइ व्याप्त छ तर यस किसिमको सोचाइ अहिलेको प्रतिस्पर्धात्मक शैक्षिक वातावरणमा कत्तिको सान्दर्भिक छ ? त्यसैले विषय छनौट गर्ने क्रममा विद्यार्थीले आफ्नो इच्छा एवं रुचिमा ध्यान दिनुपर्छ। हाम्रै अगाडि प्रवेशिका परीक्षामा विशिष्ट श्रेणी हासिल गरेका विद्यार्थीले समेत उच्चशिक्षामा राम्रो गर्न नसकेका उदाहरण धेरै छन्।

अभिभावकको करकापमा उच्चशिक्षा पूरा गरिसकेपछि कतिपय विद्यार्थीले त आफूले अध्ययन गरेको विषयमा भन्दा अन्य विषय पढेको भए मैले अझ राम्रो गर्न सक्थें भनेर असन्तुष्टि व्यक्त गरेको पाइन्छ। यसबाट हाम्रो शैक्षिक परिवेशमा आफ्नो रुचि, विधा तथा बौद्धिक क्षमताअनुसार विषय छनौट गर्नुपर्छ भन्ने मानसिकताको विकास भैनसकेको देखिन्छ। त्यसैले विद्यार्थी तथा अभिभावकलाई भविष्यमा सफल हुन सक्ने विषय छनौट गर्न मद्दत पुऱ्याउने मनोवैज्ञानिक शैक्षिक परामर्श आवश्यक भैसकेको छ। यस्ता अन्यौल विज्ञहरूको परामर्शबाट हटाउन सकिन्छ।

नेपालमा विद्यार्थीहरूलाई शैक्षिक परामर्श दिने संस्था सयौंको संख्यामा भए पनि मनोवैज्ञानिक परामर्श दिने संस्थाहरूको कमी छ। यस्तो काउन्सिलिङको सुविधा नेपाल अधिराज्यभरि हुनुपर्नेमा सुविधासम्पन्न काठमाडौंमा समेत नगन्य छ। उच्चशिक्षा अध्ययनरत विद्यार्थीहरू आफ्नो अध्ययनप्रति कत्तिको सन्तुष्ट छन् भन्ने विषयमा नेसनल इन्स्टिच्युट अफ साइकोलोजीले एउटा अध्ययन गरेको थियो। विभिन्न शैक्षिक प्रतिष्ठानहरूमा गरिएको उक्त अध्ययनअनुसार प्रवेशिका परीक्षामा प्रथम श्रेणी हासिल गरेका ८० प्रतिशतभन्दा बढी विद्यार्थी आफ्नो विषयप्रति सन्तुष्ट नरहेको देखियो। त्यसैले प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि जुनसुकै विषय पढे पनि हुन्छ भन्ने अव्यवहारिक मान्यता विद्यार्थी तथा अभिभावकले हटाउनु आवश्यक छ।

नेसनल इन्स्टिच्युटकै अर्को एक अध्ययनअनुसार विशिष्ट श्रेणी अथवा प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका अधिकांश विद्यार्थीको भनाइ के थियो भने उनीहरूले आफ्नो क्षमता, रुचि एवं शैक्षिक वातावरणअनुकूलको विषय छनौट गर्न सकेनन्। यसबाट के देखियो भने विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरेका अधिकांश विद्यार्थीले स्नातक तहमा विषय परिवर्तन गरी व्यवस्थापन अथवा मानविकीको अध्ययन थाल्छन्। यसबाट के देखिन्छ भने विद्यार्थीहरूले आफ्नो क्षमता, रुचि तथा इच्छा दबाएर आफ्नो विषयगत खुबी त्यागी आफ्ना लागि रुचिविहीन विषय अध्ययन गरिरहेका छन्।

नेसनल इन्स्टिच्युट अफ साइकोलोजीकी परामर्शदातृ डा. गंगा पाठकका अनुसार विद्यार्थीले आफ्नो रुचि तथा क्षमताअनुसारको विषय छनौट गर्न नसक्दा उसमा आफ्नो अध्ययनप्रति उदासीनता उत्पन्न हुनुका साथै भविष्यप्रति अन्यौल सिर्जना हुन्छ। यही कारणले विद्यार्थीको मानसिक क्षमतामा विचलन आउन सक्छ तर यो तथ्यप्रति स्वयं विद्यार्थी तथा अभिभावकहरू सचेत भएको देखिँदैन। उच्च अंक हासिल गरी प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीहरूले आफ्ना अभिभावकको दबावमा आफूलाई धेरै महत्त्वाकांक्षी बनाउने उद्देश्यअनुरूप विषय छनौट गर्ने एवं यस किसिमको अव्यवहारिक निर्णयका कारण धेरै विद्यार्थी असन्तुष्ट र अन्यौलतर्फ धकेलिएका उदाहरण छन्। विद्यार्थीले दबाबमा आएर मेरो यो विषयमा रुचि छ अथवा म यो विषय जसरी पनि पढ्न सक्छु भन्ने गरेको पाइन्छ। यस्तो बेला विद्यार्थीहरू आफ्ना साथीहरूको भनाइको पछि लाग्नाले बिग्रने गरेका छन्। साथीले जे पढ्यो त्यही विषय पढ्नाले यस्तो अवस्थाको सिर्जना हुनसक्छ।

विद्यार्थीले सुरुमा जुन विषयप्रति रुचि देखाएको छ त्यो वास्तविक रुचि हो वा होइन बुझ्नु आवश्यक छ। नेपाली शैक्षिक परिवेशमा सामान्य प्रचलन के छ भने प्रारम्भिक ज्ञानका आधारमा विद्यार्थीलाई विषय छनौट गर्न लगाइन्छ तर यस किसिमको मूल्यांकनलाई पूर्णतः वैज्ञानिक मान्न सकिँदैन। विद्यार्थीलाई विषय छनौट गराउँदा प्रवेशिकामा प्राप्त अंक र प्रारम्भिक ज्ञानलाई मात्र आधार नबनाएर उनीहरूको रुचि एवं बौद्धिक क्षमताको पनि परीक्षण गर्नुपर्छ। 'यस्तो परीक्षणबाट विद्यार्थीमा भविष्यप्रतिको अन्यौल हटाई अभिभावकलाई पनि सन्तुष्टि दिलाउन सकिन्छ,' इन्स्टिच्युटकी अर्की परामर्शदातृ उमा श्रेष्ठ भन्छिन्- 'सचेत अभिभावक तथा विद्यार्थीमा उच्चशिक्षा अध्ययनका क्रममा नयाँ सोचविचारको मानसिकता विकसित हुँदै गएको पाइएको छ।'

मनोवैज्ञानिक परामर्शका लागि आईक्यू परीक्षणका अतिरिक्त सूची परीक्षण विधि पनि अपनाउनुपर्ने हुन्छ। यो विधिअन्तर्गत scholastic aptitude test, educational interest record, vocational interest record जस्ता परीक्षण विधिहरू प्रयोगमा आउने गरेका छन्। विशेषगरी एसएलसी उत्तीर्ण गरेका तथा उच्चशिक्षामा भर्ना हुन लागेका विद्यार्थीहरूका लागि यो विधि बढी प्रभावकारी मानिन्छ। परामर्शदाताहरूका अनुसार सोह्र वर्षदेखि उन्नाइस वर्षका विद्यार्थीका लागि यो परीक्षण अत्यन्तै आवश्यक छ। यस्तो परीक्षणले व्यक्तिको विषयवस्तुप्रतिको रुचि एवं उसमा विद्यमान क्षमताबीचको सहसम्बन्धको हद पत्ता लगाउन सहयोग गर्छ।

शैक्षिक क्षेत्रमा पछिल्लो समयमा देखिएको अर्को समस्या हो- वैदेशिक अध्ययन। विश्वभरका शैक्षिक विकासले दिएको विभिन्न अवसर र विकल्पले विद्यार्थी तथा अभिभावकले यस्तो छनौटको अवसर पाएका हुन्। विश्वभरका विभिन्न विश्वविद्यालयले नयाँ विषयको अध्ययन-अध्यापन प्रारम्भ गरेकाले पनि विद्यार्थी तथा अभिभावकको झुकाव त्यसतर्फ बढेको हुनसक्छ। अभिभावकको चाहना हुन्छ छोराछोरीले विदेशमा गएर राम्रो अंकका साथ नयाँ विषयमा उच्चशिक्षा हासिल गर्न सकुन् तर अध्ययनका क्रममा त्यहाँ देखिने धेरै समस्याले विद्यार्थीहरूलाई पिरोलिरहेको हुन्छ। नयाँ ठाउँमा नयाँ साथीसँग कसरी भिज्ने भन्ने समस्याले विद्यार्थीलाई सताइरहेका बेला उनीहरू अध्ययनप्रति केन्द्रित हुन पाउँदैनन्। त्यसैले छोराछोरीलाई विदेश पढ्न पठाउनुअघि मनोवैज्ञानिक परामर्शको खाँचो हुन्छ। यस्तो किसिमको परामर्श विद्यार्थीलाई मात्र नभई अभिभावकलाई समेत आवश्यक छ।

विश्वव्यापी सन्दर्भमा विद्यार्थीहरूलाई प्राथमिक तहदेखि नै मनोवैज्ञानिक परामर्श प्रदान गरिन्छ,' इन्स्टिच्युट अफ साइकोलोजीकी परामर्शदातृ डा. पाठक भन्छिन्- 'तर अहिलेसम्म हाम्रो मुलुकमा यस किसिमको ट्रेन्ड बसिसकेको छैन।' संस्थाकी प्रमुख पाठकका अनुसार यहाँ केही घटना घटिसकेपछि मात्र परामर्शदातासँग सल्लाह मागिन्छ। विद्यार्थीको भविष्यका योजनासँग प्रत्यक्ष संलग्न राख्ने शैक्षिक क्षेत्रको अन्यौल हटाउन गाउँ-गाउँसम्म मनोविज्ञानको चेतना फैलाउनु आवश्यक छ। बेलैदेखि विद्यार्थी तथा अभिभावकलाई उच्चशिक्षाका क्षेत्रमा सफलता दिलाउन हरेक कलेजले मनोविज्ञ राख्नुपर्छ। सहर केन्द्रित केही नाम चलेका कलेजले मात्र मनोविज्ञ राखी परामर्श दिइरहेका छन्। शैक्षिक-मनोवैज्ञानिक परामर्शले विद्यार्थी तथा अभिभावकलाई भविष्यमा सही मार्गतर्फ डोऱ्याउने निश्चित छ।

–गिरिश भट्टराई

# अब कहाँ पढ्ने ?

**विदुर खतिवडा**

विराटनगरस्थित ज्ञानोदय विद्या निकेतनबाट यस वर्षको एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण सुकृति गौतमले भविष्यमा एयरहोस्टेज बन्ने लक्ष्य राखेकी छिन्। 'एयरहोस्टेज बन्ने चाहना छ,' शारिरिक उचाइले साथ दिएकी सुकृतिले साप्ताहिकलाई भनिन्- 'तर अहिले होइन, त्यो योजना मात्रै हो।' एयरहोस्टेज बन्ने चाहना राखेकी सुकृति यतिखेर भने स्टाफ नर्सको प्रवेश परीक्षाको तयारी गरिरहेकी छिन्। किन ? सुकृतिले भनिन्- 'प्राविधिक विषय भएकाले, त्यसमा पनि स्टाफ नर्सको क्रेज देखेर त्यसतर्फ आकर्षित भएकी हुँ।'

## प्लस टुमा विद्यार्थी

उच्च माध्यमिक शिक्षा परिषद्को पछिल्लो तथ्याङ्कअनुसार हाल प्लस टुमा २ लाख ६८ हजार ७ सय ४४ विद्यार्थी अध्ययनरत छन्। वि.सं. २०६३ सालमा एसएलसी उत्तीर्णमध्ये १ लाख ५६ हजार विद्यार्थी प्लस टुसँग आवद्ध थिए। यो वर्ष एसएलसीमा इतिहासमै सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन्, जसमध्ये प्रायः प्लस टु शिक्षामा जाने यसअघिको तथ्याङ्कले देखाउँछ। ग्रामीण क्षेत्रमा भने महँगो शुल्कका कारण विद्यार्थीहरू प्लस टुको यात्रा तय गर्न सक्ने अवस्था छैन। प्लस टु कलेज छनौटमा पनि विद्यार्थीले कलेजमा अध्यापन गराउने पूर्णकालीन र हेल्मेट (पिरियर्ड) शिक्षकको अवस्था, प्रयोगशालाको स्थिति, विगतको उत्तीर्ण दर, उत्तीर्ण विद्यार्थीको स्थिति हेर्नुपर्छ।

'राजधानीको भीएस निकेतनबाट प्रथम श्रेणी उत्तीर्ण प्रतीक हुमागाईंको लक्ष्य भने अर्कै छ। व्यवस्थापन अध्ययन गर्न लागेका हुमागाईंले होटल म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गर्ने योजना बनाएका छन्। 'एसएलसीमा ७१ प्रतिशत आयो,' परीक्षाफल सुनाउँदै उनले भने- 'त्यसैले होला, धेरैले विज्ञान संकाय अध्ययन गर्न उत्प्रेरित गरिरहेका छन्, तर मेरो लक्ष्य होटल म्यानेजमेन्ट नै हो।'

'त्यस्तै एसएलसीमा विशिष्ट श्रेणीमा उत्तीर्ण रविन विष्टले राजधानीकै एउटा 'ए' लेभल अध्यापन गराउने कलेजमा भर्ना लिइसकेका छन्। ए लेभल पूरा गरेर विदेशमा उच्च शिक्षा हासिल गर्ने चाहना राखेका विष्ट आफ्नो भविष्य ए लेभलको अध्ययनमा देख्छन्। विष्ट भन्छन्- 'ए लेभल विश्वव्यापी मान्यताप्राप्त पाठ्यक्रम हो, त्यसैले मैले ए लेभल पढ्ने निधो गरें।'

व्यक्ति फरक, दृष्टिकोण पनि फरक। सुकृति, प्रतीक र रविन सबैका आ-आफ्नै योजना छन्। यी एसएलसीको परिणाम आएपछि उच्च शिक्षाका लागि बनेका योजना हुन्।

सहरी क्षेत्रमा हुर्किएका यी तन्नेरीले कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भन्ने निर्णय गर्न सके पनि आमविद्यार्थी 'कन्फ्युजन' भैरहेको जवाफ दिन्छन्। सामान्य योजना बनाउन सजिलो छ तर कुन विषय कहाँ पढ्ने जस्ता कुराले अन्यौल सिर्जना गरिरहेको हुन्छ, राजधानीकै सामुदायिक विद्यालयबाट दोस्रो श्रेणीमा एसएलसी उत्तीर्ण निशा भट्टराईले भनिन्- 'हाम्रो योजना कच्चा हुन्छ, हाम्रा लागि यो बाटो सही छ भनेर स्पष्ट गाइडलाइन वा परामर्श दिने व्यक्तिको खाँचो छ। निशाका अनुसार कतिपय अवस्थामा विद्यार्थीको योजना असफल हुन सक्छ, त्यसैले विद्यार्थीलाई उसको क्षमता बराबरको बाटो तय गरिदिने परामर्श उपलब्ध भए उसले सही क्यारियर छनौट गर्न सक्छ।

एसएलसी पछि कुन विषय अध्ययन गर्ने ? राम्रो अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरूको पहिलो रोजाइ हो, विज्ञान तथा प्रविधि संकाय। विज्ञान तथा प्रविधि संकायका आधारमा प्राविधिक शिक्षामा उच्च शिक्षा हासिल गर्न पाउने भएकाले प्रायः अभिभावक आफ्ना सन्तानले यो संकाय रोजुन् भन्ने चाहना राख्छन्। विज्ञान तथा प्रविधि संकायमा भर्ना हुने सबैले अध्ययनमा राम्रो सफलता पाउन सक्दैनन्, त्यसमा पनि विषयप्रतिको लगावले विशेष भूमिका खेल्छ। त्यसैले पछिल्ला वर्षमा राम्रो अंक ल्याएर उत्तीर्ण गरेकाहरू व्यवस्थापन तथा मानविकी संकायमा भर्ना हुने गरेका छन्। जेभियर इन्टरनेशनल कलेजका प्राचार्य लोक भण्डारीका अनुसार व्यवस्थापन र मानविकीमा प्रयोगात्मक-व्यावसायिक पक्ष समेटिएकाले यी संकायमा उच्च शिक्षा हासिल गर्नेको संख्या बढ्दै गएको हो। कम्प्युटर, बैंक-वित्तीय संस्था (फाइनान्स), व्यापार-व्यवसाय (बिजनेस), मार्केटिङ, सञ्चार, कला पर्यटन, होटल म्यानेजमेन्ट, नर्सिङ, फाइन आर्ट्स, समाजशास्त्र, दर्शन शास्त्र, ग्रामिण विकास, कृषिजस्ता विषयमा विद्यार्थीहरूको आकर्षण बढेको देखिन्छ।

एसएलसीपछि प्लस टु, ए लेभल, प्रमाणपत्र तह र प्राविधिक शिक्षामध्ये कुन 'स्ट्रिम' मार्फत जाने ? यो प्रश्नको उत्तर विद्यार्थीले परामर्शको माध्यमबाट छुट्याउनुपर्छ। त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह खारेज गर्ने भनेर १५ वर्षयता लगातार आवाज उठिरहे पनि खारेज भएको छैन। केही समयअघि मात्र विश्वविद्यालयले सम्बन्धन दिएका कलेजमा प्रमाणपत्र तहको स्थानमा प्लस टुलाई प्रतिस्थापन गर्ने कुरा आएको छ, तर यो कहिलेदेखि लागू हुन्छ भन्ने निधो छैन। विद्यार्थी नेता प्रदीप पौडेलका अनुसार प्लस टुको तुलनामा प्रमाणपत्र तहमा शुल्क कम भएकाले कम आर्थिक स्थितिका विद्यार्थीले प्रमाणपत्र तहलाई नै रोज्नुपर्ने बाध्यता छ। पौडेल भन्छन्- 'प्लस टुलाई पनि प्रमाणपत्र तह बराबर शुल्क निर्धारण गरेर मात्र खारेज गर्न पाइन्छ।'

प्राविधिक शिक्षा रोजगारीका दृष्टिकोणले राम्रो भए पनि यसले बृहत्तर रूप लिन सकेको छैन। हाम्रो देशको हकमा थोरै विद्यार्थीले मात्र यो बाटो रोज्ने अवसर पाएका छन्। ए लेभल सबै माध्यममध्ये महँगो मात्र छैन, यो अंग्रेजी राम्रो भएकाले मात्र अध्ययन गर्न सक्ने विषय भएकाले सहरी क्षेत्रमै सीमित छ।

यसबाहेक अहिलेको लोकप्रिय शिक्षा भनेको प्लस टु नै हो। प्लस टुले व्यावहारिक विषयमा आधारभूत शिक्षा प्रदान गर्ने नीति लिएकाले यसमा विद्यार्थीहरूको आकर्षण बढेको विज्ञहरू बताउँछन्। नियमित अध्ययन-अध्यापन, चुस्त परीक्षा प्रणाली, उच्च औसत उत्तीर्ण दर, अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रमलगायतले प्लस टु लोकप्रिय बनेको उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायणप्रसाद कोइराला बताउँछन्। प्लस टुको अर्को राम्रो पक्ष यसले धेरै विषयको पाठ्यक्रम तयार पार्नु हो। (हेर्नुहोस् परिषदका विषयहरू)

'एसएलसी उत्तीर्ण विद्यार्थीमध्ये ७५ प्रतिशत विद्यार्थी प्लस टु शिक्षामा जानुले यसको लोकप्रियता पुष्टि हुन्छ।' शिक्षाविद मनप्रसाद वाग्ले भन्छन्- नेपाली आधारको अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम भएकाले प्लस टुका उत्पादन स्वदेशमा मात्र होइन, विदेशमा पनि सजिलै बिक्छन्।

## कक्षा ११ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान, गणित, भूगोल, बुम, लेखा, अर्थशास्त्र, ओएमएसपी, कम्प्युटर साइन्स, शिक्षाको परिचय, एजुकेसन पेडाजोजी, शिक्षा शिक्षण विधि, टिचिङ म्याथ (गणित शिक्षण विधि), टिचिङ नेपाली (नेपाली शिक्षण विधि), टिचिङ इङ्लिस (अंग्रेजी शिक्षण विधि), स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्या शास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीति शास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृहविज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दू, जर्मन), भाषा विज्ञान (अंग्रेजी, नेपाली)।

## कक्षा १२ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिक शास्त्र, रसायन शास्त्र, जीवविज्ञान, गणित, भूगोल, बुम, लेखा, अर्थशास्त्र, ओएमएसपी, कम्प्युटर साइन्स, नेपाली, शिक्षाको परिचय, टिचिङ म्याथ (गणित शिक्षण विधि), टिचिङ नेपाली (नेपाली शिक्षण विधि), टिचिङ इङ्लिस (अंग्रेजी शिक्षण विधि), स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्या शास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीति शास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृहविज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दू, जर्मन), भाषा विज्ञान (अंग्रेजी, नेपाली)।


## कक्षा १२ मा मात्र अध्ययन गर्नुपर्ने विषयहरू

बालविकास तथा सिकाइ (एजुकेसन पेडाडोजीको सट्टा), टिचिङ साइन्स, टिचिङ सोसियल स्टडिज, बिजनेस म्याथम्याटिक्स, मार्केटिङ, शिक्षा प्रविधिको परिचय, प्राथमिक शिक्षा, वातावरणीय शिक्षा, इन्ट्रक्सनल इभालुएसन, प्राक्टिकम, इन्स्ट्रक्सनल अर्गनाइजेसन, कन्टेम्पोररी साइन्स, जनरल म्याथम्याटिक्स, जनरल साइन्स, ग्रामीण अर्थशास्त्र तथा स्पेसल निड एजुकेसन।

## म एसएलसी पास भएँ, अब के गर्ने ?


- कुन विषय अध्ययन गर्न मन लागेको छ, त्यसका बारेमा विस्तृत बुझ्नुहोस् र त्यसको स्कोप कस्तो छ जानकारी लिनुहोस्।
- परिवारका सदस्य तथा साथीहरूसमक्ष आफ्नो इच्छाका सम्बन्धमा खुलस्त छलफल गर्नुहोस्। उनीहरूको धारणा बुझ्नुहोस् तर छलफल पछिको निर्णय आफैं लिनुहोस्। कसैले दबाब दिँदैमा आफ्नो इच्छाविपरीत जानुभयो भने त्यसले तपाईंलाई नै हानि पुऱ्याउन सक्छ।
- राम्रो कलेज छनौट गर्न सक्नु सफलताको पहिलो खुड्किलो हो, यसकारण कसैको लहैलहैमा नलागी स्तरीय कलेजको खोजी गर्नुहोस्।
- आफूलाई राम्रा लागेका सबै कलेजमा जानुहोस्। त्यहाँको वातावरण बुझ्नुहोस्। यसका लागि अभिभावक तथा साथीहरूको सहयोग लिन सकिन्छ। राम्रो शैक्षिक वातावरण, आवश्यक भौतिक संरचना, शिक्षक तथा पाठ्यक्रमहरूको जानकारी लिनुहोस्।
- कलेजको शैक्षिक परिणाम कस्तो छ, जानकारी लिन सकिन्छ।
- आफूलाई अध्ययन गर्न मन लागेको विषयका सम्बन्धमा सोही विषयको विशेषज्ञबाट जानकारी हासिल गर्नुहोस्।
- निर्णय गर्दा हतारिएर नगर्ने। उक्त विषयको अध्ययन पछि प्राप्त हुने अवसरका बारेमा बुझेर मात्र निर्णय लिने। राम्रो विषय पढ्ने भन्दैमा नसक्ने विषय पढेर असफल हुने प्रयास नगर्नुहोस्।

## जन्मदिनको शुभकामना





रिजन महर्जन
२०६१ साउन ४



पीयुष श्रेष्ठ
२०६० साउन ४



मन्दिप केसी
२०६२ साउन ५



दीक्षँन्त कटुवाल
२०६३ साउन ६



उत्सव थापामगर
२०६२ साउन ७



प्रशंसा क्षेत्री
२०५४ साउन ७



एरोन गुरुङ
२०६१ साउन ७




एन्जिला ओजस्वी
२०६१ साउन ९



सुहानी गौतम
२०६२ साउन ९



प्रसुन अर्याल
२०६२ साउन ४



**कुपन**

## जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :........................................

ठेगाना : ........................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# उच्च माध्यमिक तहको आकर्षण

एसएलसी उत्तीर्ण धेरै विद्यार्थीले उच्च शिक्षाको यात्राका क्रममा प्लस टु प्रणालीलाई रोज्छन् । प्लस टु प्रणालीमा मात्रै करिब डेढ लाख विद्यार्थी भर्ना हुनुले लोकप्रियताको दृष्टिकोणले अन्य माध्यमको तुलनामा प्लस टु लोकप्रिय देखिन्छ । प्लस टुले व्यावहारिक पाठ्यक्रम समेटेकाले यसको लोकप्रियता बढेको विज्ञहरू बताउँछन् । प्लस टु तहमा होटल म्यानेजमेन्ट, आमसञ्चार, पर्यटन, समाजशास्त्र, दर्शनशास्त्र, विभिन्न भाषालगायत व्यावहारिक तथा सैद्धान्तिक विषयहरू समेटिएका छन्, जसले विद्यार्थीलाई उच्च शिक्षामा विशिष्टता हासिल गर्न राम्रो आधार तयार गर्छ ।

संकायगत दृष्टिकोणले विज्ञान राम्रो मानिन्छ, किनभने विज्ञान प्रयोगात्मक विषय हो । प्राविधिक विषयमा जान पाइने भएकाले रोजगारका दृष्टिकोणले यो संकायलाई सबल मानिन्छ, तर पछिल्ला दिनमा व्यवस्थापन तथा मानविकी संकायमा पनि प्रयोगात्मक शैली अपनाउन थालिएको छ । यी दुवै संकायअन्तर्गत कतिपय विषय पूर्णत व्यावहारिक साथै रोजगारमूलक पनि भएकाले विद्यार्थीहरूको आकर्षण अन्य संकायमा पनि बढ्दै गएको छ ।

प्लस टुमा विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकायअन्तर्गतका विभिन्न विषयमा विद्यार्थीले शिक्षा हासिल गर्न सक्छन् । उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायणप्रसाद कोइरालाका अनुसार आधुनिक शिक्षातर्फ उन्मुख विषयमा आधारित पाठ्यक्रममा परिषद्ले जोड दिँदै आएको छ । यता शिक्षाविद् मनप्रसाद वाग्ले प्लस टुको पाठ्यक्रम स्तरीय भए पनि विश्वविद्यालय तहका पाठ्यक्रम स्तरीय नहुनुले प्लस टु शैक्षिक प्रणाली विश्वविद्यालयमा पुग्दा 'बालुवामा पानी हालेजस्तो' भएको टिप्पणी गर्छन् । माथिको शैक्षिक प्रणालीमा सुधार नगरेसम्म प्लस टु शिक्षा जति नै राम्रो भए पनि समग्र शैक्षिक उपलब्धि प्राप्त हुन सक्दैन, शिक्षाविद वाग्ले भन्छन्- 'सामाजिक मागका विषय एवं विषयगत शिक्षण तालिमजस्ता कुरामा तालमेल मिलाएकाले पनि प्लस टुका कतिपय विषय आकर्षक देखिएका हुन् ।'

प्लस टुको शैक्षिक पाठ्यक्रममा खोट लगाउने ठाउँ पनि त्यत्तिकै रहेको एकथरी शिक्षाविद्हरूको तर्क छ । प्लस टु तहमा व्यावसायिकता एवं क्षणिक आकर्षणका विषयलाई मध्यनजर गरेर राम्रा र पढ्नैपर्ने विषयलाई समायोजन नगरी व्यावसायिक तालिमको भरमा पूरा गर्न सकिने पाठ्यक्रममा जोड दिइएको उनीहरू बताउँछन् । काठमाडौं भ्याली उच्च माध्यमिक विद्यालयकी प्रिन्सिपल ववित‌ा लाभका अनुसार प्लस टु उच्च शिक्षाको आधार भएकाले बहुआयामिक विषयको पाठ्यक्रममा जोड दिनुपर्छ ।

उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा ११ र १२ मा गरेर ९८ वटा विषयको पाठ्यक्रममा अध्यापन गराउन स्वीकृति दिएको छ । प्रवीणता प्रमाणपत्र तहको साँघुरो शैक्षिक पाठ्यक्रमको तुलनामा प्लस टुमा विविधता भएको परिषद्को जिकिर छ । परिषद्ले एकलपथ उन्मुख पाठ्यक्रम तयार पारेको छ, जसमा विद्यार्थीले रोजेको विषयमा अध्ययन गर्न पाउँछन् । उच्च शिक्षाका क्रममा कुनै पनि संकायमा जानेभन्दा पनि प्लस टुको शिक्षालाई माध्यमिक स्तरको शिक्षा मानेर विद्यार्थीको रोजाइअनुरूप जुनसुकै विषयमा अध्ययन गर्न पाउने सुविधा एकलपथ हो, तर वास्तविक रूपमा विश्लेषण गर्ने हो भने प्लस टु शिक्षा एकलपथ होइन, किनभने प्लस टुमा एसएलसी उत्तीर्ण विद्यार्थीले विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र संकाय जुनमा जाने हो त्यहीअनुरूपको निर्धारित पाठ्यक्रममा जानुपर्ने बाध्यता छ । शिक्षाविद् वाग्लेका अनुसार परिषद्ले नयाँ विषयको पाठ्यक्रममा ध्यान दिए पनि संरचनागत पुरानो ढाँचा अझै छोड्न सकेको छैन । प्लस टुलाई माध्यमिक स्तरकै शिक्षा मान्ने हो भने यसमा विशिष्टीकरणका लागि छुट्टाछुट्टै संकायको आवश्यकता छैन । त्यसकारण एकलपथ उन्मुख पाठ्यक्रम लागू गर्नेतर्फ परिषद् व्यावहारिक छैन ।

परिषद्का पाठ्यक्रम परिषद्अन्तर्गतको आफ्नै पाठ्यक्रम समितिले तयार पारेको हो । त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू सम्मिलित विषय समितिले पाठ्यक्रम समितिअन्तर्गत रहेर ती पाठ्यक्रम तयार पारेको हो । परिषद्को प्लस टु मात्र यस्तो तह हो, जहाँ पाठ्यक्रम विकासका लागि पाठ्यक्रम विकास केन्द्र छैन । विश्वविद्यालय तथा माध्यमिक सबै तहमा विकासकेन्द्रको अवधारणा भए पनि प्लस टुमा यसको आवश्यकता देखिएको छैन । शिक्षाविद् वाग्लेका अनुसार प्लस टुमा पनि पाठ्यक्रम विकास केन्द्रको आवश्यकता छ । वाग्ले भन्छन्- 'लगानी बढाएर, नयाँ विचार प्रयोग गर्दै पाठ्यक्रम विकासमा ध्यान दिनुपर्छ ।'

परिषद्ले पाठ्यक्रम सुधारका लागि शिक्षाविद्हरूसँग सुझाव लिँदै आएको छ । नयाँ विषयमा रुरल डेभलपमेन्ट, फाइनान्स, जनरल ल, लाइब्रेरी साइन्स, वुमेन एन्ड डेभलपमेन्ट, फुड एन्ड न्युट्रिसन एवं ओएमएसी तथा बुमको संयुक्त रूप बिजनेश स्टडीको पाठ्यक्रम तयार भैसकेको छ, जुन आगामी वर्षदेखि लागू गर्ने परिषदको योजना छ ।

## शिक्षा सेवा होइन, व्यापार

प्लस टु शिक्षामा निजी क्षेत्रका कलेजहरूको परफर्मेन्स चर्चा गर्न लायक छ । परीक्षा परिणामको आधारमा हेर्ने हो भने केही प्लस टु कलेज उदाहरणीय देखिन्छन् । नियमित अध्ययन-अध्यापन र कडा अनुशासनको व्यवस्थाले गर्दा प्लस टु शिक्षा विद्यालयकै स्वरूपमा सञ्चालन हुने गरेको छ । त्यसैले समग्र रूपमा प्लस टु शिक्षाका सकारात्मक पक्ष धेरै छन्, तर प्लस टु शिक्षामा विद्यार्थी तान्ने होडले गर्दा अहिले यो क्षेत्रमा पनि विभिन्न नाटकीय प्रस्तुति देखिन्छ ।

एसएलसी परीक्षामा सर्वोत्कृष्ट स्थान ल्याउने विद्यार्थीलाई २० औं लाख रुपैयाँ तिरेर आफ्नो कलेजमा भित्र्याउने होड केही वर्षअघिसम्म चलेको थियो । बोर्डफस्टलाई भित्र्याएकै कारण सफल बनेका केही कलेजले अहिलेसम्म पनि त्यसकै ब्याज खाइरहेका छन् । त्यति मात्र होइन, बोर्डफस्टलाई सम्मान गरेको देखाएर विद्यार्थी तान्ने होड पनि चल्यो । बोर्डफस्टको नाम सार्वजनिक गर्ने परम्परा खारेज भएपछि यो खेल अहिलेलाई रोकिएको छ तर प्रचारको त्यो शैली मन पराउनेहरूले अहिले पनि विभिन्न इस्युमा आफ्नो प्रचार गर्न भने छाडेका छैनन् । उच्चमाध्यमिक शिक्षा परिषद्ले एसएलसी परिणामअगावै विज्ञापन गर्न वर्जित गरे पनि कलेजहरूले त्यसलाई वास्ता नगरी विज्ञापन गरिरहेका हुन्छन् ।

केही समयअघि क्यास्पियन कलेजबाट फुटेर गएको समूहले 'उत्कृष्ट शिक्षकहरूको समूह'ले क्यारेबियन कलेज सञ्चालन गर्न लागेको विज्ञापन गरेको थियो । उक्त समूहले सञ्चालनमा आइरहेको प्रोगेस कलेज खरिद गरेर त्यहाँ क्यारेबियन कलेज सञ्चालन गरेको छ । यस्तै हिमालय ह्वाइट हाउसबाट फुटेर गएको समूहले अहिले गोल्डेन गेट कलेज खोलेको छ । प्राप्त जानकारीअनुसार सञ्चालनमा आइरहेको एफ डब्लु टेलर कलेजलाई खरिद गरेर गोल्डेन गेट नामकरण गरिएको छ ।

त्यस्तै केही वर्षअघि राजधानीकै तीनवटा कलेज मिलेर एउटा कलेज सञ्चालन गरिएको थियो । उक्त कलेजका सञ्चालकहरू साइकल र मोटरसाइकलमा हिंड्थे तर अहिले तिनै व्यक्तिहरू गाडीमा हिंड्न थालेका छन् । यी उदाहरणले कलेज सञ्चालनपछि प्राप्त हुने पर्याप्त मुनाफाप्रति संकेत गर्छ । एक कलेजको सञ्चालक समितिमा रहेका एक प्राध्यापकले नाम उल्लेख नगर्ने सर्तमा भने- 'पैसामा कुरा नमिलेकै कारण सञ्चालक समिति फुट्ने र अर्को कलेज खडा हुने गरेको छ ।'

कलेजहरूले राम्रा विद्यार्थीलाई छात्रवृत्ति दिने नाममा औसत विद्यार्थीसँग उसको र त्यो राम्रो विद्यार्थी दुवैको शुल्क असुल्ने गरेको ती प्राध्यापकले बताए ।



## गफै त हो बिहे ? अचम्म मान्नुपर्दैन ...

धर्मुस (सीताराम कट्टेल) र सुन्तली (कुन्जना घिमिरे) हास्यटेलिश्रृङ्खला 'मेरी बास्सै' मा जमेका जोडी हुन् । धर्मुस र सुन्तलीको यो जोडीलाई टेलिश्रृङखलामा हेर्ने दर्शकले समेत गजबको जोडी भन्ने गरेका छन् । त्यतिमात्र होइन, टेलिश्रृङ्खलाको छायांकनका क्रममा यो जोडीले पटक-पटक विवाहसमेत गरिसकेको छ । पर्दामा जोडीको भूमिकामा देखिने सीताराम र कुन्जना वास्तविक जीवनमा समेत एक-अर्काका निम्ति परिपूरक बन्ने तयारीमा रहेको बजार हल्ला पनि चल्न थालेको छ । कतिसम्म भने उनीहरूको अहिलेको क्रियाकलाप हेर्दा यो जोडी वास्तविक जीवनकै जोडी हो कि ? भन्नेसमेत पर्ने गरेको छ । घिमिरे र कट्टेलका एक निकटस्थ मित्र भन्छन्- 'उनीहरूबीचको सहकार्य हेर्ने मानिसले यो जोडी दम्पती नै हो भन्छन्, उनीहरूबीच वास्तविक जीवनमै विवाह हुने खबर आए अचम्म मान्नुपर्ने अवस्था छैन ।' साप्ताहिकले यही विषयमा थप बुझ्न सम्बन्धित व्यक्तिहरूसँगै सम्पर्क गर्ने निर्णय गर्‍यो । धर्मुसको मोबाइलमा फोन गरेको त सुन्तलीले उठाइन् र भनिन्- 'उहाँ त सुटिङमा हुनुहुन्छ ।'



माग्ने बूढाको नम्बरमा गर्नुहोस् न है ।' जे होस्, सुन्तलीलाई मोबाइल जिम्मा दिएको आधारमा पनि उनीहरू निकट छन् भन्ने थाहा भयो । 'हो, हाम्रो विवाह भए अचम्म मान्नुपर्ने अवस्था छैन,' धुर्मुसले संवाददातासँग भने- 'तर यो सम्भावना ५० प्रतिशत छ भने त्यति नै प्रतिशत छैन पनि ।' अहिलेसम्म त्यस्तो कुनै योजना नबनेको बताउने धुर्मुसका अनुसार सुन्तली नजिकको साथी भए पनि लभ अफेयर भने चलेको छैन । उनले अहिलेसम्म सुन्तलीसमक्ष प्रेम-प्रस्तावसमेत नराखेको बताए । यता सुन्तलीले पनि धुर्मुसको भनाइलाइ साथ दिँदै भनिन्- 'तपाईंले भनेजस्तो सम्बन्ध छैन । सुन्तलीको धुर्मुससँग चक्कर चले पनि कुन्जनाको सीतारामसँग छैन तर विवाह भैहाले अचम्मचाहिँ नमान्नुहोला ।' सुन्तलीका अनुसार धेरैले टेलिश्रृङ्खला हेरेकै भरमा यो जोडीले साँच्चै विवाह गरे हुन्थ्यो भन्ने आशा गर्ने दर्शकहरूका कारण यो हल्ला चलेको हुनुपर्छ । अहिले क्यारियरलाई प्राथमिकता दिएकाले विवाहका बारेमा नसोचे पनि सीतारामसँग आफू सुरक्षित महसुस हुने मात्र होइन, धेरै विश्वास पनि रहेको कुन्जनाले बताइन् । जे होस्, यो जोडी अस्पष्ट रूपमा भए पनि प्रेममा परेको कुरा उनीहरूसँगको कुराकानीबाट थाहा हुन्छ ।

## फ्यानपछि हिरो

एउटा कार्यक्रमको सिलसिलामा हङकङ पुगेका निर्देशक नारायण पुरी त्यहाँ आफ्ना एक जना प्रशंसकसँग भेटेर तीनछक परे । नेपाली चलचित्रका दर्शक सभ्रान्त परिवारमा छैनन् भन्ने कथनलाई झूटो साबित गर्ने ती नेपाली युवकले पुरीको निर्देशनमा बनेका सबै चलचित्र हेरेका रहेछन् । त्यतिमात्र कहाँ हो र ? उनलाई त पुरीको 'बायोग्राफी' पनि कण्ठस्थ रहेछ । मोबाइल र कम्प्युटरको व्यापार गर्ने ती प्रसंसक कुनै नायक वा नायिकाको प्रशंसक नभएर पर्दापछाडिका निर्देशकको प्रशंसक किन भए त ? उनको जवाफ यस्तो थियो- चलचित्रको मुख्य सर्जक भनेकै निर्देशक हो, त्यसैले । कलाकार वा अरूले त निर्देशकले जे भन्यो त्यही गर्ने मात्र न हो ।' यसबीच सन्तोष लोहनी एउटा फरकधारको चलचित्र निर्माण गर्ने तयारीमा थिए । उनले उक्त चलचित्रमा तिनै प्रशंसकलाई नायक लिने भए । अहिले उक्त चलचित्रको निर्माण सकिएको छ । ती प्रशंसक सुनील पोखरेलले व्यापारबाट फुर्सद निकालेर चलचित्र 'नारी'मा अभिनय पनि गरे । अब उनी आफ्ना प्यारा निर्देशक पुरीको निर्देशनमा पनि एउटा चलचित्रमा अभिनय गर्दैछन् ।



## माओवादी दिलीप

नायक दिलीप रायमाझी माओवादी भएका छन् । माओवादी सरकारमा सामेल भएयता माओवादीसँग निकट संघ-संस्था खोल्न केही कलाकर्मी सक्रिय भैरहेको बेला व्यस्त नायक रायमाझी माओवादी बन्दा कसैलाई आश्चर्य नलाग्ला, तर कलाकारको कुनै धर्म, जात वा पार्टी हुँदैन भन्ने भावनाले ओतप्रोत रायमाझी कुनै राजनैतिक पार्टीको कसरी हुन सके ? यो भने खोजीको बिषय हुनसक्छ । द्वन्द्व निर्देशक तथा अभिनेता रोशन श्रेष्ठले साप्ताहिकलाई एउटा तस्बिर उपलब्ध गराए । तस्बिरमा दिलीपको टाउकोमा रातोमा एउटा सेतो तारा भएको पट्टी छ । हातमा उनले एसएलआर बन्दुक च्यापेका छन् । किन बने त दिलीप माओवादी ? द्वन्द्व निर्देशक श्रेष्ठले जवाफ दिए- 'ऊ बनेको हो र हामीले पो बनाएको ।' दिलीपलाई नेपाली चलचित्रका निर्माताहरू रोमान्टिक नायकका रूपमा आफ्ना चलचित्रमा लिन्छन् । उनले कुनै गीतमा मज्जाले नाचे भने गीत हिट हुन्छ, तर हाल निर्माणको अन्तिम चरणमा रहेको चलचित्र 'सहिद'मा भने उनी अलग देखिएका छन् । माओवादीको जनयुद्ध तथा त्यसअघिका राजनैतिक घटनाक्रम समेटिएको उक्त चलचित्रमा दिलीपले गणेश उप्रेती, ऋचा घिमिरे आदिसँग अभिनय गरेका छन् ।

## उमेर विपनाको

नायिका विपना थापाले आफ्नो उमेर घटाउँछिन्- केही चलचित्र समीक्षकहरू यसै भन्छन् । उनका शुभ चिन्तकहरू भन्छन्- उमेर घटाएको होइन, अपडेट गरेको । सात वर्षअघिसम्म विपना थापाले आफ्नो जन्म वर्ष २०३३ साल बताउँथिन् । केही वर्षपछि २०३४ साल भन्न थालिन् । हिंजोआज चाहिं भन्छिन्- म १९७८ डिसेम्बरकी हुँ । विपनाका अनुसार उनी पहिलो पटक नायिका बन्दा १४ वर्षकी थिइन् । बिपनाका अनुसार उनी १४ वर्षदेखि नै यस क्षेत्रमा क्रियाशील छिन् । यो हिसाबमा उनी २८ वर्षकी भइन् तर १९७८ मा जन्मिएकी हुँ भनेपछि उनको उमेर २९ वर्ष पुग्छ । विपना ठाडो अनुहार लगाएर भन्न सक्छिन्- म उमेर ढाँटदिन, उमेर ढाँटेर के गर्नु ? उनको यो भनाइ र शुभचिन्तकहरूको भनाइ ठ्याक्कै मेल खान्छ । किनभने बिपना उमेर ढाँट्दिनन् खालि त्यसको अपडेट मात्र हुन्छ ।



# मल्टिस्टार चलचित्रकै चल्ती



### किन मल्टिस्टार नै ?

-अक्सर कथाको माग, दर्शकको माग, निर्माण पक्षको चाहना र रिक्स कम गर्न ।

**-शिव रेग्मी, चलचित्र निर्देशक**

-व्यवसाय धराशायी भएका बेला निर्माताहरू रिक्स मोल्न चाहँदैनन्, मल्टिस्टार यसैको उपज हो ।

**-विकास आचार्य, चलचित्र लेखक**

-यो कन्फिडेन्स विल्डअप गर्ने एउटा उपाय हो ।

**-दिलीप रायमाझी**

यतिबेला प्रदर्शनमा आएका अधिकांश नेपाली चलचित्रमा दुई वा दुईभन्दा बढी नायक देख्न पाइन्छ । भिडियो फर्मेटलाई छाडेर हेर्दा एकजना मात्रै नायकलाई लिएर हाल कुनै पनि चलचित्र बनेका छैनन् भन्दा पनि हुन्छ । चलचित्र कानुन, घायल, मर्यादा, कर्मको रेखा र पालेदाइ मल्टिस्टार चलचित्रका उदाहरण मात्र हुन् । दयाराम दाहाल, दीपक श्रेष्ठ, शोभित बस्नेत आदि चलेका निर्देशकहरू मल्टिस्टारमा विश्वास गर्छन् । अरू त अरू निर्देशक शिव रेग्मी पनि मल्टिस्टारमा भर पर्न थालेका छन् । रेग्मीले निर्देशन गरेको पछिल्लो चलचित्र युद्धमा शिव श्रेष्ठ, निखिल उप्रेती, दिलीप रायमाझी आदि नायकले अभिनय गरेका छन् ।

नायक दिलीप रायमाझी आफूद्वारा निर्मित चलचित्र हामी साथीभाइ अर्का निर्माता सुनिलदत्त पाण्डेका साथै चल्तीका नायक निखिल उप्रेतीलाई पनि समावेश गरेका छन् । सुनिल मानन्धर र कृष्ण चापागाईंको संयुक्त लगानीमा निर्माण भैरहेको चलचित्र दिदी-भाइमा पनि तीन जना नायक छन् । दिदी-भाइमा राजेश हमाल, सुशील क्षेत्री तथा नयाँ एक्सन नायक अर्जुन कार्कीले अभिनय गरेका छन् । सुरुमा यो चलचित्रमा निखिल उप्रेती अनुबन्धित थिए । दिदी-भाइ निर्माण पक्षसँग





निखिलको विवाद बढेपछि उनको ठाउँमा सुशीललाई लिएको थियो । दिदी-भाइका निर्देशक कृष्ण चापागाईं हुन् ।

कलाकार निर्मल शर्मा तथा सुधांशु जोशीको संयुक्त लगानीमा निर्मित चलचित्र नेपालमा सुधांशुका साथै नायकद्वय राजेश हमाल र धिरेन शाक्य छन् । यो चलचित्रका निर्देशक दयाराम दाहाल हुन् । दयारामले आफूद्वारा निर्देशित अर्को चलचित्र दोबाटोमा राजेश हमाल र निखिल उप्रेतीलाई लिएका छन् । प्रदीप श्रेष्ठले निर्देशन गरिरहेको निर्माणाधीन चलचित्र डरमा पनि दुई जना नायक छन् । डरका ती दुई नायक हुन रमित ढुंगाना र विराज भट्ट ।

चलचित्रको प्रमुख पक्ष निर्देशकीय क्षमतालाई मानिन्छ । यद्यपि लेखन छायांकन र अभिनय पनि कम महत्त्वपूर्ण मानिँदैन तर चलचित्रमा स्टारहरूको भेला गर्ने परिपाटी स्थापित भएको छ । राजेश हमाल, निखिल उप्रेती, विराज भट्ट र रमित ढुंगाना बाहेकका नायकलाई लिएर हाल चलचित्र निर्माण भएको पाइँदैन । स्टारहरूको भीड लगाएर चलचित्र चलाउने हिसाब गर्नुलाई निर्देशक-हरूलाई आफ्नो क्षमतामा विश्वास छैन भन्ने हो । अरू त अरू निर्देशक तुलसी घिमिरे पनि आफ्नो नयाँ चलचित्र देशमा राजेश हमाल र निखिल उप्रेतीलाई नायक बनाउने गृहकार्यमा छन् । यसअघि घिमिरे नयाँ कलाकारलाई प्राथमिकता दिने निर्देशकमा पर्थे ।

**दिवस गुरागाई**

### १२ वर्षअघिको स्थिति

| चलचित्र | नायकहरू | फल |
|---|---|---|
| राँको | शिव श्रेष्ठ, भुवन केसी, विजय लामा, कृष्ण मल्ल | चलेन |
| झझल्को | शिव श्रेष्ठ, भुवन केसी, श्रीकृष्ण श्रेष्ठ | चलेन |
| गोठालो | सरोज खनाल, श्रीकृष्ण श्रेष्ठ, कृष्ण मल्ल | सामान्य |
| **केही समयअघि** | | |
| हामी तीन भाइ | राजेश हमाल, श्रीकृष्ण श्रेष्ठ, निखिल उप्रेती | चल्यो |
| राजुराजाराम | शिव श्रेष्ठ, भुवन केसी, राजेश हमाल, जयकिशन | चलेन |
| चोर सिपाही | भुवन केसी, राजेश हमाल, निखिल उप्रेती, रमित ढुंगाना | चल्यो |
| **नयाँ** | | |
| कानुन | राजेश हमाल, निखिल उप्रेती, दिलीप रायमाझी | |
| घायल | राजेश हमाल, निखिल उप्रती, विक्रान्त बस्नेत, जयकिशन | |
| मर्यादा | राजेश हमाल, निखिल उप्रेती, दिवस उप्रेती, श्याम घिमिरे | |
| पालेदाइ | राजेश हमाल, निखिल उप्रेती, दिलीप रायमाझी | |

*यहाँ नायकबाहेक नायिका तथा अन्य कलाकारको गणना गरिएको छैन ।*



# जमाना

## छोटा परिहनको

**रेखा** थापा प्रायः चलचित्रमा स्कर्टमै प्रस्तुत हुन्छिन् । परिवेश जस्तोसुकै होस्, धेरैजसो दृश्यमा उनी स्कर्टमै देखिन्छिन् । स्कर्टमा क्युट देखिने हुँदा अधिकांश निर्देशकले स्कर्टलगायत अन्य छोटा वस्त्रका लागि अनुरोध गरेको उनको अनुभव छ । निर्देशकका त्यस्ता आग्रहलाई रेखाले मान्ने गरेकी छिन् । 'दर्शकलाई जे मन पर्छ हामीले त्यस्तै खालको ड्रेसअप गर्नुपर्छ । स्कर्ट अचेलका आमयुवतीको रोजाइको पोसाक हो । स्कर्ट लगाउन सजिलो हुने हुँदा पनि रेखा र स्कर्टको सम्बन्ध सुमधुर छ । रेखा भन्छिन्– 'स्कर्ट लगाएर काम गर्दा सजिलो पनि हुन्छ ।'

रेखा त प्रतिनिधि पात्र मात्र हुन् । पछिल्ला समयमा निर्माण भएका धेरै चलचित्रमा अभिनेत्रीलाई छोटा पहिरनमा उतार्नु फेसनजस्तै बनेको छ । निर्देशक मदन घिमिरे भन्छन्– 'स्कर्ट नै चाहिन्छ भन्ने छैन तर ग्ल्यामरस दृश्य छ भने छोटै पोसाक उपयुक्त हुन्छ ।' चलचित्रमा प्रयोग गरिने त्यस्ता ड्रेसअपप्रति कतिपय व्यक्तिले आपत्ति जनाउनुलाई निर्देशक घिमिरे राम्रो मान्दैनन् । अभिनेत्रीलाई नङ्ग्याउने उद्देश्यले नभएर चलचित्रलाई राम्रो बनाउन त्यस्ता पहिरन प्रयोग गरेको भन्न चाहने घिमिरे कतिपय युवती पर्दाबाहिर त्यस्तै ग्ल्यामरस भएर हिंड्ने बताउँछन् । दर्शकको चाहनाअनुरूप अभिनेत्रीलाई ग्ल्यामरस बनाउनुपर्छ भन्ने निर्देशक घिमिरेको मान्यता छ । चलचित्र 'माया बसेछ' मा अभिनेत्री रेखा थापालाई उनले ग्ल्यामरस स्वरूपमा प्रस्तुत गरेका थिए ।

छोटा पहिरन आमयुवतीको प्रिय पोसाक भएजस्तै आमनिर्देशक पनि त्यस्तै पोसाकप्रति आकर्षित छन् । चलचित्र धड्कनमा अभिनेत्रीद्वय रेखा थापा र अरुणिमा लम्साललाई छोटा पहिरनमा उतारेर आलोचना खेपेका निर्देशक नरेश पौडेल पनि अभिनेत्रीलाई ग्ल्यामरस रूपमै प्रस्तुत गर्नुपर्ने तर्क गर्छन् । युवापुस्तालाई नेपाली चलचित्रप्रति आकर्षित गर्नु छ भने युवायुवतीकै शैलीलाई पर्दामा उतानुपर्ने धारणा पौडेलको छ । पौडेल भन्छन्– 'ग्ल्यामरस पहिरनमा हिंड्न पाउनु अधिकार पनि हो भने सोही परिवेशलाई चलचित्रमा उतार्नु निर्देशकको कर्तव्य ।' पुरानादेखी नयाँ पुस्ताका निर्देशकसम्म अचेल अभिनेत्रीलाई ग्ल्यामरस बनाउने धुनमा मरिमेटेर लागेका छन् ।

कुनै समय दुई-चार हजारकै पहिरनमा सुटिङ सक्ने निर्माता अचेल एउटै चलचित्रका लागि लाखभन्दा बढीको पहिरन खरिद गर्छन् । निर्देशक श्याम भट्टराई भन्छन्– 'राम्रो चलचित्र बनाउन ड्रेसअपमा पनि राम्रै खर्च गर्नुपर्ने स्थिति छ ।' राम्रा र आकर्षक ड्रेसअपका लागि अधिकांश निर्देशक अहिले सुटिङ सुरु गर्नुअघि बुटिक धाउन थालेका छन् ।

निर्माता, निर्देशक एवं दर्शकको चाहनाजस्तै अभिनेत्रीले पनि आकर्षक देखिने खालका पोसाकमा सहमति जनाउन थालेपछि चलचित्रमा ग्ल्यामरस दृश्यको बाढी आउन थालेको हो । अभिनेत्री अरुणिमा लम्साल भन्छिन्– 'नेपाली समाज सुहाउँदो ड्रेसअप गर्न कसैले पनि हिचकिचाउनु हुँदैन ।' ग्ल्यामरस छवि भएकी अभिनेत्री अरुणिमा दर्शकले स्वीकार गरेसम्म यो परिपाटीलाई निरन्तरता दिने बताउँछिन् । छोटा पोसाकप्रति अर्की अभिनेत्री उषा पौडेलको पनि असहमति छैन ।

अभिनेत्रीलाई ग्ल्यामरस रूपमा प्रस्तुत गरेर दर्शकको प्रशंसा पाउन सफल अर्का निर्देशक हुन् आकाश अधिकारी । चलचित्र 'क्रोध' मा अभिनेत्री रेखा थापालाई ग्ल्यामरस रूपमा प्रस्तुत गरेका आकाशले उक्त चलचित्रवाट जस पनि पाएका थिए । अधिकारी भन्छन्– 'ग्ल्यामरस बनाउनुलाई नायिकालाई नङ्ग्याएको अर्थमा बुझ्नु हुँदैन ।' नेपाली चलचित्रलाई परम्परागत शैलीबाट माथि उठाउनुपर्ने आमनिर्देशकको धारणा भए पनि कतिपय भने पुरानै परिपाटीमा काम गर्न बाध्य छन् ।



## लभगुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**प्रेम गर्न अपनाउनुपर्ने उपयुक्त सूत्र के हो ? प्रेम गर्नका लागि आफूमा कस्ता किसिमका गुण आवश्यक हुन्छ ? आफ्नो प्रेमका बारेमा असन्तुष्ट अभिभावकलाई कसरी सम्झाउने ? उपयुक्त उत्तर पाए अभारी हुने थिएँ ।**

**ना.**

प्रेम आफैं हुने कुरा हो, तर प्रेम आफैं हुन्छ भनेर केही प्रयास नगरी बस्ने हो भने कहिल्यै पनि कसैसँग प्रेम गर्न सकिँदैन । त्यसैले प्रेम गर्न पहिलो प्रयासका रूपमा आफूलाई मनपर्ने मानिससँग बोल्ने प्रयास गर्नुपर्छ, तर बोल्दा वा बोलाउदा शिष्ट भाषामा सम्मानपूर्वक बोल्नुपर्छ । यसका लागि कुनै न कुनै बहाना बनाउन सकिन्छ । सामान्य बोलचालपछि चिनाजानी गर्नुपर्छ, तर याद गर्नुहोस्, पहिलो बोलचालमै प्रेम प्रस्ताव राख्ने मुर्खता कहिल्यै नगर्नुहोस् । चिनाजानीपछि घनिष्ठता बढाउने प्रयास गर्नुपर्छ । कहिलेकाहीं चिया वा चिसो पेय खाने प्रस्ताव राख्नुपर्छ । सकभर आफूलाई मन पर्ने मानिसलाई धेरै ठूलो सहयोगी र आवश्यक मानिसका रूपमा आवश्यकताबोध गराउन सक्नुपर्छ, एउटी युवतीले प्रेममा जहिले पनि युवक आफूप्रति कति क्रेजी छ भनेर परीक्षण गर्छिन् । त्यसैले उनलाई आफ्नो सबैभन्दा ठूलो सहयोगी, आवश्यकतामा साथ दिने व्यक्ति र सबैभन्दा बढी माया गर्ने प्रेमीका रूपमा उभ्याउन सक्नुपर्छ ।

कुनै पनि मानिसको मन मीठो वचन, असल बानी, मिलनसार व्यवहारका साथै सहयोगी बनेर जित्न सकिन्छ, तर प्रेममा निरन्तर लगनको पनि त्यत्तिकै आवश्यकता पर्छ । मीठो वचन, असल बानी, मिलनसार व्यवहार तथा लगनशीलता आदि नै प्रेमीप्रेमिकाको हृदय जित्न सक्ने आवश्यक गुण हुन् ।

आफ्ना अभिभावकसँग प्रेमसम्बन्धका बारेमा स्पष्ट कुरा राख्नुपर्छ । किनभने अगाडिको कदमका लागि अभिभावकहरू नै सल्लाह-सुझाव दिने तथा अन्ततः सबै क्षेत्रमा सहयोग गर्ने व्यक्ति हुन् । त्यसैले आफ्ना प्रेमी-प्रेमिकाका बारेमा पारिवारिक पृष्ठभूमि र स्तरका बारेमा जानकारी गराउँदा असल र सही सुझाव एवं सहयोग पाउन सकिन्छ । अभिभावक एवं परिवारलाई यथार्थ बताएर नै आफ्नो प्रेमलाई विवाह वा सफलतासम्म पुर्‍याउन सकिन्छ ।

## फिल्मी खबर


**निर्देशक** शिव रेग्मीको पछिल्लो चलचित्र युद्धले प्रदर्शनको ५१ औं दिन पूरा गरेर पुनः नयाँ श्रृङ्खला सुरु गरेको छ । यो चलचित्रको निर्माण चिरञ्जीवी बस्नेतले गरेका हुन् । युद्ध चिरञ्जीवीको बीसौं चलचित्र हो । युद्धले नारायणघाटमा ५१ औं दिनको श्रृङ्खला तयार गरेको हो । ५१ औं दिनको अवसरमा गत शनिबार नारायणघाटमा एक समारोहबीच कलाकार तथा सञ्चारकर्मीलाई ट्रफी तथा प्रमाणपत्र प्रदान गरियो। युद्धमा राजेश हमाल, निखिल उप्रेती, सञ्चिता लुइँटेल, दिलीप रायमाझी, सारंगा श्रेष्ठ आदिको मुख्य भूमिका छ। मोफसलको प्रदर्शन सकेर युद्ध राजधानी छिर्ने कुरा निर्माण पक्षले जनाएको छ।

**अभिनेता** केशव भट्टराईको लगानीमा निर्माण भैरहेको चलचित्र 'देवर बाबु' को स्वराङ्कन सम्पन्न भएको छ । ज्ञानेन्द्र देउजाले निर्देशन गरेको उक्त चलचित्रमा सुरेश अधिकारीको संगीत, सुरज सुब्बाको लेखन, वसन्त श्रेष्ठको नृत्य, राजेन्द्र खड्गीको द्वन्द्व तथा दीर्घ गुरुङको छायाङ्कन हेर्न-सुन्न पाइन्छ भने चलचित्रका मुख्य कलाकारमा तृप्ति टोटलानी, रमित ढुंगाना, रेखा थापा, विराज भट्ट आदि छन् ।

**गोपीकृष्ण** मुभिजले घोषित सातवटा चलचित्रको निर्माणसँगै आठौं चलचित्रका रूपमा निर्माण गरिरहेको चलचित्र 'तेजाब' को छायाङ्कन सम्पन्न भएको छ । दीपक परिकोटीले निर्देशन गरको उक्त चलचित्रको सम्पादन भैरहेको छ । चलचित्रमा रमित ढुंगाना, उषा पौडेल, हेमन्त बुढाथोकी, नवीन श्रेष्ठ, उमेश खड्का, पुजाना आदिले अभिनय गरेका छन् ।

**पहिलो** पटक नायक दिलीप रायमाझी निर्माता बनेको चलचित्र 'हामी साथीभाइ' मोफसलमा प्रदर्शनको क्रममा छ । दिलीप रायमाझी, निखिल उप्रेती तथा सुनीलदत्त साथीभाइ बनेको यो चलचित्रका नायिकाहरूमा बिपना थापा, निरुता सिंह तथा अरुणिमा लम्साल छन् । नायिका सारंगा श्रेष्ठले उत्तेजित नृत्य प्रस्तुत गरेको 'हामी साथीभाइ' को नृत्य-निर्देशन वसन्त श्रेष्ठले गरेका हुन । निर्मल शर्मा, आर.पी. पन्त, मुकुन्द थापा, किरण केसी, सुशीला पोखरेल आदिले पनि अभिनय गरेको यो चलचित्रमा सुरेश अधिकारीले संगीत दिएका छन् । 'हामी साथीभाइ'को प्रदर्शन पोखरा, धरान, बेलबारी, हेटौंडा र तुलसीपुरमा भैरहेको छ ।

**एमाले** समर्थित चलचित्र कर्मीहरूको संगठन जनपक्षीय चलचित्रकर्मी संघ तथा माओवादीको गणतान्त्रिक मोर्चाको कार्यसमितिबीचको भेटघाट र चियापान कार्यक्रम सम्पन्न भएको छ । जनपक्षीय चलचित्रकर्मी संघतर्फको नेतृत्व अध्यक्ष केपी पाठकले गरेका छन् भने गणतान्त्रिक चलचित्रकर्मी मोर्चातर्फको नेतृत्व माओवादीका सांस्कृतिक विभाग प्रमुख ईश्वरचन्द्र ज्ञवालीले गरेका छन् । चलचित्र क्षेत्रमा पुराना सात संघको



महासंघ बनाउने तयारी भैरहेको बेला जनपक्षीय चलचित्रकर्मी संघले लोकतान्त्रिक चलचित्रकर्मीहरूसँगको भेटघाट कार्यक्रमलाई तीव्रता दिएको छ । यसअघि उक्त संघले नेपाली कांग्रेस समर्थित नेपाल सांस्कृतिक संघका पदाधिकारीसँग भेटघाट गरेको थियो । जनपक्षीय अध्यक्ष केपी पाठक भन्छन्- 'सबै लोकतान्त्रिक चलचित्रकर्मी एकै ठाउँमा उभिने वातावरण बन्नु आवश्यक छ ।'



श्याम भट्टराई खासगरी टेलिचलचित्र निर्देशक। भट्टराईद्वारा पहिलोपटक निर्देशित ठूलो पर्दाको चलचित्र मर्यादा मोफलसलका सहरहरूमा प्रदर्शनको क्रममा छ। आफूलाई कान्छा निर्देशक भन्न रुचाउने श्यामसँग सफलतापूर्वक प्रदशैन भैरहेको चलचित्र 'मर्यादा' का विषयमा केन्द्रित रहेर गरिएको जम्काभेट :

## जम्का भेट

# "मर्यादापछि नेपाली चलचित्र उद्योग कालोपत्रेमा गुड्नेछ"

- श्याम भट्टराई

**मर्यादा कस्तो चलचित्र हो ?**

यो कलरफुल चलचित्र हो। प्रेम प्राप्तिमा हुन्छ र विछोडमा पनि। यस हिसाबले हेर्दा यो प्रेममय चलचित्र पनि हो। जहाँ मर्यादा राख्ने र तोड्ने दुवै पक्ष छन्।

**यो चलचित्रबाट के आशा गर्नुभएको छ ?**

इतिहासै परिवर्तन गर्छु भन्ने त होइन तर आमचलचित्रभन्दा सबै हिसाबमा माथि छ।

**मर्यादा किन हेर्ने दर्शकले ?**

वास्तविक प्रेम बुझ्न, प्रेममा हुनसक्ने त्याग र समर्पणको पराकाष्ठा थाहा पाउन। अनि एउटा रोमान्चकारी चलचित्रको आनन्द लिन।

**आमचलचित्रभन्दा मर्यादा के कुरामा फरक छ ?**

आमचलचित्र निर्माणको शैलीबाट मर्यादा कोसौं टाढा छ। अहिलेको पुस्ताले मर्यादा हेरेपछि फेरि-फेरि नेपाली चलचित्र नै खोज्नेछ।

**मर्यादा चले के हुन्छ, नचले के हुन्छ ?**

चल्यो भने चलचित्र उद्योगको ट्र्याक परिवर्तन हुन्छ। नेपाली चलचित्र उद्योग कालोपत्रेमा गुड्ने छ। चलेन भने सी ग्रेडका हिन्दी चलचित्रको नक्कल गरेर अर्को चलचित्र बनाउँछु।

**मर्यादामा आफ्नी श्रीमती नायिका रञ्जना शर्मालाई खुब नङ्ग्याउनुभएको छ रे।**

धेरै नङ्ग्याएको भए त सेन्सरले पनि रोक्थ्यो होला। अर्को कुरा, कथाको मागभन्दा बाहिर गएर न नाङ्गिने कुरा भएको छ न त धेरै लुगा लगाउने काम भएको छ।

## केवल एक प्रश्न

# बाटोमा एक रुपैयाँको ढ्याक भेट्नुभयो भने के गर्नुहुन्छ ?




उठाउँछु, त्यस्तै एक-एक रुपैयाँले नै लाखौं-करौडौं रुपैयाँ हुन्छ।

–अरुण श्रेष्ठ
(सञ्चालक, धुलिखेल माउन्टेन रिसोर्ट)

कसैले हेरिरहेको छ कि भनेर पहिले दायाँ-बायाँ हेर्छु। त्यसपछि बिस्तारै नजिकै जान्छु। खुट्टाले थिच्छु र निहुरेर उठाएर ढोक्छु। लक्ष्मी कुनै पनि रूपमा आउन सक्छिन्। एक रुपैयाँ भनेर हेँला गर्नु हुँदैन।'

–नवराज आचार्य
(टेलिकलाकार/निर्देशक)

पहिले वरपर हेर्छु। खल्तीबाट अर्को एउटा ढ्याक झिक्छु। भुइँको ढ्याकनजिकै गएर त्यस्को छेउमा खसाल्छु। आरामसँग दुईवटै ढ्याक उठाउँछु र आज दिनभरिको कमाइ यति नै रहेछ भनेर मनलाई सान्त्वना दिन्छु। हा..हा..हा।

–सुमन सिंह (चलचित्र नायक)

एक रुपैयाँ पनि त पैसै हो। भलै अहिले यसको महत्त्व कम भएको हुनसक्छ, तर एक रुपैयाँले किन्न मिल्ने चिज अझै धेरै छन्। भेटियो भने म त निर्धक्क उठाउँछु।

–हिमानी डिसी (नायिका)

मज्जाले टिप्छु। कहिलेकाहीँ एक रुपैयाँ चानचुन नहुँदा पर्ने अप्ठेरो मैले भोगेकी छु। त्यसैले त्यस्तो पैसा फेला परे टिप्छु र घरको खुत्रुकेमा हाल्छु। दिनको एक-एक रुपैयाँ जम्मा गर्न पाइयो भने महिनामा ३० रुपैयाँ हुन्छ। साँचो कुरा भनौं..मैले अहिलेसम्म बाटोमा त्यसरी पैसाचाहिँ भेटेको छैन।

–रोशना दाहाल
(नृत्य कलाकार/रंगकर्मी)

## चलचित्र



### पार्टनर

सोहेल खान प्रोडक्सन्सको ब्यानरमा तयार भएको चलचित्र 'पार्टनर' आज शुक्रबार सार्वजनिक हुँदैछ। सलमान खान, गोविन्दा, लारा दत्ता तथा क्याटरिना कैफले मुख्य भूमिकामा अभिनय गरेको यो चलचित्र कमेडी बेसमा छ। गोविन्दालाई लिएर थुप्रै चर्चित हास्य चलचित्र बनाइसकेका निर्देशक डेविड धवनले यो चलचित्रमा गोविन्दाबाट मात्र बक्स अफिसमा स्थान पाउन नसक्ने देखेपछि सलमानलाइ शिर्ष भूमिकामा अभिनय गराएको विश्लेषकहरू बताउँछन्। चलचित्रमा सलमान असफल प्रेमीहरूको प्रेम समस्या समाधान गर्ने डाक्टर बनेका छन्। युवाहरूको एकतर्फी प्रेमलाई द्वितर्फी बनाउन सफल सलमान आफैं भने असफल प्रेमी हुन्छन्। यस्तै समस्या गोविन्दा र कैटरिनाबीच पनि हुन्छ। नायिकाहरूलाई आफ्नो वशमा पार्न उनीहरूले गरेका थुप्रै प्रयास असफल सावित हुँदै जान्छन्। प्रेममा सफल हुने यो खेलमा उनीहरूले समस्याहरूको सामना गर्नुपर्ने हुन्छ, तर अन्ततः उनीहरू सफल हुन्छन्। युनाइटेड अरब इमिरेट्स तथा क्यानाडामा छायांकन गरिएको यो चलचित्रमा साजिद-वाजिदको संगीत सुन्न पाइन्छ।

### हेयरस्प्रे




हलिउड चलचित्र उद्योगमा आज शुक्रबार चलचित्र हेयरस्प्रे सार्वजनिक हुँदैछ। आडम शंकम्यानको निर्देशनमा तयार भएको यो चलचित्रमा जोन ट्राभोल्टा, क्विन लतिफा, अमान्डा बाइनेज, निकोल ब्लोन्स्काइ, ज्याक इफ्रोनले मुख्य भूमिकामा अभिनय गरेका छन्। सांस्कृतिक कथामा आधारित यो चलचित्रले युवापुस्ताको चाहनालाई प्रतिविम्बित गरेको छ। चलचित्रमा ठूलो शरीर, ठूलो कपाल साथै हृदय पनि ठूलो भएकी ट्रेसी टर्नब्लाडको महत्त्वाकांक्षा प्रस्तुत गरिएको छ। नृत्य गर्न औधी मन पराउने ट्रेसी वाल्टिमोरस्थित टेलिभिजन च्यानलको कार्यक्रम 'द कर्नी कोलिन्स सो' मा सहभागी हुने महत्त्वाकांक्षा राख्छिन्। त्यसका लागि ट्रेसी सबै दृष्टिकोणले उत्तम भए पनि शारीरिक मोटाइका कारण उनी छनौटमा पर्न सक्दिनन्। अन्ततः ट्रेसीले आफूमा भएको नृत्य क्षमता प्रमाणित गरेरै छोड्छिन्। चलचित्र हेर्दै जाँदा दर्शकले विभिन्न रोमाञ्चक तथा दुःखदायी दृश्यहरू पनि हेर्न पाउँछन्। १ घण्टा ५५ मिनेट लामो यो चलचित्रको छायांकन क्यानाडाको टोरन्टोमा भएको हो।

## पहिलो विश्व

### मुस्लिम राष्ट्र अगाडि



गुगलको सर्च इन्जिनमा त जानुभएकै होला। त्यहाँ तपाईंले के खोज्नुभयो? गड अर्थात् भगवान् की सेक्स अर्थात यौन? गुगलले आफ्नो सर्च इन्जिनमा आउनेहरूको एउटा तथ्यांक हालै सार्वजनिक गरेको छ, जसमा सेक्स वेबसाइट खोज्नेहरूमध्ये पाकिस्तान एक नम्बरमा छ। अचम्म के छ भने सेक्स वेबसाइट खोज्ने उपल्ला १० मुलकमध्ये आठवटा मुस्लिम राष्ट्र छन् र तिनीहरूसँगै सूचीको नम्बर ३ र नम्बर ५ मा भारत र भियतनाम छन्। यसरी इन्टरनेटमार्फत् यौन प्यास मेट्न खोज्ने मुलुकमा मुस्लिम देशहरू मिश्र, टर्की, मोरक्को, इरान, साउदी अरेबिया, इन्डोनेसिया आदि अग्रपंक्तिमा छन् भने संसारभर सबैभन्दा बढी सेक्स वेबसाइट खोज्नेहरू दिल्ली सहरमा बस्छन्। गुगलको तथ्यांकअनुसार वेबसाइटमा अध्यात्म अथवा धर्म, दर्शन वा भगवान सर्च गर्नेहरू तुलनात्मक रूपमा युरोपमा बढी छन्।



रूप कि कुरुप? अनुहारभरि पियरसिङ गरेकी युवती।

### सरकारद्वारा सेक्सी समाचार प्रसारण

तपाईं इमान्दारिताका साथ सरकारलाई कर तिर्नुहुन्छ भने सरकारले पनि तपाईं केही न केही सुविधा दिनुपर्छ। यही कुरा मनन् गर्दै जापान सरकारले बढी कर बुझाउने करदाताका लागि निर्वस्त्र समाचार च्यानल हेर्ने सुविधा दिने भएको छ। सरकारले यस्ता करदाताहरूका लागि 'हाडाका नो न्युज स्टेसन' (निर्वस्त्र न्युज स्टेसन) स्थापना गरेको छ।




शुक्रबार राति प्रसारण हुने यो निर्वस्त्र समाचार च्यानलमा युवतीले समाचार भन्दै आफ्नो शरीरमा रहेका पहिरन खोल्दै जान्छिन् र समाचारको अन्त्यसम्ममा उनी निर्वस्त्र हुन्छिन्।

यो च्यानलले आफ्नो कार्यक्रममा पाँच मिनेटको सांकेतिक भाषाको समाचार पनि समावेश गरेको छ। सांकेतिक भाषा प्रयोग गर्नेहरू पनि करदाता भएका कारण यस्तो प्रकारको समाचारको व्यवस्था गरिएको हो। यो समाचारको शीर्षक 'हाडाका नो सुवा न्युज' (निर्वस्त्र सांकेतिक भाषाको समाचार) राखिएको छ।

## सानो पर्दा



-नेपाली टेलिभिजनको संसारमा थप दुई नयाँ टेलिभिजन च्यानलको प्रवेश भएको छ। सोमबार दिउँसो एक बजेदेखि काठमाडौंबाट सगरमाथा टेलिभिजन च्यानलले परीक्षण प्रसारण आरम्भ गरेको छ भने काठमाडौंबाटै मंगलबार साँझ छ बजेदेखि अर्को टेलिभिजन च्यानल एभिन्युजको प्रसारण आरम्भ भएको छ। सगरमाथा टेलिभिजनले थाई कम स्याटलाइटबाट प्रसारण आरम्भ गरेपछि हिंजो बिहीबारदेखि समाचार बुलेटिनका साथ नियमित प्रसारण आरम्भ गरेको छ। अर्कातर्फ नेपालको एकमात्र समाचारप्रधान च्यानलका रूपमा प्रसारण थालिएको एभिन्युज टेलिभिजन थाई कम फाइभ उपग्रह मार्फत् आफ्नै अर्थ स्टेसनबाट प्रसारण भएको छ। हाल नेपालबाट सञ्चालन भैरहेका राष्ट्रिय च्यानलमा कान्तिपुर, च्यानल नेपाल, नेपाल टेलिभिजन, इमेज च्यानल, एनटिभी टु तथा इमेज मेट्रोसहित अब यी दुई च्यानल थपिदाँ आठवटा राष्ट्रिय टेलिभिजन च्यानल भएका छन्।

-आफ्नो खुइलिंदै गएको केश प्रत्यारोपण गरेपछि प्रायः एफएममार्फत् सुनिने सञ्चारकर्मी नरेश भट्टराईलाई अब टेलिभिजनको पर्दामा पनि हेर्न पाइनेछ। नरेशले हालसालैदेखि इमेज च्यानलमा चलचित्रसम्बन्धी कार्यक्रम 'चलचित्र' सञ्चालन गर्न थालेका छन्। हरेक शुक्रबार राती साढे दस र बुधबार साँझ साढे छ बजे प्रसारण हुने उक्त कार्यक्रममा नेपाली चलचित्र उद्योगका गतिविधिका साथै गीत पनि प्रस्तुत गरिन्छ।

## कान्तिपुर टेलिभिजन पाँचौं वर्षमा

**साप्ताहिक समाचार**

काठमाडौं- कान्तिपुर टेलिभिजन नेटवर्क प्रा. लि. शनिबार प्रसारणको चार वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको छ। उक्त अवसरमा सुविधानगरस्थित कान्तिपुर कम्प्लेक्समा एक समारोह सम्पन्न भयो। समारोहमा बोल्दै कान्तिपुर टेलिभिजनका प्रबन्ध निर्देशक गणेश अग्रवालले समयक्रममा कान्तिपुर टेलिभिजन विभिन्न चुनौतीहरू सामना गर्दै अहिलेको स्थितिमा आइपुगेको बताउनुभयो। उहाँले भन्नुभयो- 'विश्वस्तरमा बढ्दो प्रविधि र राष्ट्रियस्तरका प्रतिस्पर्धा बुझेर आउँदा दिनमा सशक्त रूपमा अघि बढ्छौं।' कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष हेमराज ज्ञवालीले कान्तिपुर टेलिभिजनले आफ्नो गुणस्तर अझै बढाउनुपर्ने कुरामा जोड दिनुभयो। कान्तिपुर पब्लिकेसन्सका प्रबन्ध निर्देशक कैलाश सिरोहिया तथा कान्तिपुर एफ.एम.का प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीको उपस्थिति रहेको उक्त समारोहमा वर्षभरि उत्कृष्ट काम गरेबापत कार्यक्रम प्रोडक्सनबाट क्यामेराम्यान शिवराम श्रेष्ठ, इन्जिनियरिङबाट जनक पौडेल, समाचार शाखाबाट क्यामेराम्यान योपेश प्रधान र प्रशासन, मार्केटिङ तथा लेखाबाट यज्ञचन्द्र अधिकारीलाई जनही पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरियो। चौबीसै घन्टा प्रसारण हुने कान्तिपुर टेलिभिजनले नेपाली तथा अंग्रेजी गरी दैनिक नौवटा प्रमुख समाचार एवं ११ वटा संक्षिप्त समाचारका साथ विभिन्न मनोरञ्जनात्मक एवं सूचनामूलक कार्यक्रमहरू प्रसारण गर्दै आएको छ।

## शुभम् साँझ

**साप्ताहिक समाचार**

काठमाडौं- 'म बाँच्न चाहन्छु म मर्न चाहन्नँ। कृपया मलाई बचाउनुहोस्।' -सपत्नी राष्ट्रिय सभागृहको मञ्चबाट विश्वनाथप्रसाद श्रेष्ठले गुहार्दा दर्शकदीर्घामा सन्नाटा छाएको थियो। जलेश्वरका श्रेष्ठ सर्लाहीको जिल्ला प्रशासन कार्यालयका कर्मचारी हुन्। उनका दुवै मृगौला काम नलाग्ने भएका छन्। उपचारका लागि उनीसँग खर्चको अभाव छ। गत साता 'रे अफ होप'को आयोजना तथा एक्सप्लोर पिस ट्राभल्सको प्रायोजनमा राजधानीको सभागृहमा 'शुभम् साँझ' शीर्षकमा एक सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। कार्यक्रम श्रेष्ठको उपचारका लागि सहयोग जुटाउन आयोजित गरिएको थियो।

# भानु कलाको सांस्कृतिक कार्यक्रम



विराटनगर- गर्मीले सीमा नाघ्न लागेका बेला गीत-संगीतले पनि शीतलता प्रदान गर्दो रहेछ। गत शुक्रबार विराटनगरको वीरेन्द्र सभागृहको गर्मीले दर्शकहरूका साथै कलाकारहरूलाई समस्या परेको थियो। उद्घोषकले 'कलाकारहरूले शीतलता प्रदान गर्नेछन्' भनेलगत्तै लेकाली शेर्पाहरूले लगाउने पहिरनमा स्याब्रु नृत्य लिएर कलाकार स्टेजमा निस्किएका थिए। मोटो पहिरन लगाएर कला देखाउने कलाकारहरू पसिनाले निथ्रुक्क भिजेर भए पनि दर्शकलाई हिमालकै जस्तो शीतलता प्रदान गरे।

स्वर्गीय चतुर्भुज आशावादीले झन्डै ५० वर्षअघि स्थापना गरेको भानु कला केन्द्रले भानुजयन्तीका अवसरमा आयोजना गरेको सांस्कृतिक कार्यक्रमको पहिलो सौगात नै शेर्पाको स्याब्रु नृत्य थियो। हिमाल, पहाड, तराई, जातजाति, वेशभूषा सबैलाई समेट्दै कलाकेन्द्रका प्रतिभाहरूले कला देखाएर दर्शकलाई लोभ्याए। उक्त अवसरमा आन्टी स्पेसलमा गृहिणीहरूको नृत्य पनि प्रदर्शन गरिएको थियो।

राजवंशी र भोजपुरी भाषाको गीतमा भाव नृत्य, मैथिली गीतमा भाउ नृत्य, मारुनी र लोकनृत्य, गुरुङको टप्पा नृत्य, सुदूर पश्चिमको रोदीघरको झल्को दिने नृत्य कार्यक्रमका आकर्षण थिए। नृत्यसँगै मिङ्मा शेर्पाले आफ्ना चर्चित गीत प्रस्तुत गरे। ठूलो शरीर भएका कलाकार दीपेन्द्र थापाको नृत्य दर्शकका लागि अविस्मरणीय थियो। उक्त अवसरमा डिजराज पौडेलका नेपाली गजलले पनि दर्शकलाई आनन्दित तुल्यायो।

**–कमल रिमाल**




**संगीतकर्मी जोडी : गायिका श्रीमती कुन्ती मोक्तान तथा संगीतकार श्रीमान् शिलाबहादुर मोक्तान एक सार्वजनिक कार्यक्रममा।**

**लन्डनमा** बस्दै आएकी गायिका सितु खरेल यतिखेर चारवर्षे इन्डियन क्लासिकल म्युजिक कोर्स गरिरहेकी छिन्। यसअघि ३ वर्षको डिप्लोमा इन इन्डियन क्लासिकल म्युजिक गरेकी सितुले अहिले 'विमस' कोर्स गरिरहेको उनका सञ्चारकर्मी श्रीमान् सुमन खरेलले साप्ताहिकलाई बताए। लन्डनस्थित ट्रिनिटी कलेजमा अध्ययनरत सितु उनको कक्षाकै एक मात्र र पहिलो नेपाली हुन्। आगामी वर्ष नयाँ गीतिसंग्रह ल्याउने तयारी गरिरहेकी सितुले यसअघि स्मारिका, सिम्रिक, परी, निर्मन गरी चारवटा संग्रह श्रोतामाझ ल्याइसकेकी छिन्।

**नेपालकै** पुराना ब्यान्डमध्येको एक हिमालयन ब्यान्डका भोकलिस्ट नोर्देन तेन्जिङ भुटियाको चर्चित गीत 'मुसुमुसु हाँसिदेऊ न लै लै' लाई बिना स्वीकृति नेपालमा मात्र होइन, भारतमा समेत रिमिक्स गरियो। बेलायतको लन्डनमा बस्दै आएका गायक भुटियाले गीतको रिमिक्स भर्सन बजारमा आएपछि मात्रै यो कुरा थाहा पाएका थिए, तर अहिले गायक भूमिराज राईले गायकको स्वीकृति लिएर उक्त गीत र भुटियाकै अर्को चर्चित गीत 'गाजलुले आँखा छोपी' लाई रिमिक्स गरेका छन्। गायक राईले धौलागिरि क्यासेट सेन्टर मार्फत बजारमा ल्याउन लागेको दोस्रो गीतिसंग्रह 'दशी' मा यी दुवै रिमिक्स समावेश गरिनेछ। गायक राईका अनुसार 'गाजलुले आँखा छोपी' गीतको म्युजिक भिडियो पनि लगभग तयार भैसकेको छ। यो म्युजिक भिडियोमा गीतका मूल स्रष्टा गायक भुटिया पनि देखिनेछन्। ह्वाइट प्लस प्रोडक्सनका लागि सुरज श्रेष्ठले निर्देशन गरेको उक्त भिडियोमा मोडल पूजा लामा तथा नायक सुमन सिंहको अभिनय हेर्न पाइनेछ।

**लोकगायक** बद्री पंगेनीलाई मातृशोक परेको छ। बद्रीकी आमा दिलमाया पंगेनीको ५८ वर्षको उमेरमा गत आइतबार निधन भयो। अचानक बेहोश भएपछि अस्पताल पुऱ्याएपछि उपचारकै क्रममा उनको निधन भएको हो। गायक पंगेनी हाल पाल्पा रामपुरस्थित आफ्नो घरमा आमाको क्रियामा बसेका छन्।

**गत** शनिबार गाईघाटमा अघिल्लो दिनहरूको तुलनामा दोब्बर गर्मी बढे पनि लोकतान्त्रिक चोकमा सम्पन्न रातभरको कन्सर्टले भने उखरमाउलो गर्मीलाई बिर्साइदिएको थियो। पूर्वमै चर्चा पाउन सफल अन्डरग्राउन्ड ब्यान्डद्वारा आयोजित 'सांगीतिक रात २०६४' नामक कन्सर्टले गाईघाटका झन्डै ५ सय बालबालिकादेखि लिएर कलेजमा पढ्ने युवायुवतीहरूलाई रातभर नचाएको थियो। स्थानीय गायकहरूद्वारा गाइएका झन्डै तीन दर्जन नेपाली, हिन्दी र अङ्ग्रेजी पप तथा आधुनिक गीतसँगै उपस्थित दर्शकहरू नृत्यमग्न भएका थिए। पीपलको फेदलाई स्टेज बनाइएको उक्त कन्सर्ट साँझदेखि बिहान ४ बजेसम्म चलेको थियो।

नेपाली तारा भएपछि दीपक लिम्बु चलचित्रको पार्श्वगायनलगायत विभिन्न एल्बममा गीत गाउन व्यस्त छन्। उनले जत्तिकै चर्चा उनका निकट प्रतिद्वन्द्वी धर्मेन्द्र सेवानले पनि पाए तर अन्य सहभागीहरू भने कार्यक्रमपछि त्यत्तिकै हराए। कार्यक्रमको चौथो स्थानसम्म पुगेका संखुवासभाका गायक भविन ढुंगानालाई त्यसबेला दह्रो प्रतिद्वन्द्वी मानिएको थियो। चौथो स्थानमा पुगेपछि कार्यक्रमबाट बाहिरिएका गायक ढुंगाना त्यसपछि भारतीय राजदूतावासको सहयोगमा तीनवर्षे छात्रवृति पाएर नयाँ दिल्लीस्थित रामजस कलेजमा भर्ना भएका छन्। हालै दुई महिने बिदामा स्वदेश फर्किएका ढुंगानाको गायन क्षमताबाट प्रभावित गायक तथा संगीतकार जोडी दाजुभाइ सत्य-स्वरूपराज आचार्यले चलचित्र 'सैनिक' मा दुईवटा व्यावसायिक गीत गाउने अवसर दिएका छन्। यसै साता दिल्ली फर्किएका गायक ढुंगाना छिट्टै स्वदेश फर्किएर एउटा एकल एल्बम बजारमा ल्याउने बताउँछन्।

**नेपालका** चर्चित पपगायक तथा संगीतकारहरू हाल अमेरिकामा छन्। प्रवासी नेपालीहरूलाई आफ्ना चर्चित गीत सुनाउन उनीहरू त्यहाँ पुगेका हुन्। 'डिस्टिनेसन युएस ०७' शीर्षकको कार्यक्रमका लागि संगीतकार न्हुयु बज्राचार्य, अमूल कार्की ढली, गोपाल रसाइली, इन्द्रमान, गायक सविन राई, दीपेशकिशोर भट्टराई, सुजिल कर्माचार्य, जेम्स प्रधान, योगेश्वर अमात्य आदि त्यहाँ पुगेका हुन्। यसका साथै अर्को एक कार्यक्रमका लागि गायक सुगम पोखरेल पनि अमेरिकामा छन्। राजधानीका एक कार्यक्रम आयोजकका अनुसार धेरैजसो गायक कार्यक्रमका सिलसिलामा विदेशमा भएकाले स्वदेशमा आयोजना हुने कार्यक्रममा कमी आएको छ।

**राजधानीमा** अघिल्लो साता नेपाली गीतसंगीतलाई टेवा पुऱ्याउने उद्देश्यले नयाँ एफएम रेडियो 'क्यापिटल एफएम ९२ दशमलव ४'को शुभारम्भ भएको छ। गत मंगलबारबाट प्रसारण आरम्भ भएको उक्त एफएमले 'शतप्रतिशत तपाईंको' भन्ने नारासहित समाचार, जानकारीका अतिरिक्त गीत/संगीत बजाउँदै जाने बताइएको छ।

**गायक** दाजुभाइ सत्य-स्वरूप आचार्य आफ्नो बजारमा आउन लागेको एल्बम 'म्युजिक'लाई सार्वजनिक गर्ने क्रममा निकै खटिएका छन्। हालै यी दाजुभाइले एल्बममा समावेश एउटा गीत 'तिम्रो नशालु आँखाले'को म्युजिक भिडियोको निर्माण सकेका छन्। उक्त म्युजिक भिडियोको निर्माण जीटुवान प्रोडक्सनले निर्माण गरेको हो, जसमा छायाँकार विदुर पाण्डे हुन्। म्युजिक भिडियोमा उनीहरूले चलचित्र नायिका उषा पौडेललाई शास्त्रीय पहिरनमा प्रस्तुत गरेका छन्।

**कहिले** रोएर गाउने, कहिले कानेखुसी गर्दै गाएर संगीतमा नयाँ-नयाँ प्रयोग गर्दै आएका गायक प्रकाश पौडेलले यसपटक म्युजिक भिडियोमा समेत नयाँ प्रयोग गरेका छन्। भर्खरै बजारमा आएको एल्बम 'साइको' को 'आमा किन्देऊ न जामा...' शिक्षामूलक गीतको म्युजिक भिडियो 'वान टेक वान सट' मा गरेर उनले नयाँ प्रयोग गरेका हुन्। प्रकाशको आफ्नै परिकल्पना एवं निर्देशनमा बनेको उक्त म्युजिक भिडियोको सुरुदेखि अन्तिमसम्मको सिन एकैचोटि छायांकन गरिएको छ। प्रकाशसहित १७ जना कलाकारले अभिनय गरेको उक्त म्युजिक भिडियोको सम्पादन गर्नु नपर्ने प्रकाशले बताए। यो म्युजिक भिडियो साढे ३ मिनेट लामो छ।

**धनवीर** साँवाको दोस्रो एकल एल्बम बजारमा आएको छ। आधुनिक, लोक तथा पप गीतहरू समेटिएको एल्बम 'हल्ला चलेछ' इना क्यासेट सेन्टरले हालै बजारमा ल्याएको हो। क्रियटिभ डिजिटल रेकर्डिङ स्टुडियो, काठमाडौंमा रेकर्ड गरिएका आठवटा गीत तथा एउटा म्युजिक ट्र्याक यो एल्बममा सुन्न सकिन्छ। प्रेमगीतहरू समेटिएको एल्बमले गायक साँवालाई श्रोतामाझ लोकप्रिय बनाउने अपेक्षा गरिएको छ।

## लाइभ सो

-लागूपदार्थको दुर्व्यसनमा परेका एक युवक पवित्र महर्जनले माया नेपाल पुनर्स्थापन केन्द्रमा पुगेर लागूपदार्थको कुलतबाट मुक्त भएपछि नयाँ जीवनको पहिलो वर्षलाई उनी आफ्नो वास्तविक पहिलो जन्मदिनका रूपमा मनाउँदैछन्। लागूपदार्थको कुलत त्यागौं भन्ने सन्देश प्रवाह गर्दै उनको जन्मदिनका अवसरमा इमाडोलस्थित माया नेपालको कार्यालयमा भोलि साउन ५ गते शनिबार साँझ चार बजे एउटा कार्यक्रम आयोजित गरिंदैछ। कार्यक्रममा लागुपदार्थ दुर्व्यसनीविरुद्धका सद्भावना राजदूत चलचित्र नायक राजेश हमाल तथा नायिका बिपना थापा सहभागी हुँदैछन्।

-'रागको आत्मा' शीर्षकमा प्रत्यक्ष फ्युजन संगीतको आनन्द लिन चाहनुहुन्छ भने आज शुक्रबार साँझ 'न्हुच्छेज किचन-द अर्गानिक विस्त्रो' जानुहोला। बालुवाटारस्थित ९५ त्रिबम सडकमा स्थित उक्त रेस्टुराँमा हरेक शुक्रबार साँझ पाँच बजेदेखि शास्त्रीय संगीतमा पारंगत वाद्यवादकहरूले गीतार, सरोद, तबला, बेस गितार तथा गायनबाट फ्युजन संगीतको जादु छर्ने गरेका छन्।

## साताको स्वर



### किरण केसी

**'ए रातामकै..' गीत कसरी सिर्जना भयो ?**

यही थेगो राखेर गीत लेखिदिनु भनी आग्रह गरेपछि गीतकार सुरेन्द्र रानाले चुरोटको प्याकेटको पछिल्तिर गीत लेखेर ल्याइदिनुभयो। गीत लिएर संगीतकार सुरेश अधिकारीकहाँ गएँ। उहाँले पनि तीन घण्टामै यसको संगीत तयार पारिदिनुभयो।

**गीतको भाव के छ ?**

के हुनु र ? जीरे खुर्सानीको थेगोलाई प्रमोट गर्न खोजेको मात्र हो। गीतमा एउटी सुन्दरीको सुन्दरताको बखान गरिएको छ।

**हास्यगीत नै किन गाउनुभएको ?**

आत्मसन्तुष्टिका लागि। यही विधामा काम गर्ने भएकाले यसभन्दा बाहिर जान सक्दिनँ।

**म्युजिक भिडियोमा तीनवटी नायिकासँग नाच्नुभएको रहेछ ?**

व्यावसायिक हिसाबले पनि उनीहरू चलेका नायिका हुन्। फेरि दर्शकहरूलाई पनि रमाइलो लागोस् भनेर त्यसो गरेको हो।

**म्युजिक भिडियो त चलचित्रको गीतजस्तै छ नि ?**

डान्स डाइरेक्टर वसन्त श्रेष्ठले निर्देशन गरेकाले होला, खर्च पनि चलचित्रको गीतमा भन्दा बढी नै गरियो। १३ दिन छायाङ्कन गरेर ३ लाख १५ हजार खर्च गरियो।

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



एकपल्ट मुस्लिम महिलाहरूबीच महिलाको सौन्दर्यका बारेमा चर्चा चल्यो। एउटीले भनी, 'बिकनी बढी सेक्सी हुन्छ कि बुर्का ?'

अर्कीले भनी, 'बुर्का, किनभने बिकनीले राम्रा युवतीलाई सेक्सी बनाउँछ तर बुर्काले नराम्रा युवतीलाई पनि सेक्सी बनाउँछ।

०००

युवक : म तिमीसँग विवाह गर्न सक्दिनँ, किनभने म तिमीभन्दा डेढ वर्ष कान्छो छु।'

युवती : त्यतिमै किन चिन्ता गरेको ? हामी डेढ वर्षपछि विवाह गरौंला, हुन्न ?

०००

एउटा अस्पतालको प्रसूति वार्डमा एउटा सूचना टाँसिएको थियो। सूचनामा लेखिएको थियो, 'यहाँ बालबालिकाहरूलाई प्रवेश निषेध छ।'

०००

प्रश्न : आफ्नो घरको पछिल्लो ढोकामा कुकुर भुकिरहेको छ र पहिलो ढोकामा पत्नी कराइरहेकी छिन् भने तपाईं कुन ढोकाबाट घर छिर्न चाहनुहुन्छ ?

जवाफ : पछिल्लो ढोकाबाट छिर्न चाहन्छु। किनभने भित्र पसिसकेपछि कुकुर भुक्न छाड्छ।

०००

एउटा दुर्घटनामा सञ्जीवका दुवै हात भाँचिए। प्लास्टर गरिसकेपछि सञ्जीवले गम्भीर हुँदै डाक्टरसँग सोध्यो, 'डाक्टर सा'ब, निको भएपछि म पियानो बजाउन सक्छु ?'

'सक्नुहुन्छ। पियानो मात्र किन साइकल-मोटरसाइकल पनि चलाउन सक्नुहुन्छ।'

'पियानोचाहिँ बजाउन सक्छु कि सक्दिन ?'

'सक्नुहुन्छ। राम्रोसँग बजाउन सक्नुहुन्छ।'

'धन्यवाद डाक्टर, हात भाँचिएकोमा मलाई कुनै गुनासो रहेन।' 'किन र ?'

'किनभने हात भाँचिनुअघि मलाई पियानो बजाउन आउँदैनथ्यो।'

०००

प्रश्न : अहिलेसम्म महिलाहरू चन्द्रमामा किन पुगेनन् ?

उत्तर : किनभने चन्द्रमामा सफाइ गर्नुपर्ने आवश्यकता छैन।

०००

दुई साथी जंगल गएका थिए। एउटालाई सर्पले टोक्यो।

सर्पले टोकेको व्यक्तिले आत्तिदै भन्यो, 'मोबाइलबाट डाक्टरसँग सोध, अब के हुन्छ ?'

अर्को साथीले डाक्टरलाई फोन गऱ्यो। डाक्टरले भन्यो, 'तिम्रो साथीलाई सर्पले टोकेको स्थानमा मुखले रगत चुस्नुपर्छ। होइन भने १२ घण्टाभित्र तिम्रो साथी मर्न सक्छ।'

सर्पले टोकेको व्यक्ति आत्तिएर भन्यो, 'डाक्टरले के भन्यो।' साथीले जवाफ दियो, 'डाक्टरले १२ घण्टाभित्र तिम्रो मृत्यु हुन्छ भन्यो।'

## कविता

### आँसु सुक्यो

भगवान्ले यो भाग्यमा सुख लेखेनछन्
आँसु सुक्यो रुँदा-रुँदा दुःख देखेनछन्
स्वार्थै स्वार्थ दुनियाँमा सिपालु सब खुट्टा तान्न
गल्ती गर्छन् ठूलाहरू सानाले चाहिँ जानु मान्न
छिट्छिटोमा बाँच्नुपऱ्यो मरण लेखेनछन्
हात लाग्यो शून्य हुन्छ जति संघर्ष गऱ्यो
मेरो सुखी संसारमा दुःख डेरा सऱ्यो
सापटीमै हाँस्न खोज्थैं त्यति पनि लेखेनछन्
आँसु सुक्यो रुँदा-रुँदा दुःख देखेनछन्।

– चन्द्रा ठकुरी

### केको कति महत्त्व

अँध्यारोमा लाइटको सडकमा साइडको
र परीक्षामा गाइडको ठूलो महत्त्व हुन्छ
सभामा तालीको गह्नामा आलीको
नातामा सालासालीको ठूलो महत्त्व हुन्छ
जाडोमा कोटको रुपैयाँमा नोटको
र चुनावमा भोटको ठूलो महत्त्व हुन्छ
अनुहारलाई ऐनाको चरीमा मैनाको
गाई-भैंसी लैनाको ठूलो महत्त्व हुन्छ।

– पद्मा सिटौला

### किन हो किन ?

सम्हाल्न सकिनँ मनलाई आज
कता हो कता मन मेरो भाग्यो
किन हो किन तिम्रो नामको सिन्दूरले
यो मेरो खाली सिउँदो सजाउन मनलाग्यो
चाहिँदैन मलाई महँगो रेसमी साडी
तिम्रो निश्चल मायामा सजिन चाहन्छु
मेरो मुस्किलमा साथ देऊ
किन हो किन तिमीसँग सधैं यही माग्छु
तिम्रै बेहुली बनी घुम्टोमा सजिने
मीठो चाहना मभित्र जाग्यो
बन्धनको गहनाले सिंगारी
किन हो किन तिमीलाई पाउन मन लाग्यो
तिम्रै लागि यो जीवन साँचेकी छु
तिम्रै लागि पल-पल बाँचेकी छु।
तारिफ सुन्न चाहन्छु मात्र तिम्रै आवाजको
चाहन्छु किन हो किन तिम्रै मात्र साथको।

–निशा रेग्मी



### भोको पेट

भोको पेट कस्तो हुन्छ, एकपल्ट भोकाएर जान
सारंगीको धुन पेटमा एकपल्ट बजाएर जान
कति पापी हुन्छ भोको पेट, पेटमा मुसो कुदाएर जान
भोको पेट कस्तो हुन्छ, एकपल्ट भोकाएर जान
सारंगीको धून पेटमा एकपल्ट बजाएर जान
न रहर हुन्छ केहीमा, हरेक चीजमा नीरस
झिम्काएर परेली नगिच, नांगो बैंस नै बस
कति वैरागी हुन्छ भोको पेट,
पेटभित्र भोकको घाउ एकपल्ट दुखाएर जान
भोको पेट कस्तो हुन्छ, एकपल्ट भोकाएर जान
सारंगीको धुन पेटमा एकपल्ट बजाएर जान।

–प्रेमकृष्ण श्रेष्ठ

### प्रेमको पीडा

म त प्रेमको प्यासी न हुँ तिमीबिना बाँचिरहेछु
म त जिउँदो लास न हुँ चिता बिना जलिरहेछु
जतिसक्दो रोके पनि तिम्रो मायाले सतायो हजुर
सकेजति बुझे पनि ती शब्दहरूले रेट्यो हजुर
सँगै बाँच्ने सँगै मर्ने ती कसमहरू कहाँ गए
मीठा-मीठा कल्पनाहरू पीडा भएर मनमा रहे
तिम्रो माया मेरा लागि दुईदिनको बात भएछ
पूर्णिमाको साथ नपाई औंसीको रात आएछ
दिन्छु भ न्थ्यौ सधैं साथ बीचैमा छाड्यौ किन ?
तिमीले दिएको घात निश्चल माया हो त भन ?

–सुवास श्रेष्ठ

## लघुकथा

### छुच्चा बूढा

निकै निमोठिएका, अरूलाई चोटिला शब्दले गाली गर्ने, अन्याय र अत्याचारको ज्यानै गए पनि विरोध गर्न नछाड्ने बूढा अध्ययनमा पनि निकै रुचि राख्छन्। उनलाई भानुभक्तीय रामायण कण्ठस्त छ भने देवीभागवत्, महाभारत, नीति नियम आदिमा पनि उनी बहस गर्न सक्षम छन्।

बाल्यकालदेखि नै घाँस काट्न र भान्साको काम गर्न पटक्कै मन नगर्ने बूढा आज फेला परेका छन्। आफ्ना सम्पूर्ण सन्ततिले घरमा एक्लै छोडेर गएपछि उनी घरका सबै काम गर्न बाध्य छन्। गाउँमा साइँला भनिने छुच्चा बूढा अन्यायको पक्ष लिंदा आफ्नै श्रीमतीलाई पनि भातको डल्लाले



समेत हिर्काउँथे।

बोलीको सभ्यता र विचार नभएका कारण तीखा चोटिला र गोलीजस्ता उनका शब्दले कुनै पनि मित्र बाँकी राखेन, त्यसैले उनलाई सबैले छुच्चा भने। यतिका विधामा पोख्त भए पनि उनी अहिले एक्लै छन्। त्यही पुरानो घरमा आफूले गर्न नचाहेका र बाल्यकालदेखि नै नगरेका काम गर्न बाध्य छन् उनी। कोही छैनन् उनका तर पनि कसैको चाकडी र चाप्लुसी गर्न चाहँदैनन् उनी, गाउँमा बस्छन् गाउँकै भेषमा छन्। उनी धोतीमा चटक्क ठाटिन्छन् तर अन्याय र अत्याचारसँग झुक्दैनन्।

–विष्णुकुमार अधिकारी

## सेन्ट-लरेन्स उच्च मा.वि., लाजिम्पाट

वि.सं. २०५४ सालमा स्थापना भएको सेन्ट लरेन्स उच्च मा.वि.को व्यवस्थापन यो वर्षदेखि नयाँ समूहले लिएको छ। नयाँ व्यवस्थापन आएपछि भौतिक पूर्वाधारलगायत सबै पक्षमा परिवर्तन गरिएको कलेज स्रोतले बताएको छ। प्राध्यापन पेसामा लामो समयदेखि सक्रिय व्यक्तित्वहरू आफैं सञ्चालक समितिमा रहने भएकाले शैक्षिक स्तरीयतामा कुनै कमी आउन नदिने नआउने कलेजका प्रिन्सिपल बाबुराम कार्की बताउँछन्। 'हामी भ्यालु बेस शिक्षामा केन्द्रित छौं,' कलेजका प्रिन्सिपल कार्कीले भने- शैक्षिक कार्यक्रमसँगै अतिरिक्त क्रियाकलापमा अहिलेको व्यवस्थापनले विशेष ध्यान दिनेछ। कलेजले प्रत्येक विद्यार्थीका लागि शैक्षिक-परामर्श सेवा उपलब्ध गराउँदै आएको छ। त्यस्तै परीक्षापछि वैदेशिक अध्ययनका लागि आवश्यक टोफेल, आईईएलटीएसजस्ता सर्टटम कोर्स पनि उपलब्ध गराइन्छ। कलेजले परियोजनात्मक अध्ययनलाई महत्त्व दिएको कार्कीले बताए। अनुशासित तथा पारिवारिक वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु कलेजको उद्देश्य रहेको कार्कीले बताए। त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा कलेजले बीबीएस र बीएका कक्षाहरू सञ्चालन गरेको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | ७० | १५०० |
| व्यवस्थापन | १०५ | ११०० |
| मानविकी | ३५ | १००० |

## द टाइम्स इन्टरनेसनल कलेज, कालिकास्थान

गोल्डेन गेट एजुकेसन नेटवर्ककै व्यवस्थापनले यो कलेज स्थापना गरेको हो। रोयल मोडल एकेडेमीका रूपमा यो कलेजको स्थापना २०५६ सालमा भएको हो। यसै वर्षदेखि यो कलेजलाई द टाइम्स इन्टरनेसनल कलेजका रूपमा नामकरण गरिएको हो। मध्यमवर्गीय परिवारलाई लक्षित गरेर यो कलेजको स्थापना गरिएको हो। यो कलेज विशुद्ध प्राज्ञिक व्यक्तित्वहरूद्वारा सञ्चालित छ। शिक्षकहरू प्रत्येक २ पिरियडपश्चात् एक पिरीयड आराम गर्छन्। यसका कारण उनीहरूमा थकाइको अनुभव हुँदैन र कक्षामा राम्रोसँग अध्यापन गर्न सक्छन्। २५ जना शिक्षक विभिन्न विषयमा विद्यावारिधि गरेका छन्। विद्यार्थीले चाहे २४ सै घण्टा पुस्तकालयको सुविधा भएको कुरा प्रिन्सिपल रमेशकुमार सिलवाल बताउँछन्। उच्च भौतिक पूर्वाधार रहेको यो कलेजले गुणस्तरीय शिक्षा र अनुशासनमा विशेष जोड दिएको छ।

| संकाय | भर्नासंख्या | द्विवार्षिक शुल्क |
|---|---|---|
| विज्ञान | १२० | ७०००० |
| व्यवस्थापन | ४० | ४२००० |
| मानविकी | २०० | ५०००० |

## नाइटिङ्गेल कलेज, कुपन्डोल

नाइटिङ्गेल कलेजको स्थापना २०५७ सालमा भएको हो। निम्न एवं मध्यमवर्गीय परिवारका विद्यार्थीले पनि शुल्क तिरेर गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्ने किसिमले यहाँको शुल्क निर्धारण गरिएको कलेजले जनाएको छ। प्लस टुअन्तर्गत विज्ञान र व्यवस्थापन संकाय अध्यापन हुने यो कलेजले स्तरीय शिक्षामा जोड दिँदै आएको छ। यहाँ व्यवस्थापनमा होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, कम्प्युटर साइन्स र बुमजस्ता विषय अध्यापन हुन्छ। यो कलेजवाट प्रत्येक वर्ष ९० प्रतिशतभन्दा बढी विद्यार्थी नियमित रूपमा उत्तीर्ण हुन्छन्। विद्यार्थीका लागि आवश्यक भौतिक पूर्वाधारमा विशेष ध्यान दिएको यो कलेजले विभिन्न शीर्षकमा छात्रवृत्तिको व्यवस्थासमेत उपलब्ध गराएको छ। अध्ययनमा विद्यार्थीको स्तर विकास होस् तथा आत्मविश्वास बलियो होस् भनेर कलेजले आन्तरिक परीक्षा प्रणाली पनि सञ्चालन गरेको छ। अनुशासित तथा शैक्षिक वातावरण यो कलेजको मुख्य विशेषता हो।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १२० | १५५० |
| व्यवस्थापन | १२० | १००० |

## कलेज अफ अप्लाइड विजनेस, टंगाल

सन् १९९८ मा स्थापना भएको कलेज अफ अप्लाइड बिजनेस (क्याब) ले व्यवस्थापन संकायमा मात्र अध्यापन गराउँदै आएको छ। कलेजले प्लस टुका अतिरिक्त त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहमा बीबीएस, बीआइएम तथा बीबीएका कक्षा पनि सञ्चालन गर्दै आएको छ। गुणस्तरीयतालाई ध्यान दिँदै आएको यो कलेजले स्तरीयताका लागि विभिन्न गोष्ठी आयोजना गरेर त्यसबाट आएको सुझाव अन्तर्गत पाठ्यक्रममा सुधार गर्दै लगेको छ। परियोजनात्मक अध्ययनलाई महत्त्व दिएको यो कलेजले व्यवहारिक तथा रोजगारमुखी विषयलाई समेटेको छ। ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल क्याबले विद्यार्थीका लागि आवश्यक पर्ने सबै सुविधा उपलब्ध गराएको प्रिन्सिपल रमेश पाण्डे बताउँछन्। कलेजले गरिब तर जेहेन्दार विद्यार्थीलाई शुल्कमा सहुलियत प्रदान गर्दै आएको छ। प्रिन्सिपल पाण्डेका अनुसार औसत शुल्क निर्धारण गरेको यो कलेजका उत्पादन बजारमा सजिलै बिकिरहेका छन्।

## क्लासिक इन्टरनेसनल कलेज, तीलगंगा

नयाँ व्यवस्थापनले सम्हालेपछि शैक्षिक स्तरमा पनि उल्लेख्य परिवर्तन आएको क्लासिक कलेज इन्टरनेसनल तीलगंगामा छ। गुणस्तरीय शिक्षामा विशेष ध्यान दिने यो कलेजले अध्ययनका लागि आवश्यक उच्च भौतिक पूर्वाधार तयार गरेको छ। प्लस टुका अतिरिक्त कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा विभिन्न विषयमा स्नातक तथा स्नातकोत्तरका कक्षा पनि सञ्चालन गरेको छ। 'निम्नमध्यम वर्गलाई लक्षित गरेर शुल्क निर्धारण गरेका छौं,' कलेजका प्रिन्सिपल डा. गोविन्दबहादुर थापा भन्छन्- 'शिक्षाक्षेत्रमा देखिएको चरम व्यापारीकरण तथा विकृतिलाई हटाउन शिक्षाक्षेत्रकै मानिसहरू सक्रिय हुनुपर्छ भन्ने उद्देश्य राखेर कलेज सञ्चालन गरेका हौं, निजी क्षेत्रबाट शैक्षिक क्षेत्रमा ठोस योगदान पुऱ्याउने हाम्रो लक्ष्य छ।' विद्यार्थीहरूलाई अध्ययनमा रुचि बढाउन कलेजले व्यावहारिक शिक्षामा विशेष जोड दिएको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १२५ | १५०० |
| व्यवस्थापन | १२५ | ९५० |
| मानविकी | १२५ | ८०० |

## रिलायन्स इन्टरनेसनल एकेडेमी, चाबहिल

वि.सं. २०५० सालमा विद्यालयका रूपमा स्थापना भएको रिलायन्स इन्टरनेसनल एकेडेमी, चाबहिलले वि.सं. २०६० सालदेखि आफ्नै विद्यालयको उत्पादनबाट प्लस टु यात्रा तय गरेको हो। यो एकेडेमीले मानविकीमा आमसञ्चार, समाजशास्त्र, व्यवस्थापनमा होटल म्यानेजमेन्ट, कम्प्युटर, बुम र विज्ञानमा कम्प्युटर साइन्सजस्ता व्यावहारिक विषय समेटेको छ। एकेडेमीले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीएस कार्यक्रम सञ्चालन गरेको छ। 'शैक्षिक परिणाम पनि उत्कृष्ट छ,' प्रिन्सिपल रवीन्द्रजंग थापाले भने- एकेडेमीले सूचना तथा सञ्चार-प्रविधिमा आधारित रहेर त्यसकै माध्यमबाट प्राध्यापन गराउँदै आएको छ। अनुशासित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको एकेडेमीको मध्यमवर्गीय परिवारलाई शुल्क निर्धारण गरिएको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १४० | १६०० |
| व्यवस्थापन | २५० | ११०० |
| मानविकी | ४० | ९०० |

## युनिभर्सल एकेडेमी, धापासी

वि.सं. २०५३ सालमा स्थापना भएको युनिभर्सल एकेडेमी धापासीले विद्यार्थी आकर्षणका रोजगारमुखी एवं व्यवहारिक विषयमा उच्च शिक्षा प्रदान गर्दै आएको छ। एकेडेमीका प्रिन्सिपल रोशन केसीका अनुसार होटल म्यानेजमेन्ट, कम्प्युटर साइन्स, आमसञ्चार तथा पत्रकारिता जस्ता आकर्षक विषय समेटिएको छ। दक्ष तथा अनुभवी शिक्षकहरू आफैं सञ्चालक समितिमा रहेकाले कलेजको शैक्षिक स्तर पनि राम्रो छ। प्रिन्सिपल केसी भन्छन्- 'कलेजले वर्षेनी ८० प्रतिशतभन्दा बढी विद्यार्थीलाई नियमित रूपमा उत्तीर्ण गराउँदै आएको छ।' सीमित विद्यार्थी लिएर गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति तय गरेको यो कलेजले विद्यार्थीका लागि आवश्यक भौतिक पूर्वाधारमा पनि त्यत्तिकै ध्यान दिएको छ। शान्त तथा अनुशासित वातावरण भएको यो कलेजले औसत शुल्क निर्धारण गरेको छ।

| संकाय | भर्ना संख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | ६० | १२०० |
| व्यवस्थापन | १२० | ८०० |
| मानविकी | ४० | ८०० |

## शुभश्री कलेज, तीनकुने

तीनकुनेस्थित शुभश्री कलेजको स्थापना वि. सं. २०५८ मा भएको हो। कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नु नै यो कलेजको प्रमुख विशेषता हो। यो कलेजमा विज्ञान, व्यवस्थापनका साथै शिक्षाशास्त्रको समेत अध्यापन हुन्छ। प्लस टुका कक्षामा ८५ प्रतिशतसम्म विद्यार्थी उत्तीर्ण भएको रेकर्ड कलेजसँग छ। यो कलेजमा व्यवस्थापनमा पनि होटल म्यानेजमेन्ट र अफिस म्यानेजमेन्टको छुट्टाछुट्टै अध्यापन हुने जानकारी कलेजका प्रशासक सागर मुनकर्मीले दिए। कलेजमा आवश्यक भौतिक पूर्वाधारका साथै उच्च स्तरीय शैक्षिक सुविधाहरू उपलब्ध छन्। उत्कृष्ट विद्यार्थीलाई विभिन्न प्रकारका सहुलियतका साथै अन्य विभिन्न सहुलियका प्याकेजहरू पनि यो कलेजमा उपलब्ध छन्।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १५० | १४५० |
| व्यवस्थापन | २०० | १२५० |
| मानविकी | १०० | ८०० |
| शिक्षा | ६० | ८०० |

## गोल्डन गेट इन्टरनेशनल कलेज, पुरानो बानेश्वर

पुरानो बानेश्वरस्थित यो कलेजलाई यसै वर्षदेखि नयाँ व्यवस्थापनले लिएको छ। एफ डब्ल्यु टेलर म्यानेजमेन्ट कलेजलाई नै नयाँ व्यवस्थापनका साथ गोल्डन गेट कलेजका रूपमा परिवर्तन गरिएको हो। टेलर व्यवस्थापनका क्षेत्रका लोकप्रिय व्यक्ति हुन्। तर यो वर्षदेखि मानविकी र व्यवस्थापनका साथै विज्ञानका कक्षासमेत सञ्चालन गर्न थालेका कारण नयाँ नाम राखिएको प्रिन्सिपल रमेशकुमार सिलवालले बताए। गोल्डन गेट एजुकेसन नेटवर्कको व्यवस्थापनले यहाँको सम्पूर्ण व्यवस्थापन हेर्छ। ५ देखि ३७ वर्ष लामो शिक्षण अनुभव भएका शिक्षक र व्यवस्थापकहरूको नेतृत्व यो कलेजले प्राप्त गरेको छ। यो कलेजमा पूर्णकालीन शिक्षकहरू छन्। अभिभावकहरूले घरमै बसेर इन्टरनेटको सहायताबाट आफ्ना छोराछोरीको शैक्षिक अवस्था बारेमा जानकारी लिन सक्ने व्यवस्था कलेजले मिलाएको छ। एक दशकभित्रमा विश्वविद्यालयका रूपमा विकास गर्ने दीर्घकालीन सोच बनाएको यो कलेजले कुल विद्यार्थी संख्या मध्ये १० प्रतिशत विभिन्न क्षेत्रका लागि छात्रवृत्तिका रूपमा छुट्याएको छ।

| संकाय | भर्नासंख्या | द्विवार्षिक शुल्क |
|---|---|---|
| विज्ञान | ४०० | ९९००० |
| व्यवस्थापन | २०० | ७५५०० |
| मानविकी | ४०० | ६३००० |

## कोटेश्वर क्याम्पस, कोटेश्वर

प्राज्ञिक क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूद्वारा सामुदायिक क्याम्पसको अवधारणामा सञ्चालित कोटेश्वर क्याम्पस गैरमुनाफामुखी संस्था हो। सरस्वती माध्यमिक विद्यालयसँगै रहेको यो क्याम्पसले २०६१ सालदेखि प्लस टुका कक्षाहरू सञ्चालन गरेको हो। एक वर्षअघिसम्म विद्यार्थीहरूको अनुरोधमा यसले प्रमाणपत्र तहका कक्षाहरूसमेत सञ्चालन गरेको थियो, तर यो वर्षदेखि प्लस टुका कक्षा मात्र सञ्चालन गर्ने योजना क्याम्पसले बनाएको छ। यो वर्षदेखि बीए, बीबीएस र बीएडका कक्षाहरू पनि सञ्चालन हुँदैछन्। मध्यमस्तरका अभिभावकहरूको सहजताका लागि त्यसै अनुसारको शुल्क यहाँ निर्धारण गरिएको छ। यहाँ बिहानी सत्रमा कक्षा सञ्चालन हुन्छ। विद्यार्थीहरूको सहजताका लागि यहाँ आवश्यकताअनुसार नेपाली र अंग्रेजी दुवै माध्यममा अध्यापन हुन्छ। मानविकीको एउटा, शिक्षाको एउटा र व्यवस्थापनको २ वटा सेक्सन छन्। ५० जनाभन्दा बढी विद्यार्थी भएमा आवश्यकताअनुसार थप सेक्सनको व्यवस्था गरिने कुरा पनि प्रिन्सिपल अग्नि अधिकारीले बताए। कलेजले सबै संकायमा मासिक शुल्क ४ सय ५० रुपैयाँ निर्धारण गरेको छ। यस बाहेक जेहेन्दार तथा गरिब विद्यार्थीका लागि आवश्यकताअनुसार छात्रवृत्तिको व्यवस्था पनि छ।

## जिलेट कलेज, कालिमाटी

वि.सं. २०५७ मा जिलेट कलेजको स्थापना भएको हो। व्यवस्थापनमा प्लस टु सञ्चालन गरिरहेको यो कलेजले यो वर्षदेखि विज्ञानका कक्षा पनि सञ्चालन गर्दैछ। आफ्नै भवनमा शान्तिपूर्ण वातावरणमा सञ्चालित यो कलेजले समय-समयमा क्रिकेट, बास्केटवल, टेबुलटेनिस आदि खेलकुदको प्रशिक्षणसमेत सञ्चालन गर्छ। दक्ष एवं अनुभवी शिक्षकहरूद्वारा अध्यापन गरिने यो कलेजमा प्रत्येक वर्ष ८५ प्रतिशतभन्दा बढी विद्यार्थीहरू उत्तीर्ण हुन्छन्। विभिन्न शीर्षकमा छात्रवृत्तिसमेत यो कलेजमा उपलब्ध छ। व्यवस्थापन संकायमा ऐच्छिक विषयका रूपमा होटल तथा ट्राभल एन्ड टुरिज्म पनि यहाँ अध्ययन गर्न सकिन्छ। विद्यार्थीका लागि आवश्यक भौतिक पूर्वाधारमा जोड दिँदै आएको यो कलेजको शैक्षिक वातावरणसमेत अनुशासित छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | ६० | ९५० |
| व्यवस्थापन | १२० | ७०० |

## कस्मोपोलिटन कलेज, चाबहिल

कस्मोपोलिटन कलेजको स्थापना २०५७ सालमा भएको हो। सुरुमा यसको नाम जगत मन्दिर उच्च मा.वि. थियो। यो वर्षदेखि बीबीएसका कक्षासमेत सञ्चालन गर्ने उद्देश्यका साथ कलेजको नाम परिवर्तन गरी कस्मोपोलिटन राखिएको हो। यो कलेज भौतिक रूपमा सुविधासम्पन्न छ। फरक ढंगका फर्निचर तथा उपकरण रहेको यो कलेजको विद्यार्थी भर्ना क्षमता पनि बढी छ। अन्य कलेजजस्तो आवश्यक पूर्वाधारकै बेलामा प्रत्येक वर्ष ट्यालेन्ट हन्ट र सांस्कृतिक कार्यक्रमको आयोजना गर्नु यो कलेजको विशेषता रहेको कुरा प्रिन्सिपल बेगेन्द्र सुब्बाले बताए। विभिन्न प्रहसन तथा नाटकहरूको आयोजनामा कलेजकै विद्यार्थी र राष्ट्रिय कलाकारहरूको सहभागितामा गराइन्छ। यसरी उठेको रकम विद्यालयकै शैक्षिक कार्यक्रममा लगाइने भएका कारण विद्यार्थीहरूमाथिको आर्थिक भार पनि कम हुन्छ। यो कलेजबाट प्रत्येक वर्ष ९४ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण हुँदै आएका छन्। यो कलेजले प्लस टुमा मानविकी तथा व्यवस्थापनका कक्षाहरू सञ्चालन गर्दै आएको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| मानविकी | ४० | १००० |
| व्यवस्थापन | ८० | १००० |

## अरुणोदय एकेडेमी, स्वयम्भू

अरुणोदय एकेडेमीको स्थापना २०५२ सालमा भएको हो। सुरुमा प्राथमिक विद्यालयका रूपमा स्थापित अरुणोदय कलेजले यो वर्षदेखि प्लस टुका कक्षा सञ्चालन गर्दैछ। काम पनि गर्ने र उच्च शिक्षा पनि हासिल गर्ने विद्यार्थीहरूलाई लक्षित गरेर कलेज सञ्चालन गरिएको प्रिन्सिपल विष्णु पौडेलले बताए। प्रिन्सिपल पौडेलका अनुसार मानविकी, व्यवस्थापन तथा शिक्षामा बिहानी कक्षाहरू सञ्चालन गरिनेछ। ८ रोपनी क्षेत्रफलमा आफ्नै भवन भएका कारण यहाँ खेलकुदलगायत अतिरिक्त क्रियाकलापका लागि आवश्यक पूर्वाधारको व्यवस्था छ। विद्यालयकै वातावरण उपलब्ध भएको यो कलेजमा क्यारियरका लागि आवश्यक परामर्शहरू पनि उपलब्ध गराइन्छ। विद्यालयमा छात्रावासको सुविधासमेत उपलब्ध छ। पारिवारिक वातावरणमा अध्यापन गराइने यो कलेजले न्युन शुल्कमा स्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको पौडेलको भनाइ थियो।


| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| व्यवस्थापन | ५० | ५०० |
| मानविकी | ५० | ४५० |
| शिक्षा | ५० | ४५० |

## गौरीशंकर (जिएस) उमावि, कालिमाटी

यसै वर्षदेखि प्लस टु तह सञ्चालन गरेको गौरिशंकर (जिएस) उमाविले माध्यमिक विद्यालय हुँदै उच्च माध्यमिक तहको यात्रा तय गरेको हो। विद्यालय शिक्षामा उच्च शैक्षिक नतिजा निकालेको यो उमाविले प्लस टु तहमा पनि त्यसलाई निरन्तरता दिने बताएको छ। उमाविका कार्यकारी निर्देशक दीपेन्द्र दाहालका अनुसार नेपालमै पहिलो पटक बोटानिकल गार्डेन भएको यो एकमात्र प्लस टु कलेज हो। उत्कृष्ट प्रयोगशाला, पुस्तकालय तथा अनुसन्धान केन्द्र जस्ता आधारभूत भौतिक पूर्वाधार खडा गरेको यो उमाविले पारिवारिक शैक्षिक वातावरणमा अध्यापन गराउने बताएको छ। निर्देशक दाहाल भन्छन्- 'विद्यार्थीको स्तर विकासका निम्ति परियोजनात्मक अध्ययनलाई महत्त्व दिएका छौं।' अतिरिक्त क्रियाकलाप, यातायात, छात्रावास जस्ता सेवामा पनि कलेजले ध्यान दिएको छ। ख्याति कमाएका शिक्षकहरू आफै सञ्चालक समितिमा रहेकाले शैक्षिक स्तरीयतालाई निरन्तरता दिन खासै गाह्रो नपर्ने दाहालको भनाइ थियो। उच्च माध्यमिक तहको कार्यक्रम सञ्चालन गरे पनि कलेजले विद्यालय शैलीमा अध्यापन गराउने कुरा उल्लेख गरेको छ।

| संकाय | भर्ना संख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | २०० | १६५० |
| व्यवस्थापन | २०० | १२५० |
| मानविकी | ४० | १२५० |

# ब्राजिलद्वारा उपाधि रक्षा



आफ्नो चिरपरिचित प्रतिद्वन्द्वी अर्जेन्टिनाको चुनौतीलाई सहजै पन्छाउँदै ब्राजिलले कोपा अमेरिकाको उपाधि रक्षा गरेको छ। भेनेजुएलामा सोमबार सम्पन्न फाइनलमा अर्जेन्टिनालाई ३-० ले पराजित गर्दै ब्राजिलले दक्षिण अमेरिकाको महादेशीय फुटबल प्रतियोगिताको उपाधि आठौंपल्ट जितेको हो। पछिल्ला ५ मध्ये ४ संस्करणको उपाधि कब्जा गरेको ब्राजिलभन्दा बढी समान १४ पल्ट अर्जेन्टिना र उरुग्वेले कोपा अमेरिकाको उपाधि जितेका छन्।

रोनाल्डिन्हो, काकाजस्ता स्टार खेलाडीलाई टिममा सामेल नगरिएकोमा प्रतियोगिताको पूर्वसन्ध्यामा ब्राजिलियन प्रशिक्षक डुंगाको कडा आलोचना गरिएको थियो। तीन वर्षअघि फाइनलमा अर्जेन्टिनालाई नै पराजित गर्दै उपाधि जितेको ब्राजिलियन टिमका ५ खेलाडीलाई मात्र यसपल्ट डुंगाले खेलाएका थिए। दोस्रो रोजाइका टिमबाट नै उपाधि जितेपछि डुंगाले आफ्ना आलोचकहरूको मुख बन्द गरेका छन्। लियोनेल मेसी, कार्लोस तेभेज, जुअन रोमन रिक्वल्मेसहित आफ्ना सबै स्टारलाई मैदान उतारे पनि अर्जेन्टिनाले १४ वर्ष लामो उपाधिविहीन यात्रामा पूर्णविराम लगाउन सकेन। विश्व फुटबलको महारथी अर्जेन्टिनाले सन् १९९३ मा कोपा अमेरिका जितेयता कुनै पनि उपाधि जित्न सकेको छैन।

फाइनल खेलको सुरुमै जुलियो बाप्टिस्टाको उत्कृष्ट गोलमा ब्राजिलले अग्रता लिएको थियो। अर्जेन्टिनी रक्षक रोबर्टो आयलाको आत्मघाती गोलमा अग्रता दोब्बर पारेको ब्राजिलका निम्ति डानियल आल्भेसले तेस्रो गोल थपे। रियल म्याड्रिडका स्टार स्ट्राइकर रोबिन्हो ब्राजिलको उपाधि यात्रामा नायक रहे। उनले प्रतियोगितामा सर्वाधिक ६ गोल ठोक्दै गोल्डेन बुटको पुरस्कार जिते। कोपा अमेरिकालाई युरोपका ठूला क्लबको नजरमा पर्ने माध्यमका रूपमा लिइन्छ।

लिग चरणको पहिलो खेलमा मेक्सिकोसँग पराजित भएको ब्राजिलले क्वार्टरफाइनलमा चिलीलाई ६-१ तथा रोमाञ्चक सेमीफाइनलमा उरुग्वेलाई सडनडेथमा ५-४ले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको थियो। उपाधिको प्रबल दाबेदार अर्जेन्टिनाले फाइनलपूर्वका सबै खेलमा प्रभावशाली जित हासिल गरेको थियो। उसले सेमीफाइनलमा मेक्सिकोलाई ३-० तथा क्वार्टरफाइनलमा पेरुलाई ४-० ले पराजित गरेको थियो। प्रत्येक दुई-दुई वर्षमा आयोजना हुने यो प्रतियोगितामा अतिथि टिम मेक्सिकोले तेस्रो स्थानका लागि सम्पन्न खेलमा उरुग्वेलाई ३-१ ले पराजित गरेको थियो।

# प्रतिभा र सुन्दरता मापनमा बालप्रतियोगिताहरू

पृष्ठ १ बाट जारी



अरूका अगाडि आफूलाई निर्धक्क प्रस्तुत गर्न सक्ने क्षमता नै प्रतिस्पर्धाको उपलब्धि भएको सिद्धान्त बताउँछन्।

बालबालिकामा अन्तर्निहित प्रतिभालाई उचित मञ्च प्रदान गर्ने, उनीहरूमा प्रतिस्पर्धाको भावना जगाउने, आत्मविश्वास तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने आदि उद्देश्य अनुरूप आयोजना भैरहेका बालबालिकासँग सम्बन्धित सौन्दर्य एवं प्रतिभा मापन गर्ने कार्यक्रम सञ्चालन गर्नु सोचे जति सजिलो भने छैन। यस्ता कार्यक्रममा सहभागीहरू जुटाउन आयोजक पक्षले कार्यक्रमसम्बन्धी विज्ञापनका साथै विभिन्न विद्यालयमा सहयोग एवं समन्वयका लागि प्रोपोजल पठाउँछ। विद्यालय तथा अभिभावक वर्गकै सहयोग एवं समन्वयका कारण आफूले कार्यक्रमलाई निरन्तरता दिन सकेको कुरा 'सानोपरी-सानोबाबु' कार्यक्रमको आयोजक संस्था 'जित हाम्रो' का जित राघव बताउँछन्।

भक्तपुर जुनियर ट्यालेन्ट कन्टेस्टको चौथो संस्करणको तयारीमा लागेकी नीता माकजु पहिलो पटक कार्यक्रम गर्दा सहभागीहरू जुटाउन अभिभावक तथा विद्यालयका शिक्षकवर्गलाई यथार्थता बुझाउन गाह्रो भएको अनुभव सुनाउँछिन्। तीन वर्षको अन्तरालमा आफ्नो कार्यक्रममा सहभागी भएकाहरूमा देखिएको सकारात्मक परिवर्तनबाट अहिले अभिभावक तथा शिक्षक वर्ग कार्यक्रमप्रति उत्साहित भएको उनी बताउँछिन्। यसपटकको कार्यक्रमका लागि उनले सयभन्दा बढी बालबालिकाको अडिसन लिनुपऱ्यो।

बालबालिकासँग सम्बन्धित प्रतियोगितामा प्रशिक्षणको महत्त्वपूर्ण भूमिका हुन्छ। यस्ता कार्यक्रममा कोरियोग्राफीको राम्रो अनुभव सँगालेकी नीता माकजुको विचारमा बालबालिकालाई प्रशिक्षण दिंदा उनीहरूको इच्छा, आकांक्षा एवं समस्या बुझेर काम गर्नु आवश्यक छ। एउटा साथीका रूपमा बालबालिकाहरूको मनोभाव बुझ्नु नै महत्त्वपूर्ण हुने नीता बताउँछिन्।

बालबालिकासँग काम गर्दा आफूले पनि उनीहरूबाट केही न केही सिक्ने अवसर पाएको अनुभव जित राघवसँग छ। द एरो मोडलिङ एजेन्सीका सिद्धान्त घिमिरे बालबालिकासँग सम्बन्धित कार्यक्रमको कोरियोग्राफी गर्दा उनीहरूको क्षमतालाई बढी ध्यान दिने बताउँछन्। सिक्वेन्स पनि एकदमै सरल र क्याटवाक पनि उनीहरूको नेचुरल हिंडाइसँग मिलाउने हिसाबले सिकाइने घिमिरे बताउँछन्।

कोरियोग्राफर नीता माकजु बालकहरूले लजाउने र अस्वाभाविक व्यवहार गर्ने गरेको अनुभव सुनाउँछिन्। बालबालिकाको मनोभावलाई राम्रोसँग बुझ्न सक्ने प्रशिक्षक नै यस्ता कार्यक्रमको मेरुदण्ड हुने धारणा नेप्लिज फेसन होमका फुर्बु तेन्जिङ शेर्पाको छ। प्रतिस्पर्धा भएकाले हार-जित निश्चित हुन्छ तर हारबाट पनि बालबालिकाको मनस्थितिमा असर नपरोस् भन्ने कुरालाई कोरियोग्राफरले प्रशिक्षणका बखत उचित निर्देशन दिंदै मानसिक रूपमा सबल बनाउने प्रयास गर्नुपर्ने कुरामा तेन्जिङ जोड दिन्छन्।

**कार्यक्रमको रूपरेखा**

आवेदन फारम शुल्क बाहेक बालबालिकासँग सम्बन्धित अधिकांश आयोजनामा सहभागीबाट ३ हजार ५ सय रुपैयाँ शुल्क उठाइन्छ। केहीले भने १० हजार रुपैयाँसम्म शुल्क लिन्छन्। उल्लेखित शुल्कभित्र आयोजक पक्षले आयोजनाको लोगो अंकित टिसर्ट १५ देखि २५ दिनको क्याटवाक, व्यक्तित्व विकास, प्रस्तुतीकरण तथा बोल्ने शैली, आत्मविश्वास अभिवृद्धि, अनुशासन आदिसँग सम्बन्धित प्रशिक्षण, शैक्षिक भ्रमण, प्रशिक्षण अवधिभरको खाजा, फोटोसेसन आदिको व्यवस्था एवं सुविधा प्रदान गर्छन्।

यस्ता आयोजनाको फाइनल सहभागीहरूको परिचयात्मक चरणबाट प्रारम्भ भए पनि केही आयोजनाको प्रारम्भ सहभागीहरूको स्वागत नृत्यबाट हुन्छ। परिचयात्मक चरणपछि ट्यालेन्ट सोमार्फत सहभागीहरूले नृत्य, गायन, अभिनय, वकतृत्व कला, कविता वाचन लगायत अन्य विधामा आफ्नो दखखल प्रस्तुत गर्छन्। बेष्ट ड्रेस राउन्ड अन्तर्गत सहभागीहरूले आ-आफ्नो रोजाइ अनुसारको पहिरनमा प्रस्तुति दिन्छन्।

सहभागीको संख्याको आधारमा उत्कृष्ट, आठ, दस वा पन्ध्र छनौट गरिन्छ। जसमा सहभागीले निर्णायकहरूको प्रश्नको सामना गर्नुपर्छ। त्यसपछि छनौट हुन्छ अन्तिम चरणका लागि उत्कृष्ट पाँच वा सात सहभागी। अन्तिम चरणमा पुगेकालाई मुख्य निर्णायकले अन्तिम प्रश्न सोध्छन् जसको लिखित उत्तर तोकिएको समयभित्र दिनुपर्छ र सोही उत्तरका आधारमा उपाधि विजेता छनौट गरिन्छ। प्रिन्जिङ तथा अन्य शीर्षकमा उपाधि विजेताका लागि प्रतिस्पर्धात्मक छनौट प्रक्रिया पनि फाइनल इभेन्ट पूर्व नै गरिन्छ।

सामाजिक उत्तरदायित्वप्रति पनि आयोजनक पक्ष सजग रहनुपर्ने शेर्पा बताउँछन्।

राजधानी लगायत मोफसलका विभिन्न क्षेत्रमा मास्टर किङ एन्ड लिटिल क्विन शीर्षकमा बालबालिकासँग सम्बन्धित प्रतियोगिता सञ्चालनमा सक्रिय रहँदै आएको द एरो मोडलिङ एजेन्सीका सिद्धान्त घिमिरे यस्ता आयोजनाको मूल उद्देश्य बालबालिकाको प्रतिभालाई उचित अवसर प्रदान गर्नु रहेको बताउँछन्। प्रतिस्पर्धाले बालबालिकामा सकारात्मक परिवर्तन देखिएको उनको अनुभव छ। प्रतिस्पर्धा अघि र पछि सहभागीहरूमा देखिने आत्मविश्वास अभिवृद्धि, बोल्न सक्ने तथा

## बालबालिकासँग सम्बन्धित केही आयोजनाहरू

| आयोजक संस्था | आयोजनाको शीर्षक |
|---|---|
| काठमाडौं जेसिज | लिटल लेडी ट्यालेन्ट सो |
| | मास्टर नेपाल |
| नेप्लिज फेसन होम | किङ क्विन नेपाल |
| | मास्टर स्टार |
| | मिस लिटिल नेवाः |
| द एरो मोडलिङ एजेन्सी | लिटिल क्विन एन्ड मास्टर किङ |
| | सानो बाबु, सानी परी |
| | राइजिङ भ्याली स्टार |
| | लिटिल मिस्टर एन्ड मिस नेपाल |
| ड्रिम एरा | लिटिल मास्टर एन्ड मिस जिनियस |
| चाइल्ड स्पोर्ट प्रोग्राम | भक्तपुर जुनियर ट्यालेन्ट कन्टेस्ट |

उल्लेखित शीर्षकका अतिरिक्त चिल्ड्रेन अफ द इयर, लिटिल प्रिन्स एन्ड प्रिन्सेज, सुपर किड्स, गुरुङ कान्छा-कान्छी, इन्डिजिनियस कान्छा-कान्छी, किड्स हन्ट, जुनियर स्पार्कल किङ एन्ड क्विन, लिटिल फेयरी एन्ड लिटिल प्रिन्स, जुनियर मास्टर एन्ड मिस, बार्बी गर्ल एन्ड लिटिल बार्बी, मास्टर एन्ड बेबी ट्यालेन्ट सो जस्ता बालबालिकासँग सम्बन्धित सौन्दर्य एवं प्रतिभा मापन कार्यक्रमहरू सञ्चालन भैरहेका छन्।

## तयारीमा रहेका कार्यक्रमहरू

**लिटिल लेडी ट्यालेन्ट सो**

काठमाडौं जेसिजको आयोजनामा सञ्चालन हुने यस पटकको लिटिल लेडी ट्यालेन्ट सोमा २६ जना बालिका सहभागी छन्। यो कार्यक्रम साउन ६ गते प्रभा अमात्यको कोरियोग्राफीमा प्रज्ञा भवन कमलादीमा सञ्चालन हुँदैछ।

**मिस लिटिल नेवाः**

साउन १९ गते प्रज्ञा भवनमा सञ्चालन हुने मिस लिटिल नेवाः प्रतियोगितालाई न्हुजः गुठीको सहभागितामा नेप्लिज फेसन होमले आयोजना गर्दैछ। रोहिया महर्जनको कोरियोग्राफी रहने यो प्रतिस्पर्धामा नेवार समुदायका ४८ जना बालिकाको सहभागिता छ।

**लिटिल प्रिन्स एन्ड प्रिन्सेज**

साउन महिनाकै लागि तयारी भैरहेको लिटिल प्रिन्स एन्ड प्रिन्सेज प्रतियोगितामा बालकबालिका गरी दुई दर्जनभन्दा बढी सहभागी छन्। ग्यालेक्सी मोडलिङ एजेन्सीले प्रस्तुत गर्ने यो प्रतियोगिताको कोरियोग्राफी सोफिया महर्जनले गर्नेछिन्।

**लिटिल मिस काठमाडौं**

बालबालिकासम्बन्धी कार्यक्रमकै लहरमा साउन १५ गते प्रज्ञाभवन कमलादीमा लिटिल मिस काठमाडौं शीर्षकअन्तर्गत बालिकाहरूसम्बन्धी प्रतिस्पर्धा सञ्चालन हुने भएको छ। मुभी हाउसको आयोजनामा ४८ जना बालिका लिटिल मिस काठमाडौं मुकुटका लागि कडा परिश्रम गरिरहेका छन्। पहिलो पटक सञ्चालन हुन लागेको यो प्रतिस्पर्धाका सहभागीहरूलाई इशा बज्राचार्यले प्रशिक्षण दिइरहेकी छिन्। यसैगरी भदौ महिनामा सञ्चालन गर्ने लक्ष्य राखेर लिटिल मिस्टर एन्ड मिस जिनियस, चिल्ड्रेन अफ द इयर, सानो बाबु सानी परी तथा लिटिल क्विन एन्ड मास्टर किङ शीर्षकका प्रतियोगिताको तयारी पनि प्रारम्भ भएको छ।

## प्रशान्तको नाममा फुटबल

मिरिक (दार्जीलिङ)– इन्डियन आइडलका लागि प्रतिस्पर्धा गरिरहेका प्रशान्त तामाङको पक्षमा जनमत जुटाउन पश्चिम बंगालका युवाहरूले विभिन्न माध्यम अपनाइहेका छन् । यसै क्रममा दार्जीलिङ जिल्लाअन्तर्गतको मिरिकका युवाहरूले प्रशान्तकै नाममा फुटबल प्रतियोगिता आयोजना गर्दैछन् । प्रशान्त आइडल ट्रफी नाम दिइएको उक्त प्रतियोगितामा मिरिक, दार्जीलिङ, सिक्किम आदि क्षेत्रबाट आठवटा फुटबल टिमले प्रतिस्पर्धा गर्नेछन् । स्थानीय कर्मणा युथ क्लबले आयोजन गर्ने उक्त प्रतियोगता अगस्ट ५ तारिखदेखि सुरु हुने कुरा आयोजकका सुनील थापाले बताए । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने टिमलाई नगद पुरस्कार प्रदान गरिनेछ ।

–शिव मुखिया

## कमल भए मिस्टर विराटनगर



विराटनगर- ४० प्रतियोगीलाई उछिनेर बलिष्ठ शरीर प्रदर्शन गर्दै कमलकुमार राई 'मिस्टर विराटनगर २०६४' घोषित भए । गएको शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा सम्पन्न बडी बिल्डिङ प्रतियोगितामार्फत उनी मिस्टर विराटनगर भएका हुन् । ४० प्रतियोगीमध्ये छनौटमार्फत स्टेजमा १७ जना पुगेका थिए । ५५, ६०, ६५ र ७० किलोग्राम तौल समूहबीच फरक-फरक प्रतियोगिता गराई चार जनालाई फाइनलमा लगिएको थियो ।

रवि व्यायामशालाबाट सहभागी भै ६० किलोग्राम तौलबाट फाइनलमा पुगेका कमलले ठूलो शरीर भएकाहरूलाई पनि हराएका थिए । उक्त अवसरमा ५५ किलोग्राम तौलका रविन तामाङ दोस्रो तथा बेस्ट पोजर, ६५ किलोग्राम तौलका स्नेहशिष सेन गुप्ता तेस्रो र ७० किलोग्रामका मिलन थापा चौथो घोषित भए । उनीहरूलाई नगद र मेडलले सम्मान गरियो । त्यस्तै आकर्षक शरीर भएका मनोज मल्लिक मसल म्यान अफ विराटनगर घोषित भए । मोरङ बडी बिल्डिङ एसोसिएसनको आयोजनामा सम्पन्न प्रतियोगितामा विराटनगरका सबै व्यायामशालाको सहभागिता थियो ।

–कमल रिमाल

## नुवाकोट रनिङशिल्ड

नुवाकोट- नुवाकोट जिल्लास्तरीय अन्तर मा.वि. रनिङशिल्ड प्रतियोगिताको उपाधि जालपा देवी (जे.डी.) बोर्डिङ स्कुलले हात पारेको छ । गत साता चार दिन चलेको एथलेटिक्स तथा भलिबलका विभिन्न प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै जे.डी. बोर्डिङले २३ अंक ल्याएर शिल्ड चुम्ने सफलता पाएको हो । उक्त अवसरमा दोस्रो स्थानमा २० अंक प्राप्त गरेर त्रिभुवन त्रिशूली उमावि र १९ अंक प्राप्त गरेर रणभुवनेश्वरी उ.मा.वि., देवीघाटले तेस्रो स्थान हासिल गरेका थिए । जिल्ला शिक्षा कार्यालय र जिल्ला खेलकुद विकास समितिले संयुक्त रूपमा आयोजना गरेको मा.वि.स्तरीय बृहत् खेलकुद प्रतियोगितामा २२ विद्यालयका ५ सय १६ विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए ।

खेल अवधिभर आकर्षणको केन्द्र बनेको भलिबल प्रतियोगिताको छात्रतर्फको प्रतिस्पर्धामा भैरुम मा.वि. हात्तीगौंडा प्रथम भयो भने छात्रा भलिबलतर्फ भैरवी उ.मा.वि.ले जितेको थियो । प्रतियोगिताको ५ किलोमिटर दौडतर्फ प्रथम भएका च्वाडी पब्लिक मा.वि.का रामकुमार कोइराला र १ सय मिटर दौडतर्फ प्रथम भएकी जे.डी. बोर्डिङकी रजनी जोशीले एथलेटिक्सतर्फ उत्कृष्ट खेलाडीको पुरस्कार पाए । यस्तै भलिबलतर्फ भैरुम मा.वि.का राजकुमार लामा र गणेश मा.वि. हल्देकालिकाका रामगोपाल अधिकारी उत्कृष्ट खेलाडी घोषित भए ।

सोमबार सम्पन्न प्रतियोगिताका विजयी खेलाडी तथा विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय धावक वैकुण्ठ मानन्धर, खेलकुद विकास समितिका अध्यक्ष राम थापालगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । जिल्लामा लामो अन्तरालपछि भएको यो प्रतियोगितामा विद्यार्थीहरूले उत्साहजनक रूपमा सहभागिता जनाएका थिए । राष्ट्रिय खेलकुद परिषद्का प्रमुख प्रशिक्षक एवं धावक मानन्धरका अनुसार प्रतियोगिताका विजयीहरूमध्येबाट छनौट गरेर केही खेलाडीलाई क्षेत्रीय प्रतियोगितामा प्रतिस्पर्धा गर्न पठाइनेछ ।

–नवदीप अजनवी

## अन्डर थर्टिनको उपाधि बगाहालाई

गाईघाट– विकास, अनुशासन र लगनशीलता भन्ने मूल नाराका साथ गाईघाटको त्रियुगा मा.वि.को खेलमैदानमा सम्पन्न वडास्तरीय अन्डर थर्टिन फुटबल प्रतियोगिताको उपाधि वडा नम्बर ८ (बगाहा) ले जितेको छ । शनिबार हजारौं दर्शकको उपस्थितिमा सम्पन्न फाइनलमा वडा नम्बर २ (गाईघाट) लाई १ का विरुद्ध ४ गोल गर्दै वडा नम्बर ८ (वगाहा) ले उपाधि जितेको हो । जिल्ला खेलकुद संघको आयोजनामा सम्पन्न उक्त खेलको म्यान अफ द म्याच बगाहाका राजु बस्नेत भए भने ३ गोल गरेका बगाहाका दीपक महत सर्वाधिक गोल गर्ने खेलाडी घोषित भए । खेलमा १० वडाका खेलाडीको सहभागिता थियो ।

## पूर्वाञ्चलस्तरीय इन्टरकलेज क्रिकेट

गाईघाट- गाईघाटमै पहिलो पटक पूर्वाञ्चलस्तरीय सामसुङ्ग आइडिया इन्टरकलेज नकआउट क्रिकेट प्रतियोगिता सुरु भएको छ । असार ३० गते सुरु भएको प्रतियोगितामा विराटनगरको सिटी कलेज, सिराहाको जनता नमुना कलेज गोलबजार, लाहानको रोयल सफ्टेक कलेज, राजविराजको महेन्द्र विन्देश्वरी कलेज, उदयपुरको कटारी तथा त्रियुगा कलेजको सहभागिता छ । जिल्ला क्रिकेट संघले आयोजना गरेको यो प्रतियोगितामा राष्ट्रिय टिमका खेलाडीहरूको उल्लेख्य सहभागिता देखिन्छ । हजारौं खेलप्रेमी दर्शकको उपस्थितिमा सञ्चालन भैरहेका प्रतियोगिताको फाइनलखेल भने भोलि साउन ५ गते हुने आयोजक टिमका सदस्य विपिन भट्टराईले बताए ।



वीरगन्ज नगरपालिकाले आयोजना गरेको ७ वर्षदेखि १० वर्षमुनिका बालबालिकाहरूको फ्रिस्टाइल स्वीमिङ प्रतियोगितामा आफ्नो प्रतिद्वन्द्वीलाई हराउँदै प्रथम भएकी आठ वर्षीया मुस्कान शर्मा र अन्य विजेता ।

तस्बिर : सुबोध सिंह/वीरगन्ज

## गाईघाटमा मिस्टर सगरमाथा

गाईघाट- स्ट्याच्यु हेल्थ केयर सेन्टर गाईघाटले पहिलो पटक उदयपुर जिल्लामा मिस्टर सगरमाथाको छनौट गर्ने भएको छ । सगरमाथा अञ्चलका ६ जिल्लाका प्रतियोगीहरूको सहभागिता रहने प्रतियोगितामा ५५ केजी, ६० केजी तथा ७० केजी तौल समूहका प्रतिस्पर्धा गराई मिस्टर सगरमाथा, फर्स्ट मस्कुलर तथा बेस्ट पोजर छनौट गरिने छ । आयोजक टिमका अध्यक्ष पर्वत दाहालका अनुसार प्रतियोगिता आगामी साउन २० गते आइतबार गरिने र प्रतियोगिताबाट छानिएका मिस्टर सगरमाथालाई निःशुल्क एक वर्षसम्म स्ट्याच्यु हेल्थ केयर सेन्टरमा शारीरिक व्यायाम गर्न दिइनेछ भने अरू विजेतालाई ६ महिनासम्म निःशुल्क व्यायाम सुविधा प्रदान गरिनेछ । यसका अतिरिक्त मिस्टर सगरमाथाले मिस्टर सगरमाथाको एवार्डका साथ नगद १० हजार पाउनेछन् ।

–विमल खतिवडा

## उजिरसिंह रनिङ ट्रफी

बुटवल- लुम्बिनी स्पोर्ट्स क्लबको आयोजनामा बुटवलमा सञ्चालित वडास्तरीय उजिरसिंह रनिङ शिल्ड ट्रफी क्रिकेट प्रतियोगिताको उपाधि वडा नं ६ ले जितेको छ । शनिबार सम्पन्न फाइनल खेलमा वडा नं. १२ लाई १९ रनले हराउँदै वडा नं ६ ले ट्रफी हात पारेको हो । वडा नं ६ ले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा १ सय ४ रन जोडेको थियो । ६ का लागि अनिल विकले सर्वाधिक २५ तथा अमित श्रेष्ठ र सुमित शेरचनले १४-१४ रन बनाएका थिए । प्रतियोगिताको म्यान अफ द म्याच अनिल विक घोषित भए । प्रतियोगितामा बेस्ट ब्याट्सम्यान, म्यान अफ दि सिरिज वडा नं १२ का दीपक गौचन, बेस्ट बलर शेषमणि चौधरी तथा बेस्ट फिल्डर सम्राट भट्टचन घोषित भए ।

# सम्भावना जगायो महिला क्रिकेटले



**साप्ताहिक समाचार**

काठमाडौं- धेरै दिनदेखि शुभसमाचार सुनाइरहेको नेपाली महिला क्रिकेट टिम अन्ततः एसिसी ट्रफी महिला क्रिकेटको फाइनलमा बंगलादेशसँग ८ विकेटले पराजित भएको छ। यो पराजयका बाबजुद नेपाली महिला खेलाडीहरूले नेपालमा महिला क्रिकेटको पूर्वाधार खडा गरेका छन्। आफ्नो पहिलो अन्तर्राष्ट्रिय सहभागितामै फाइनलसम्म अपराजित यात्रा गर्ने नेपाली महिला खेलाडीहरूले क्रिकेटमा नेपाली महिलाहरूको सम्भावनाको ढोकासमेत खोलेका छन्। मलेसियामा सम्पन्न वर्षाद्वारा बाधित एसिसी ट्रफीको फाइनलमा पहिले ब्याटिङ गर्दै नेपाली खेलाडीहरूले सम्पूर्ण विकेट गुमाई १८ ओभरमा २६ रन मात्र बनाउन सके। प्रतिउत्तरमा बंगलादेशले नेपालको चुनौतीलाई ९ दशमलव ४ ओभरमा २ विकेट गुमाई प्राप्त गरेको थियो।

नेपालमा भर्खरै प्रारम्भ भएको महिला क्रिकेटले बामे सर्ने बेलामै अन्तर्राष्ट्रिय प्रतियोगितामा एकपछि अर्को गर्दै सफलता पाएपछि नेपालमा महिला क्रिकेटको भविष्य सुनौलो देखिएको छ। गत वर्षदेखि मात्र संगठित हुन थालेको नेपाली महिला क्रिकेटले तिन साता अघि पहिलो राष्ट्रिय छनौट प्रतियोगिता गरे लगत्तै अन्तर्राष्ट्रिय प्रतियोगितामा देखाएको प्रदर्शन नेपालको खेलकुदकै लागि उदाहरण भएको छ।

मलेसियामा सम्पन्न पहिलो एसिसि महिला क्रिकेट प्रतियोगितामा सहभागी नेपालका महिला क्रिकेट खेलाडीहरूले एकपछि अर्को गर्दै सफलता पाउँदै गए। समूह 'ए' मा परेको नेपालले आफ्नो प्रारम्भिक चरणको खेललाई अपराजित राखेको थियो। नेपालले आफ्नो पहिलो खेलमा थाइल्याण्डलाई ५५ रनले पराजित गर्नु नै नेपाली महिला क्रिकेटका लागि ऐतिहासिक सफलता थियो। स्वदेशी प्रतियोगिताको अभाव भएको परिप्रेक्ष्यमा आफ्नो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामै सफलता पाउनु नेपाली खेलकुदका लागि मात्र नभएर अन्तर्राष्ट्रिय खेलकुदमै पनि असाधारण घटना मानिन्छ।

मलेसियाको जोहरबारूमा सम्पन्न खेलमा नेपालले निर्धारित ३० ओभरमा ८ विकेट गुमाएर ९५ रनको चुनौती प्रस्तुत गरेको थियो। थाइल्याण्डको फितलो बलिङको सामना गर्दै नेपालकी ब्याट्सवुमेन मधु थापाले ७५ बलमा ३८ रनको योगदान दिएकी थिइन्। यता नेपाली टिमकी कप्तान नेरी थापाले कसिलो बलिङ गर्दै आफ्नो पहिलो स्पेलमै एक विकेट लिइन् भने आफ्नो दोस्रो स्पेलमा एक मेडन राख्दै थाइल्याण्डका तीन ब्याट्सवुम्यानलाई पेभिलियन फर्काएकी थिइन्।

पहिलो खेलमा पाएको ऐतिहासिक सफलताबाट हौसिएका नेपालका महिला क्रिकेट खेलाडीहरूले दोस्रो खेल आयोजक मलेसियाविरुद्ध भने बराबरीमा समाप्त गर्नुपर्‍यो। पहिले ब्याटिङ गर्न उत्रिएको मलेसियाले निर्धारित ३० ओभरको खेलमा ९ विकेट गुमाई ७३ रन बनाएको थियो। प्रतिउत्तरमा उत्रिएको नेपाल २८ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर ७३ रनमै समेटिएको थियो। जसमा नेपालका महिला खेलाडीहरूले २७ अतिरिक्त रन पाएका थिए।

मलेसियासँग बराबरीमा चित्त बुझाउनुपरेको नेपाल तथा मलेसियालाई ठूलो अन्तर १ सय १४ रनले पराजित गर्न सफल हङकङबीचको खेल निकै प्रतिस्पर्धात्मक हुने अनुमान गरिएको थियो। हङकङले मलेसियाविरुद्ध पाएको सफलतालाई नै हेर्ने हो भने नेपालका लागि हङकङविरुद्धको खेल फाइनल झैं हुने थियो तर नेपाली खेलाडीहरूले लिग चरणको आफ्नो अपराजित यात्रालाई कायम राख्दै हङकङलाई ७ विकेटले पराजित गरे। पहिले ब्याटिङ गर्न उत्रिएको हङकङलाई आफ्नो निर्णय गलत प्रमाणित गर्दै नेपालका बलरहरूले २३ दशमलव ५ ओभरमा ३१ रन बनाउन दिएर सबै खेलाडीलाई पेभिलियन पठाएका थिए। जसमा नेपालका नेरी थापा र नीरा राजोपाध्यायले मात्र ३/३ विकेट लिएका थिए। हङकङको झिनो चुनौती नेपाली महिला खेलाडीले २३ दशमलव ५ ओभरमा ३ विकेटको क्षतिमा विजय हासिल गरेका थिए।

लिग चरणमा एक खेलमा पनि पराजित नभई सेमिफाइनलमा प्रवेश गरेको नेपालले चीनलाई ९ विकेटले पराजित गरेको थियो।



# महिलाहरूका लागि छुट्टै क्लब चाहिन्छ



नितु थापा सिलोनको भारतीय केन्द्रीय विद्यालयमा धेरै समय खेलकुदमै बिताउँथिन्। उनी क्रिकेट, फुटबल, बास्केटबल र भलिबलजस्ता हरेक खेलमा उत्तिकै समय दिन्थिन्। यी चारवटै खेलमा सक्रिय भैरहवा, श्रद्धापथकी नितु थापाको परिचय अहिले भने क्रिकेटसँग जोडिएको छ। मलेसियामा आयोजना हुने एसीसी महिला क्रिकेट प्रतियोगिताका लागि सम्पन्न छनौट खेलमा म्यान अफ द सिरिज भएपछि नितुले नेपाली क्रिकेटमा महत्त्वपूर्ण उचाइ हासिल गरेकी हुन्। तीन खेलमा ६ विकेट लिँदै २३ रन जोडेपछि उनी म्यान अफ द सिरिज घोषित भएकी थिइन्।

बुवा प्रेमबहादुर थापा छोरीले खेलकुदमा ध्यान दिँदा आफैं पनि उत्साहित हुन्थे र अझ हौसलासमेत दिन्थे। यद्यपि नितुले आफू राष्ट्रिय स्तरको क्रिकेट खेलाडी बन्ने सपना कहिल्यै देखिनन्। नितु भन्छिन्– 'कलेज पढ्दा साथीहरूसँग रमाइलोका लागि त्यत्तिकै खेल्थे। अहिले त धेरै भैसकेको थियो नखेलेको, एकैपटक यो प्रतियोगितामा म्यान अफ द सिरिजको उपाधि पाउँदा त अचम्मै लाग्यो।' नभन्दै २८ वर्षीय थापाको क्रिकेट ब्याट र बलसँगको साइनो छुटेको एक दशक भैसकेको थियो।

अहिले बुवा रोजगारीका लागि इराकमा, आमा पनि उतै, त्यसैले बूढी हजुरआमासहित दुई बहिनीको अभिभावक बनेर बसेकी छिन् उनी। यस्तै कारणले नितुले खेलकुदलाई निरन्तरता दिन सकिनन्। सिलोनबाट नेपाल फर्किएको १२ वर्ष घर परिवारकै काममा बित्यो। यसबीच उनले भैरहवाको अमर ज्योति विद्यालयमा शिक्षण गरेर लामो समय बिताइन् भने बेन्जामिन मेमोरियल फाउन्डेसनमा जागिरे जिन्दगी बिताउने क्रममा ललितपुर, गोदावरीलाई पनि आफ्नो कार्यक्षेत्र बनाइन्।

भारतमा विद्यार्थीजीवन बिताउने क्रममा नितुले प्रतिभाशाली खेलाडीका रूपमा पहिचान बनाएकी थिइन्। हरेक आइतबार खेलकुदमै बित्थ्यो उनको। भारतमा क्रिकेटको क्रेज भएका कारण पनि नितु क्रिकेट नै खेल्थिन्। आकलझुक्कल अरू खेल खेले पनि ती सबै स्वास्थ्य, तन्दुरुस्ती र रमाइलोका लागि मात्र थिए। 'मैले कहिल्यै राष्ट्रिय स्तरको प्रतियोगिता खेल्ने सपना देखेकी थिइनँ। त्यसकारण यो खेलमा यही हुनुपर्छ भन्ने योजना पनि थिएन।'

२०५७ सालमा काठमाडौंमा सम्पन्न मेयरकप फुटबल प्रतियोगितामा उनले काठमाडौंको प्रतिनिधित्व गरेकी थिइन्। मिडफल्डिमा प्रभावकारी प्रदर्शन गरेकी नितुले एक गोल गरिन् उक्त प्रतियोगितामा। फुटबलमा उनको त्यो नै अन्तिम महत्त्वपूर्ण प्रतियोगिता थियो। त्यसो त उनले भलबिल पनि नखेलेकी होइनन्। सिलोनमै राष्ट्रिय स्तरको अन्तरविद्यालय भलिबल प्रतियोगितामा सहभागिता जनाएकी थिइन् नितुले। बास्केटबलमा पनि पोख्त थापा विद्यालयको आन्तरिक प्रतियोगिताहरूमा पनि सहभागिता जनाउँथिन्। यद्यपि सबै खेल खेल्ने नितु नेपाली खेलकुदमा अपरिचित नै रहिन्। कारण थियो 'ज्याक इन अल अल मास्टर इन नन', नितुको खेल जिन्दगीको हकमा ठ्याक्कै लागू हुने कुरा हो यो। यतिखेर उनको परिचय फेरिएको छ। 'ज्याक इन अल मास्टर इन वान', यो नेपाली खेलकुदमा नितु थापाको नयाँ परिचय हो।

यति सबै खेल खेल्न भ्याउनु आफैंमा महत्त्वपूर्ण कुरा थियो उनका लागि। उनी भने आफ्नो बुबाको सकारात्मक सोचकै कारण यसो भएको बताउँछिन्। नितुले भनेजस्तै भारतीय सेनाका कप्तान प्रेमबहादुर छोरीलाई खेलमा लाग्न प्रेरित गर्थे। वातावरण पनि त्यस्तै थियो। ब्यारकेमा रहँदा हरेक खेलका लागि सुविधा उपलब्ध थियो भने दिउँसो स्कुलमा पनि त्यस्तै वातावरण थियो।

लामो समयपछि क्रिकेट खेल्दा पनि यत्तिको प्रभावकारी किन ? उनको सहज जवाफ छ– 'त्यतिखेरै क्रिकेटमा अभ्यस्त थिए। अहिले छोटो समयमै प्रतियोगिता खेल्ने शैली सिक्न सकें र त्यसको उपयोग पनि गरें।' यसो भन्दै उनी आफूमा आएको परिवर्तनको श्रेय प्रशिक्षक जंगबहादुर थापालाई दिन्छिन्। भारतीय खेलकुदका बारेमा राम्रो जानकारी राख्ने नितु त्यहाँको खेल नीतिबाट पनि त्यत्तिकै प्रभावित छिन्। 'त्यहाँ हरेक खेलमा ती क्लबहरूको प्रभाव रहन्छ, जुन क्लब निरन्तर खेलकुदमै समर्पित छन्। उनीहरू र हामीमा फरक नै यही हो।' नितुको स्पष्ट भनाइ छ– 'नेपालमा महिला खेलाडीका लागि छुट्टै क्लब चाहिन्छ।'

चारवटा खेलमा उत्तिकै सक्रिय नितु क्रिकेटमै जम्नुको एउटै कारण उनमा परेको बाल्यकालको प्रभाव नै हो। उनी आफूले खेल्ने चार खेलमध्ये क्रिकेटमै धेरै रमाउँथिन्। अहिले पनि नितु फुर्सदमा क्रिकेट हेरेर बस्छिन्। खास गरी भारतको खेल, त्यसपछि पाकिस्तान, अस्ट्रेलिया र इङ्ल्यान्डको खेल हेर्न रमाइलो लाग्छ उनलाई। भविष्यका बारेमा खासै योजना छैन नितुको, तर पनि क्रिकेटमा राम्रो प्रदर्शन गरेर नेपाली खेलकुदमा छुट्टै पहिचान बनाउन गम्भीर भएर लागेकी छिन् उनी।

# पाइरेसीविरुद्ध संगीतकर्मी



चितवन– गर्मीको मौसम, पसिनाले निथ्रुक्कै भिजेका छन् युवायुवतीहरू । आधुनिकतासँगै छाएको फेसनका कारण छोटो कपडामा ओइरिए युवतीहरू । युवाहरू पनि के कम ? च्यातिएको जिन्स पाइन्ट, कानमा मुन्द्रा, शरीरभरि नै टाटु, कालो कपालदेखि रातो कपाल भएकाहरूसम्मको घुइँचो । कोही सिंगल आएका छन् भने कोही गर्लफ्रेन्डका साथ डबल । छेउमै छ स्वीमिङ पुल । कोही स्वीमिङ पुलमा उफ्री-उफ्री स्वीमिङ गरिरहेका छन् त कोही पार्कको शीतलतामा रमाइरहेका छन् । स्वीमिङ पुलको छेउमा मञ्च बनाइएको छ, त्यहाँ ठूला-ठूला साउन्ड सिस्टमबाट मठो स्वरमा गीत घन्किरहेको छ । कार्यक्रम ३ बजे सुरु हुन्छ भनिए पनि आयोजकहरू त्यतिबेला निराश भए जति बेला गर्मीको कारण ५ बजेसम्म पनि कोही आएनन् ।

टन्टलापुर घामले मौसमलाई तातो बनाए पनि कार्यक्रमस्थलमा भने हरियो रूख-बिरुवाका कारण शीतल थियो । चितवनमा विरलै आयोजना हुन्छन् डान्स पार्टी, कन्सर्ट तर गत शनिबार एक होटल परिसर चितवने युवायुवती र नेपालका ख्यातिप्राप्त र्‍यापर, डिजे र हिपहप गायकको घुइँचो नै लागेको थियो भरतपुरस्थित होटल ग्लोबलमा । डिजे युवा, सन्तोषलगायत आठ जना डिजे सहभागी रहेको उक्त पार्टीमा शोलो गायिका लसता जोशीले 'रेशम फिरिरी' गीत गाउँदा सहभागी युवायुवतीहरू स्वीमिङ पुलको छेउमा उभिएर स्वरमा स्वर मिलाई नाच्दा त्यहाँको रौनक नै उल्लासमय भएको थियो ।

डिजे सन्तोषको 'चियाबारीमा' प्रस्तुत हुँदा त त्यहाँको वातावरण एकछिनमै बदलियो, सबैले हात हल्लाई दिल खोलेर नाच्न अनि गाउन थालिहाले । ब्यान्डतिर र्‍यापमा द युनिटी, नेप्साइड्ज, म्याडजोन, ज्वाला, सम्राट् र विश्वले चर्चित गीतहरू सुनाएर अर्को तरंग थपे, चितवने ठिटाठिटीमा भने ज्वाला ब्याण्डले र्‍यापमा 'तिमी यसै लजायौ' गाउँदा जोडीहरूले वन्स मोर वन्स मोर भन्दै उनलाई हौस्याए । कार्यक्रममा प्रमुख अतिथिका रूपमा निम्त्याइएका चर्चित गायक नवीन के भट्टराईले गीत नगाए पनि सबैलाई हौस्याउन भने चुकेनन् ।

'समर ग्रान्ड डान्स पार्टी २००७' को नामबाट सुरु भएको यो कार्यक्रमबाट एक नयाँ अभियानको थालनी गरेका थिए कलाकारहरूले । नयाँ अभियानअन्तर्गत सिडी, भिसिडी अवैध रूपमा गरिने उत्पादन, बिक्री-वितरण (पाइरेसी) विरुद्ध जनचेतना जगाउन यी कलाकारहरू चितवन ओर्लिएका थिए । अवैध रूपमा सिडी, भिसिडी कपी गर्न रोक्न यो अभियानको थालनी गरिएको हो । त्रिशूल इभेन्ट्सको आयोजनामा गरिएको उक्त अभियान तीन दिनसम्म भरतपुरमा गोष्ठी, अन्तर्क्रिया, र्‍याली र अन्त्यमा तेस्रो दिन ग्रान्ड डान्स पार्टी आयोजना गरी सम्पन्न भएको थियो । सर्वसाधारणलाई यसबारे जानकारी दिन एक दिनअघि भएको बृहत् र्‍यालीको नेतृत्व गायक नवीन के भट्टराईले गरेका थिए । पाइरेसीविरुद्ध कलाकारहरूले प्रनिल एल. तिमिल्सिनाको अध्यक्षतामा 'फोरम अफ र्‍यापर्स कम्युनिटी एन्ड इन्भाइरोमेन्ट' (फोर्स) नामक एक सामाजिक संस्था पनि गठन गरेका छन् । संस्थामा नेपाल अधिराज्यभरिका र्‍यापरहरूको संलग्नता छ । संगीत उद्योगलाई बचाउन 'स्टप पाइरेसी, सेभ म्युजिक इन्डस्ट्रिज'को मूल नाराबाट संस्था गठन गरिएको आयोजक त्रिशूल इभेन्ट्सका डाइरेक्टर नीराजन भण्डारीले साप्ताहिकलाई बताए ।

**–प्रवीण दत्त**

# बुटवलमा फेसन सो



बुटवल- एक वर्षको अन्तरालपछि गत सोमबार बुटवलमा एउटा फेसन सो सम्पन्न भयो । स्कुल अफ आर्ट एन्ड फेसन टेक्नोलोजी (साफ्ट) को आयोजनामा स्थानीय कान्ति मा.वि.को प्राङ्गणमा आयोजित फेसन सोमा दुई दर्जनभन्दा बढी मोडलले विभिन्न ९ राउन्डमा झन्डै चार दर्जन डिजाइनरले तयार गरेका थरीथरीका पहिरन प्रदर्शन गरे । अमित सुवेदीले कोरियोग्राफी गरेको 'फेसन बजार-२००७' नामकरण गरिएको उक्त सोमा पार्टी वेयर, इभिनिङ गाउन, वन पिस, सेरवानी, क्याजुवल वेयर, स्ट्रिट वेयर, लेहेंगा, सुट, सलवार, क्रियटिभ तथा बुटिक राउन्ड प्रस्तुत भए ।

फेसन सोको बीचबीचमा नवीन के. भट्टराईको सांगीतिक प्रस्तुति तथा स्थानीय कलाकारको बेजोड नृत्यले दर्शकहरूलाई चर्को घाम बिर्साएर पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो । फेसन सोसँगै बुटिकहरूका स्टल पनि राखिएकाले दिनभर त्यहाँ किनमेल गर्ने फेसनपारखीहरूको भीड पनि हेर्न लायक थियो । बुटवलको एक मात्र फेसनसम्बन्धी प्रशिक्षण दिने संस्था साफ्टद्वारा आयोजित यो चौथो फेसन सो हो । साफ्टले प्रत्येक वर्ष फेसन सो गर्दै आएको छ ।

# भक्तपुर जुनियर ट्यालेन्ट

गत शनिबार भक्तपुरस्थित कमलविनायक चलचित्र मन्दिरमा बेग्लै चहलपहल देखिन्थ्यो । चलचित्र हेर्न घुइँचो लाग्ने उक्त चलचित्र भवनमा त्यस दिन भने उपस्थित दर्शकहरू चलचित्र नभएर बालबालिकासम्बन्धी प्रतियोगिता अवलोकन गर्न उपस्थित थिए । दिउँसो करिब साढे दुई बजेतिर भक्तपुर जुनियर ट्यालेन्ट प्रतियोगिताको चौथो संस्करणका सहभागीहरू आ-आफ्नो परिचयका साथ मञ्चमा प्रस्तुत भए । १४ जना बालक तथा २९ जना बालिकाको सहभागितामा सम्पन्न उक्त प्रतियोगिता अन्य बालबालिकासम्बन्धी कार्यक्रमभन्दा पृथक् नभए पनि सहभागीहरूको आत्मविश्वासले भरिपूर्ण प्रस्तुति भने प्रशंसनीय थियो ।

चाइल्ड स्पोर्ट प्रोग्रामको आयोजनामा सञ्चालित प्रतियोगितालाई परिचयात्मक, बेस्ट ड्रेस, तथा प्रश्नोत्तर चरणमा अघि बढाइएको थियो । निता माकजूको कोरियोग्राफी रहेको प्रतियोगितामा रुविशा सैंजू तथा आश्रय ताम्राकारले चौथो संस्करणको भक्तपुर जुनियर ट्यालेन्ट कन्टेस्टको विजेताको उपाधि जिते । मुख्य उपाधि विजेता आश्रयले मास्टर ट्यालेन्टको उपाधि पनि जितेका थिए । बालिकातर्फको ट्यालेन्ट उपाधि भने भावना थापाले जितिन् । फस्ट रनरअपतर्फ शीला घिसिङ र अजय ग्वाछा तथा सेकेन्ड रनरअपतर्फ सोनु त्वायना र रोशन मानन्धर उत्कृष्ट ठहरिए ।

बेस्ट ड्रेस उपाधिमा इम्ब्रोइडरी गरिएको शेरवानीमा ठाँटिएका ओजेश ताम्राकार र पखेटासहितको सेतो रंगको फेयरी शैलीको पहिरनमा प्रस्तुत भएकी तुजला जोन्छेले कब्जा जमाए । त्यसैगरी अन्य उपाधितर्फ वर्षा मानन्धर र श्रेयमान राजभण्डारी डिसिप्लिन, सोनु त्वायना र लबिज मानन्धर फ्रेन्डसिप, रसिका थापा र युसुफ कोइराला स्माइल, आर्या ताम्राकार र पुष्पा घिसिङ फोटोजेनिक उपाधितर्फ विजयी भएका थिए ।

# पोखरामा असारे डान्सपार्टी



पोखरा- झ्याम-झ्याम असारे झरी तै पनि झरी र गर्मीको कसलाई परवाह छ र ? धक फुकाएर कम्मर मर्काउन पाएपछि डान्सपारखीहरू मख्ख नहुने कुरै भएन । यस पटक पोखरामा सम्पन्न डान्सपार्टीमा युवायुवतीहरूको मस्ती बिल्कुलै भिन्न पाइयो । युवतीहरू छोटा पहिरनमा ठाँटिएका देखिन्थे भने युवाहरू पनि फेसनेबल परिहनमा देखिन्थे । पानीमा रुझ्दै-भिज्दै आएका मनोरञ्जन पारखीहरू डान्सपार्टीमा ठेलमठेल गर्दै थिए । दीप पोखरास्थित एप्पल क्याफेमा डान्सपार्टी सुरु हुनुअगावै भीड बाक्लिसकेको थियो ।

विद्युत् आपूर्तिमा पटक-पटक अवरोध आएका कारण तीन घन्टा ढिलो गरी राती ९ बजे मात्र डान्स पार्टीको वातावरण गर्माउन थाल्यो । बाहिर घनघोर असारे झरी परिरहेको यो पार्टीको शीर्षक नै असार डान्सपार्टी राखिएको थियो । रातको १२ बजेतिर डान्सपार्टीको गर्मागर्मीबीच बाहिर भने झगडा सुरु भयो । केही युवा खुकुरी हानाहान गर्न कस्सिए, बोतल हानाहान भयो । त्यसपछि भागदौड सुरु भयो । मदिराले मात्तिएकी एक युवतीमाथि पनि हातपात गरियो । ग्याङ फाइटले डान्सपार्टीमा खलबल मच्चियो । केहीलाई त बोतलले लागेर घाइते बनायो । तातो डान्सपार्टीमा यस किसिमको अराजकताका कारण सबै जना खल्लो मन लिँदै गर्दै बाहिरएका थिए ।

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल** ।